# शारदा

मासिक

वर्ष १ अङ्क १० / २०६४, कार्तिक




*शारदाका* ऐतिहासिक मौलिक पृष्ठहरू

प्रदीप *गिरिको* विशेष लेख

प्रवासबाट *गोपालबहादुर* नेपालीको संस्मरण

*विश्वसाहित्य* अनुवाद

दिवङ्गत स्रष्टाअन्तर्गत *गोमाको* संस्मरण

*गङ्गाप्रसाद* उप्रेतीको यात्रा निबन्ध

डा. खगेन्द्र लुइटेलको समसामयिक व्यङ्ग्य

परशु प्रधानको '*सीताहरू-२५*' माथि समीक्षा

साथमा कविता, कथा, लघुकथा, गीत-गजललगायत
स्थायी स्तम्भ *कैफियत*

१०


SPA
CASINO
GOLF
The Fulbari
RESORT & SPA
POKHARA • NEPAL
Destination Paradise
Tel No: 432451,431675, Fax No:431482, Email:resvpkr@fulbari.com.np Website: http://www.fulbari.com

वर्ष १, अङ्क १०
वि.सं. २०६४ कार्तिक

शारदा

*जि.प्र.का.का. द.नं. ५२/०६३*
*स्थापना दर्ता नं. ००१*
*प्रथम प्रकाशन मिति : वि.सं. १९९१ फागुन*



**संस्थापक सम्पादक/प्रकाशक**
सुब्बा ऋद्धिबहादुर मल्ल

**संस्थापक सदस्य**
सिद्धिबहादुर मल्ल

**प्रकाशक**
शान्तबहादुर मल्ल

**सल्लाहकार-मण्डल**
शिव रेग्मी
इन्द्र माली
मोहन दुवाल
उद्धव उपाध्याय
कोमल प्रकाश धिमिरे

**प्रधान सम्पादक**
नरेन्द्रबहादुर श्रेष्ठ

**कार्यकारी सम्पादक**
विमल भौकाजी




*साहित्य सुधा संचार गरी*
*जगजीवनमा अमरत्व भरी*
*प्राण प्राणमा स्फूर्ति दिलाई*
*बनन शारदा उरको माली*

# सम्पादकीय

वर्षको महान् चाडको समाप्तिसँगै अघिल्ला वर्षहरूमा झैँ जाडोको मौसमले क्रमशः प्रवेश गरिसकेको छ । भनिरहनै नपर्ला, भोकलाई मेट्न भोजनको आवश्यकता परेझैँ जाडोबाट जोगिनका लागि तातो-न्यानोको जरुरतलाई पनि यही जाडोले आफ्नै साथमा लिएर आएको छ ।

देशमा चुनावी चहलपहल बढिरहेको सन्दर्भमा त्यो जाडोको तापक्रम एउटा समयमा गहिरिएर सून्य डिग्रीमै झर्ला र प्राकृतिक नियमअनुरूप पुनः क्रमशः त्यो डिग्री फेरि उक्लनेछ । तथापि, यस पटकको जाडोले चुनावी चर्चा-परिचर्चाको कारण राजनीतिक वृत्तमा त्यति चिसो पैदा नगर्ला, भनौँ राजनीतिज्ञ वा राजनीतिककर्मी-कार्यकर्तालाई उतिसाऱ्हो जाडो महसुस नहोला । तर सामान्य नागरिक जो आधापेट मात्रै खाएर अर्काको काममा जान्छ वा आधापेट मात्र खाएर भोकै सुत्छ, जसले शरीर ढाक्ने कपडासम्म लाउन पाउँदैन - तिनका लागि भने स्थितिमा किञ्चित् फरक आउने छैन । अर्थात् जाडो उस्तै जाडो भएर रहनेछ । यस्तो किन पनि भन्न सकिन्छ भने चुनावी समयावधिभर खाना, नाना र छाना दिलाउने नारा बेस्कन लाग्नेछ । तर अन्ततः परिणाम भने सदाझैँ सून्य नै हात लाग्नेछ भन्ने तथ्य नेपालको राजनीतिक विगतलाई देख्ने-भोग्नेहरूको मनबाट हट्ने छैन ।

जबसम्म स्वयम् नागरिकहरूमा राजनीतिले ल्याएको यस्तो विसङ्गतिप्रति जागरण आउँदैन वा जबसम्म यस्तो विसङ्गतपूर्ण राजनीतिप्रति वितृष्णा जाग्ने कुनै उपाय स्वयम् नागरिकहरूद्वारा स्थापित हुँदैन तबसम्म भोक र गरिबीबाट मुक्त हुन सकिन्न ।

धन्यवाद !

कार्यकारी सम्पादक

प्रधान सम्पादक

**शारदा** मासिक
वर्ष १, अङ्क १०, वि.सं. २०६४ कार्तिक

**शारदा** मासिकको ठेगाना
पुतलीसडक, काठमाडौँ
फोन नं. ०१-२००३८४१
पो.ब.नं. १९११३
इमेल : sharadamasik@gmail.com

मूल्य रू. ५०/-
भारतमा भा. रू. ५०/-
विदेशमा $ २.००

**Sharada Masik**
A collection of Contemporary Nepali Literature

साजसज्जा : आनन्द राउत

मुद्रण
हिसी अफसेट प्रेस, जमल/ काठमाडौँ



*गलैँचा बुनिरहेकी महिला*

तैल चित्र - १४"×१६"
सिर्जना मिति सन् १९८२

आवरण चित्र:



स्व. रामानन्द जोशी
(सन् १९३८ - १९८८)



# विषयक्रम


१. शारदा *का ऐतिहासिक मौलिक पृष्ठहरू* ........ ५
२. कविता */वंशी श्रेष्ठ* ........ १३
३. विशेष लेख */प्रदीप गिरि* ........ १५
४. कथा */ज्ञानेन्द्र खतिवडा* ........ १९
५. कविता */रामविक्रम थापा* ........ २५
६. यात्रा निबन्ध */गङ्गाप्रसाद उप्रेती* ........ २७
७. कविता */मोहन दुवाल* ........ ३३
८. गजल */हरि 'रहम'* ........ ३४
९. कथा */दिनमान गुर्मछान 'दिगु'* ........ ३५
१०. कविता */भक्तराज न्यौपाने* ........ ३८
११. समालोचना */युवराज मैनाली* ........ ३९
१२. कविता */शशी लुमुम्बू* ........ ४२
१३. दिवङ्गत स्रष्टाको सिर्जना */गोमा* ........ ४३
१४. विश्वसाहित्य अनुवाद */रामबहादुर पहाडी* ........ ४७
१५. कविता */शर्मिला खड्का (दाहाल)* ........ ५१
१६. कविता */दामोदर पुडासैनी 'किशोर'* ........ ५२
१७. कथा */विनोद दीक्षित* ........ ५३
१८. सिर्जना-मञ्च */सुवास खनाल* ........ ५९
१९. कविता */श्रीरामसिंह बस्नेत* ........ ६०
२०. नियात्रा */भूपिन व्याकुल* ........ ६१
२१. कविता */विमला तुम्खेवा* ........ ६६
२२. सामयिकी */नृपेन्द्र पुरुष 'यादि'* ........ ६७
२३. गीत */रमेश दाहाल* ........ ७१
२४. व्यङ्ग्य */डा. खगेन्द्र लुइटेल* ........ ७३
२५. प्रवासबाट संस्मरण */गोपालबहादुर नेपाली* ........ ७६
२६. कविता */रामहरि बन्जारा* ........ ७८
२७. समीक्षा */ज्ञानु अधिकारी* ........ ७९
२८. गजल */निमेष निखिल* ........ ८४
२९. कथा */चन्द्रकला नेवार* ........ ८५
३०. लघुकथा */आर.आर. चौलागाई* ........ ८७
३१. पुस्तक चर्चा ........ ८८
३२. कैफियत */विमल भौकाजी* ........ ९२

# पत्र पत्रांश

श्रीमान् सम्पादकज्यू
*शारदा* मासिक,

*शारदा*को नियमित पाठकको नाताले २०६४ को असार अङ्क पनि हेरें । खुशी लाग्यो, राम्रो लाग्यो - प्रकाशित लेख रचनाका स्तरीयताप्रति । र अर्को खुशीको पक्ष भनेको *शारदा*का 'ती अङ्क'का अंशहरू वर्तमानमा प्रकाशन गरेर नयाँ पुस्ताका बीच एउटा उदाहरणको रूपमा प्रस्तुत गर्नु पनि हो । साँच्चै, यसले पहिलेका 'ती अङ्क'हरूको पुनर्ताजकी, यसो भनौं नयाँ पुस्ता जो हामी छौं - लाई परिचयात्मक रूपमा र पाका पुस्तालाई पुनः स्मृतिका रूपमा प्रस्तुत गरेको छ । यो वास्तवमै प्रशंसनीय छ ।

अर्कोतिर *शारदा* बजारमा निकै समय लगाएर आउँछ - जुन साह्रै दुःखको कुरा हो । पत्रिका यथासक्य समयमै बिनाविलम्ब बजारमा आओस्, कामना छ ।

त्यस्तै, *शारदा*ले नयाँ पुस्तालाई पटक्कै समावेस गरेन । वा भनौं युवा पुस्तालाई पत्याएन कि कसो ? अझ भनौं मोसफलतिर नतन्किएर, मात्र सहरमुखी भयो कि जस्तो लाग्यो । आशा छ, सबैलाई समदर्शी भएर न्यायको तराजुमा राख्ने प्रयास *शारदा*ले अबको दिनमा गर्नेछ ।

मलाई लाग्छ, यसका अधिक पाठकका रूपमा वर्तमानमा आसलाग्दा स्रष्टाहरू नै छन् जो यी यस्ता प्रत्रिकामा आफ्ना रचना पनि प्रकाशित होस् भन्ने चाहन्छन् । आपसी सहयात्रा गरेर साहित्यिक अभियान अघि बढाऊँ भन्ने चाहन्छन् । यसर्थ सबैलाई प्राथमिकता दिएमा *शारदा*को आगामी दिन अझ सुनिश्चित होला कि ?

*- श्रेष्ठ समनश्री*
*बगनाहा, बर्दिया*




२०६४-दिपावलीको
अवसरमा
सम्पूर्ण साहित्यकर्मी
एवम् पाठकहरूलाई
शुभकामनाका सुवासित
फूलहरू चढाउँछौं ।
- शारदा परिवार

# शारदा का ऐतिहासिक मौलिक पृष्ठहरू

वर्ष ३-४, संवत् १९९४, कार्तिक-चैत्र, सङ्ख्या ९-२ बाट साभार *कविता*



## शरद्—चन्द्र

( लेखक-श्रीभिमनिधि तिवारी )

सखे ! उदायौ ? म अति प्रसन्न छु;
तिमी र हामीबिच प्रेमको लता
यही तरीकासँग खुब फैलियोस्
फुलोस् हजारौं थरी, फूल सर्वदा।
॥ १ ॥

सखे ! तिमीका प्रिय मित्र चार छन्-
' समुद्र ' भो एक। ' चकोर ' भो दुइ।
तथैव तेश्रो हँसिलो ' कुमुद ' हो ।
घनिष्ट चारौं दिल-दोस्त ता म हुँ ।
॥ २ ॥

सखे ! म हुन्थें दिन रात व्याकुल
नपाइ वर्षा ऋतुसम्म दर्शन ।
झलक आयौ अब छोड्दथें कहाँ ?
गरेर आलिङ्गन लिन्छु चुम्बन ।
( ३ )

सखे ! सधैं, मानिस भन्दछन् यही:-
" छ, दाग कालो बिचमा कलंक हो "
परन्तु मेरो हलुका बिचारमा
अवश्य त्यो अमृत-प्रेम-चिन्ह हो ।
[ ४ ]

सखे ! तिमीले रविबाट उष्णता
लिएर, अत्यन्त गराइ शीतल
तुरुन्त पृथ्वी भरमा छरि दियौ
तिमी सरी को छ उदार, विश्वमा ?
[ ५ ]

सखे ! सबै मानव जाति, एक भै,
परोपकारी यदि भै दिए भने
प्रचार बढ्थ्यो किन वैमनस्यको ?
समस्त भू-मण्डल स्वर्ग बन्दथ्यो ।
[ ६ ]

अहो !! घडी, एक पनी ब्रजेछ लौ
भएछ सारा चकमन्न चौदिशा
झपक, निद्रा दुइ नैन छोप्दछिन
सखे ! नमस्कार ! बिदा भएँ। गएँ
[ ७ ]

अप्रकाशित कविता–नन्दनबाट

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



# ठुटो चुरोट

[ अनुवादक-रामबहादुर प्रधान वीरगंज ]

हिलोमा कमल फुल्छ । हिरण्यकश्यपुको प्रल्हाद जस्तो भक्त पुत्र जन्म्यो । त्यसैले को भन्न सक्छ—ठाँउ तथा पिता माता अनुसार मात्र त्यसको सन्तान हुन्छ, भनेर । प्रभा वेश्या पुत्री हुन, तर तिनको विशाल त्यागी हृदय कुनै कुलनारीको मनहर कथा छे।। लेखकले यसको बडो सुन्दर ढङ्गले वर्णन गरेका छन् ।

—सम्पादक

गर्मिको दिन, लगातार आठ-नौ घण्टा रेलमा बस्दा चित्त आकुल व्याकुल भै रहेको थियो। मन अब आउने स्टेशन डिल्ली नै होस् भन्थ्यो, तर आगरा पनि पुगेको थिएन। लाचार, मन मानैं पर्थ्यो। डब्बामा मानिसको भीड पनि थिएन। मेरो अर्को पट्टि चार मोटा गुजरातीहरु वसिरहेका थिए, जो आफ्नो वाक्य धारालाइ पूर्ण वेगले दौडिरहेको डाँक गाडि भंदा पनि अघि लाउन चाहन्थे, औ अर्कापट्टिको सिटमा एक देहाती काखमा यौटा हुक्का च्यापी चूपचाप मौन साधिरहेका थिए।

'काजी, सलाई छकि ?' देहातीले सुस्तरी भन्यो। म सुती सुती अखबारको पत्र उल्टाई रहेको थिएँ। उठी बसें। सीटमा राखेको कोटबाट सिगारेट केस र सलाई झिकी एउटा चुरोट सल्काई सलाइ चाहिं सिटमा राखि दिएँ, उसले अनुगृहित साथ सलाई उठाइ हुक्कामा दम लगायो।

सहसा गाडि आगरा कैन्टको जंकशनमा आई रुक्यो। दिनको चार बजी सकेको थियो, तर अझ गर्मि कम भएको थिएन। हात मुख धोई एक ग्लास बरफ खानको इच्छा थियो। डब्बा खालि भो। गुजराती महाशय गाडि थामिने वित्तिकै उत्रे। देहाति पनि आफ्नु हुक्का सह्मालदै उत्रो। मेरो सलाईको डिब्बा पनि नदिई लिई हिंडेछ।

"यो डब्बा खालि रहेछ। यसमा सामान राख," भन्दै सहसा असल कपडा लाएकी तिनौटी स्वास्नि-मानिस मेरो डब्बामा चढे जसमा यौटी अधवैंसे दुइटी लगभग सोह्र अठार वर्षकि थिई। उनीहरुले गुजरातिहरु बसेको सिटमा आसन जमाई। औ मेरो सामनेको सीटमा जहाँ देहाती वसेको थियो, त्यहाँ अधवैंसे चाहिं बसो।

" बाइजी ! यत्तिको सामान, यो आठ आना ? "

वर्ष ३, संवत् १९९४, श्रावण - सङ्ख्या ६ बाट साभार *निबन्ध*



"के आठ आना कम हुंदोरहेछ ?"

"होइन, बाइजी, तै पनि........"

"अनि के ? लिने भए ल्यौ, आठ आना भंदा बढ्ता दिने छैन। किन काजी ! आठ आना के कम भो ?" अधवैंसे स्त्रीले मलाइ हेरी भन्यो।

अब म कसरी चूपलागी बस्न सक्थें। कूलीलाई भनें। "ल्यो ल्यौ, कम छैन।"

"होइन काजी कम भो।"

"भैगो ल्यौ दश आना।" भन्दै दुइ आना, मैले आफ्ना तर्फबाट कूलीलाइ दिए।

"हे काजी। यो के ?" यौटी युवतीले मेरो हात समात्दै भनी। पैसा कूलीको हातमा पुगिसकेको थियो। औ मेरो शरीरमा एक विद्युत् धारा दौडी हाल्यो, एक मधुर मुसक्यानको साथ उनको गुलावी गाला अरुण भएको देखें।

"केही हरजा छैन" भंदै मैले कूलीलाइ जान इशारा गरें। कूली हिंड्यो। औ देखें एक विषादको झलका उनको अनुहारमा झल्की रहेको।

"काजी, ई कूली बडो बदमाश हुंदा रहेछन्।" अधवैंसे स्त्रीले भनी।

मैले कपाल कन्याउदै "हो" भनी अखवार उल्टाउनलागें।

गाडिले आगरा स्टेशन छाडिसकेको थियो। इनीहरुको कारण कुरै कुरामा न बरफको रलासै लिन सकें औ न केही पेट पूजाको सामान। विचार गरें बेगबाट केही फल झिकी खाऊँ। बेग खोली फलमाथि राखेको मासिक पत्र सीटमा राखी केही केरा र सुन्तला झिकें। सिटमाथि राखेको मासिक पत्र बेग भित्र राख्न हेर्दा, त्यसको पहिले नै त्यो त्यस युवतीको हातमा परी सकेको रहेछ।

मलाइ पत्र खोजी रहेको देखी मतिर हेरी भनीन्। "माफ गर्नोस्।"

"हँ, हँ, पढ्नोस्।" फल झिकी सकेको अब खानको विलम्ब थियो। त्यसबाट केही फल तिनलाइ दिंदै भने! "लौ! यो खानोस्।"

"नाइँ, नाइँ, काजि तपाञि नै खानोस्।" वृद्धाले हाँस्दै भनी।

मैले फेरि आग्रह गरी दिएँ। अब मेरो अनुरोध टाल्न शक्तिनन। म आफ्नो केराको बोक्रा छोडाई झ्यालबाट फाल्ने भएको दुर्भाग्यवश झ्यालमा टकर लागी केसरको बोक्रा अधवैंसैको काखमा पर्‍यो।

"क्षमा गर्नोस्।"

"हँ, हँ, केही भएको छैन काजी।" वृद्धाले भनी।

अब के ? मानो हँसिको ढोका खुल्यो, सब हाँसे।

"काजी। तपाइँ कहाँ जानु हुन्छ।" वृद्धाले एक अनोख किसिमको स्वांग गरीं सोधीन्।

"दिल्ली" औ मैले पनि सोधें। "तपाञि ?"

"म पनि दिल्लीनै जान लागेकि छु।" वृद्धाले भनीन्।

चाल चलनले इनीहरु बेश्या हुन् क्यारे भने जस्तो लाग्यो, तैपनि सोध्नै उचित सम्झे।

"डिल्लीमा तपाइँ कहाँ के गर्नु हुन्छ ?"

"मलाई दिल्लीमा कसले जांदैनन ? चावडि बजारमा जानकीको नामले प्रसिद्ध छु।"

"ज्यू। म पनि दिल्लीको हिन्दु कालेजमा पढ्छु।

"तब त बेस भएछ। दर्शन दिनु होला। मेरो छोरी पनि अंग्रेजी जान्दछे।"

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



" कहांसम्म पढेकि छन् ? "

" गएको वर्ष मैट्रिकमा बसेकी थी , तर हिसा- फेल भई । "

" के त एक वर्ष अरू सहि । "

" नाइं काजी। यसमा के राखेको छ। के कसैको री गर्नु छ र ? तपाञिहरुका निमित्त , इनलाइ वहुत सिकाउनु थियो, तर अब त पढ्न सि- अरु केही देख्दिनन्-चार पैसा कमाउने स्था की भै सकी , तर अझ सम्म केही ा गर्दिनन् । "

युवती , शायद आफ्नो हृदयको वेग रोक्न न । गर्दन फुलाई वोली। " आमै मलाई यो काम ो लाग्दैन । "

" हेर्नोस् काजी।" वृद्धाले भनी।

आफुले आफुलाइ भुलें । मनमा आयोकि पवित्र वेश्या पुत्रीको मुक्त कंठले प्रशंसा गरूँ, तु समयानुसार चूप लाग्नमा नै श्रेय देखें । मलाइ चूपलागेको देखी वृद्धा पुनः आफ्नो कुरामा दिंदै बोली ।

" काजी , तपाञिनै भन्नोस् । यदि चार पैसा ाउंदिन भने कसको घर बसाई के खाली ?" मैले । "चाँड़ो नगर्नोस् केही दिनमा स्ययं सम्झन्छे।

" के सम्झन्छे यसलाइ पढाई लेखाई , मानो माना खाने बाटो पनि आफ्नो हातबाट गवाएं- । रात दिन किस्सा कहानी कविता रच्छे । भन्यो बाद विवाद गर्छे , न मालुम कहां कहांका बारवालाहरुसंग लेखा पढ़ी गर्छन् । सधैं पिउनका मारे हैरान भएं ।

मैले युवती संग सोधें। के तपाञि कविता पनि रच्नु हुन्छ ? ! "

" ज्यु । "

" तपाञिको शुभ नाम।"

" बिद्यापती , प्रभा । "

" है। तपाञि ता हिन्दीको उदीयमान लेखिका हुनु हुंदो रहीछ । अहोभाग्य , तपाञिको दर्शन पाएं । "

मेरो कुराले त्यस युवती धुरुधुरु रोई । आमा क्रोधले बोली। " क्याबात। वहिरे स्वाङ्ग अरु पनि त छोरी छन् एक तैं छस् र ! मेरो यो पनि त छोरी हो नी ( अर्को चाहीं छोरीलाई देखाई ) । "

" हो आमै " तिनले रुँदै भनी ।

मैले अब खप्न सकिन , शान्त्वना दिंदै भनें । ' तिमी यस्तिको पढे लेखेकी भै यसरी आत्तिदो रहिछौ।

" किन नआत्तिनु काजी , कसको बल छ र ? "

मैले भनें " तिमी खुद आफ्नै बलमा। "

" मेरो बल त खोसिशकेका छन् । "

" फिर्ता लिन सक्छौ । "

" कसरी ? "

" कुनै उपयुक्त वर पाई........... "

" तैयार छु। तर को पाऊँ ?........... "

" को शब्द कसरी भंछौ........... "

त्यसले हातमा लिई राखेको मासिक पत्रको पृष्ट उल्टाइन् । सामने पृष्ठमा मेरो चित्र औ समाजमा वेश्याको स्थिति नामको लेख थियो । उसको मोती सरीको आँसु झरझर खसी मेरो चित्रमा पर्न थाल्यो। मनमनै समाजको प्रथालाइ लातले हानी तोडी दिनको साहस लिई आफ्नो हृदय एक वेश्या पुत्रीलाई अर्पण गर्न मा तैयार भएं ।

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



तिनले गह भरी आंसु झिकी मलाई औ मेरो मासिक पत्रमा भएको चित्रलाइ हेरी - मैले सुस्तरी भनें ।
" म सदैव तिम्रो हुनेछु - न आत्तिनु । "

वृद्धा गरदन फुलाई सब कुरा सुनी रहेकी थिईं । अब धेरै सुन्न शकिनन् सक्रोध बोली । " काजी ' तपाञि पनि त्यसलाइ भड्काउन हुंदो रहेछ ।

मैले बल पुर्वक भनें । " होइन । "

सहसा तिनको अर्को चाहीं छोरी जो अहिले सम्म टोली रहेकी थिईं , बोली " आमै इनी दिदीसंग व्याहा गर्न भन्दा रहेछन् । "

' के । व्याह गर्ने ? " बुढिया रिसले आगो भै भनी ।

मैले भनें " —बौलाईछौ क्यारे । तिम्रै छोरीलाई संझाई रहेको त हूँनी ।

" भो । त्यो आफै संझन्छे । तपाञिले न सम्झाउनोस् ।

गाड़ि न्यू दिल्लीला आइ अड्यो । मथुरा आदि कुरै कुरामा निस्केछ ।

न उठी आफ्नो वक्षान सह्माली एक चुरोट सल्काई फेरि यही समस्या हल गर्नमा अल्झें । नेत्र बार बार उनको मुख श्रीको माधुर्य्यता पान गर्न चाहन्थ्यो । तर त्यस बुढियाको काल दृष्टि हामी दुइमा विचित्र किसिमले परी रहेको थियो । उनी उठी औ मासिक पत्र सीटमा राखी केही कारणवश सन्डालमा-( गाड़िमा हुने पैखाना ) पसिन् । गाडि न्यू देहली जंक्शनमा आइ अड्यो । 'कूली ! कूली ! कूली ! '

तिन चार कूली ड़िब्बामा चढे । मैंले चुरोट सीटमा राखी सीट तलको सूटकेश निकाली " काँचको सामान होशियारी गर्नु " भनी कूलीलाइ भनें ।

" उत्र । " वडो उतावलोको साथ बुढियाले भनी युवती मेरो वगलबाट निस्की , औ सुस्तरी का कागज मेरो जेबमा राखी दिईं ।

जादा सुस्तरी " चाँडो दर्शन दिनु होला भनीन् । निर्निमेष नेत्रने परस्पर हेर्दा एक विछोडको ताण्ड हामीहरुको विच नाची रहेको देख्यौं ।

दिल इनीहरुको पछि पछि नै जान चाहन्थ्यो । बुढियाको शंका धेरै बढाउन मुनासिव नहुंदा प क्षण मै हामी स्टेशनको अपार भीड़मा विलीन भ ताांगामा बसी मैले त्यो पत्रलाई पढें । पत्र पेन्सी ले हडवडिमा लेखिएको हुँदा स्पष्ट थिएन , तैप दिलमा गडी सकेको थियो । मन मनै भनें त्यस उद्धार गर्ने छु । तांगा होटलमा पुग्यो , म अ शिघ्र वलैं ।

( २ )

कालेज खुली सकेको थियो । पढाइ अझ ठी तरहबाट शुरू भै सकेको थिएन । पढाइको सट्टा ज्यादातर सिनेमा नै हेर्दथें ।

कवि , हृदय लिई जो यो संसारमा आएको छ त्यो प्रायः रसिकता , बुद्धिमता , करुणा इत्यादि वैको अलि अलि रस लिई अ.उदा रहेछन ।

कवि , हर्षर आनंद तरंगको हदलाइ पा गरी जाँदो रहेछ । दुःखको अवस्था अथाह समुद्र प्रेममा विह्वल , औ मिलनको उमंगमा , कल्पना घोडा चढी कविताको सुंदर वनमा डौडि जाँ रहेछ । स्वयं आफ्नो ज्ञानलुप्त हुने हाल कवि हुं मलाइ भो । अब रात दिन " प्रभा , " लाइ मात्र हेर्न इच्छाले प्रवल वेग धारण गर्‍यो । लेख पढ़ सिने

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



हेर्न र टेनिस् खेल्नु सबै अब बिलकुल प्रभाहीन संझन्थें ।

प्र॰ाको पत्रनै कोर्सको किताप थियो । होटल खालि थियो । सब विद्यार्थी खेल्न गएका थिए । म एकलै प्रभाको पत्र पढ़ी रहेको थिएं ।

मेलट्रेन्

प्रियदेव ,

कुन आदेश गरी तपाञीलाइ पत्र लेखुं ?

तपाञी मनुष्य रूपी देवता हुनु हुन्छ। तसर्थ देव शब्द नै उपयुत्क संझें ।

तपाञिले मेरो हालत देखी हाल्नु भो। मेरो जीवन कहाँ सम्मको संकटमय छ ? औ धर्म कत्ति आपत्तिमा। तपाञी सहृदय देवता हुनु हुन्छ भन्ने , तपाञीको कथनबाट जानि सकेकोछु । भन्नु भो " सधैं तिम्रो हुनेछु " मलाइ पनि विश्वास छ,म पनि सधैं चरण दासी हुन सकुंला। प्यारे। मलाइ न भुल्नु ; अति शिघ्र उद्धार गर्नु । समाजबाट भय न खानु औ-वेश्या-पुत्रीलाई वेश्या नै न सम्झनु । मलाइ पुर्ण आशा छ , तपाञीबाट जीवनदान पाउनेछु। मेरो तपाञिमा अटल विश्वास छ चाँडो दर्शन दिनु होला ।

तपाञीको अभागिनी

" प्रभा "।

मन , प्रभासंग मिल्न उतावलो भयो । चाँडै कोठा बंद् गरी चावडि बजार तर्फ हिंडे । कोसंग सोधूं ; के गरूँ; यै प्रश्न सामने थियो। कसैसँग सोधूं , असभ्यता , मानो लाजलाइ बिच बजारमा बेच्नु थियो। यही सम्झी असुविध मन,सान्है ग्लानी हुन्थ्यो। यद्यपि , पत्रिकाहरुमा बराबर उनको कविताहरु प्रकाशित हुन्थ्यो । उसै द्वारा सब कुरा लेखी पठाउने मुरोद पनि गरें । तर संपादकको हृदय , किन यस्तो दयावान हुन्थ्यो। लाज पचाई धेरै कोठाहरूमा गई हेरें । कहीं पाइन । वेश्यालयबाट पैसा ता बचाई ल्याएं , तर गालिबाट कहां बच्न पाउथें ।

लाचार मन मारी धैर्य्य खोजेको , त्यो पनि पाउन शकिन । हैंरान भई साँझको पख यौटा निरंजन ठाँउमा भएको ठूलो ढुंगामा बसी आफ्नो भावी जीवनमा विचार गर्न लागें । मनमा बारबार यही प्रश्न उट्दथ्यो , के प्रभा पाउन सकुंला ? अवश्य । आखिर वेश्या पुत्री नै त हो नी । फेरि विचार आयो ;- वेश्या पुत्री हुंदा ता पाउन गाह्रो हुंछ । आखिर , ममाथि प्रेम गर्दी रहीछ । अवश्य पाउने छु । जसमा जसको सत्य स्नेह रहंछ , त्यो चिज उसले अवश्य पाउँदछ ।

( ३ )

आधा रातको बखत हुँदो हो , म आफ्नो होटलको कोठामा बसी निन्द्रा देवीको आह्वान गरी रहेको थिएं । रातको २ बजे सम्म पनि सुत्न शकिन । निंदाउन शकुंला भन्ने विचारले किताब हेरें स्वीज् दबाउना साथ बिजुलीको विद्युत् प्रकाशले कोठा चम्कन थाल्यो । प्रभाको वियोगमा दीर्घ निःस्वास छोडी ओछ्यानबाट उठें । कुनै कागजमा टेकेछु , पछिल्तिर फर्की हेर्दा यौटा खाम रहेछ। उठाई च्याती पढें । बुद्धि लुप्त भो ।

वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



पत्र प्रभाको रहेछ त्यसमा लेखिएको थियो ।

दिल्ली

पुज्य हृदयदेव ,

म तपाञीको प्रतीक्षा गरी रहेकीछु । तर तपाञो आउनु भएन । आमाले अत्र यौटा डरलाग्दो घर लिनु भएको छ । यहां पाप सिवाय अरु केही देखिन । म यो वृत्तिलाइ अति घृणा गर्छु । देव , के मेरो उद्धार गर्दैनौ ? मन , कहीं भाग्न चाहन्छ , तर मौका छैन एक कैदि सरी जीवन बिताइ तपाञाको निमित्त रात दिन रोई रहीछु । आहिले सम्म बडो मुश्कीलले जिन्-तिन् धर्म रक्षा गरेकीछु । अब चाँडै उद्धार गर्नु हओस् , अन्यथा म कहाँसम्म के गर्न सक्थें । आखिर अबलै त हूँनी । पत्र बडो सावधानीको साथ सेवामा पठाई रहीछु । मेरो घरको नंबर ३२० हो ।

चरणको दासी

" प्रभा "

एकदम उन्मत्त सरी उठी प्रभाको उद्धार गर्न हिडें । बाहिर निस्कें , निशादेवीले भयानकताको रूप धारण गरी एक नास साँय साँय गरि रहेकी थी । होटलको परखालमाथि बिच बाटोमा पुगें । जुम्मा मस्जीदको बाटो गरी चावड़ि बजारमा पुग्दा फेरि अघि जस्तै किंकर्तव्यविमूढ़ भएं ।

यहाँ पनि निशादेवीको निस्तब्ध शासन थियो । नाडी घड़ीमा ३ बजी रहेछ । प्रतिज्ञा पालन गर्न कम्मर कसें , तर कसरि कसैको उद्धार गर्न शक्थ्यें । उपाय केही देखिन । ३२० नंबरको घरमो बाहीर ताला लाइ राखेको पाएं । लाचार पछिल्तिर पाउ फिर्यो ।

रात्रीको पछिल्लो प्रहर वायुदेव शीतल मलय समीरको साथ जननीले शिशुलाइ सुती रहेका प्राणीलाई थप थपाइ रहेको झैं थियो । सारा शहर तन्द्रामा तल्लीन थिए ।

चित्तमा शान्ति भएन जमुनाको तिरमा घुम्ने विचार गरि रेल्वे पूलनिर पुगें । पूल तल जलको विमल धारा ढुंगामा ठक्कर लागी अत्यन्त मधुर अस्फुट ध्वनिको साथसाथै बही रहेको थियो । पूल देखि अलि पर पुगे पछि जसै म चार पाइला अघि बढें , जमुनाको विमल जलमा कुनै गन्हुं वस्तु खसेको आवाज सुनें । फूर्तिसंग गई हेर्दा एक स्त्रीको शरीर पानीमा गोता खाई रहेको थियो । हिम्मतले कपड़ा फुकाली झट्ट जमुनामा कुदें कुदना साथ मेरो हात त्यसको शरीरमा पर्‍यो , कुनै प्रकारले बाहिर ल्याएँ । एकदम बेहोस थियो । नजिकै बिजुलिको खम्बा थियो । प्रकाशमा हेर्दा " प्रभा "। मेरो शिर घुमन लाग्यो , औ भाव बारवार , म संग द्वन्द गरी रहेको थियो , साथै प्रभाको यो दशामा दुःख पनि लाग्यो , औ परमेश्वरको विधानमा विषाद एवं उसको रक्षामा आनन्द । कति प्रयत्न द्वारा होसमा ल्याउने उद्योग गरें । एक क्षण पछि होसमा आई , आँखा पनि खोली , ज्यादा पानी खान न पाएको हुंदा बाँची । मैले ईश्वरलाइ कोटीस धन्यवाद चढ़ाएँ ।

" प्रभा , मिजाज कस्तो छ । "

" के तिमी यहाँ पनि आयौ ? "

(*शारदा* का ऐतिहासिक मौलिक पृष्ठहरूका सौजन्यः *शिव रेग्मी*)

## वर्ष ३, संवत् १९९४, वैशाख - सङ्ख्या ३ बाट साभार *कथा*



" अँ । "

" वडो निष्ठुर रहेछौ । "

" होइन प्रभा । "

मेरो हात समाई " अवत मलाइ छाड्दैनौ के ?" रुँदै भनी ।

" होइन , प्रभा अव तिमी मेरो भयौ । तिमीले यो के गरी रहेकी ? "

" प्यारे लाचार थिएं । विवश भएँ । यही एक मात्र शान्ति पाउने उपाय थियो । तपाञीलाई पत्र लेखें । तपाञीले कुनै उपाय गर्न सक्नु भएन । राती एक सेठको साथ आमाले मलाइ विवश गरे । सेठले आमैलाइ ५०० दिएको थियो । कुनै हालत-ले पिण्ड छुटाउन सकिन , धर्म वचाउन साह्रै मुश्कील परेको हुंदा त्यस सेठलाइ वडो प्रेम पूर्वक मदिरा खुवाएँ । नशामा वेहोश पारी चुपचाप घरमा तालालाइ तपाञीको होटल तर्फ गएं वहाँ कोही पाउन सकिन । तिलक गल्लिको कुनामा हलुवाइ दोकान वंद गरी रहेको थियो । उसंग तपाञीको ठेगाना सोधें । उसले भन्यो:— उनलाई खूव चिन्दछु । तर आठ दश दिनदेखि यहाँ छैनन् कहीं अंत गएका छन्की , शाहेद पढ्न छाड्यो की ।

त्यसलाइ आफ्नु हालत भंदा , त्यो नराधमले , लोलुपता पूर्ण शब्दले मसंग वस भनी भन्यो । लाचार भई समाजले मलाइ इशारा दिएको यही वाटो लागें । वहावाट भागी यो जमुनाको विमल जलमा डुवी तपाञी संग भेट्न आइ पुगें ।

यति भनी झट्ट मेरो शरीरमा लिप्टी । मैले सिगारेट् केसवाट एक चुरोट झिकी सल्काएं ।

× × × × × ×

उनले आफ्नु गीलो धोतिको छेउ खोली एक चीज निकाली औ मेरा हातमा राखी दिई । हेर्दा त्यो भिजेको एक ठुटो चुरोट रहेछ । सोधें । " यसको रहस्य ? "

" तपाञी संगको प्यार, यो तपाञीको चुरोट हो । जुन वखत तपाञी देहली स्टेशनमा उत्रन लाग्नु भएको थियो ; यसलाइ ननिभ्दै-सिटमा राखी आउनु भएको जव म सव भंदा पछि उत्रें , साथै उटाई ल्याए की थिएं ।

" किन । "

" तपाञी संगको प्यार-तपाञीको चिह्नो । "

"मेरो चिह्नो फेरि मेरो हातमा किन ? प्रभा तिमी वडो विचित्र रहिछौ । "

" प्यारे किन को-अव त म , तपाञीकै हूँ । यदि मलाइ तपाञीले न वचाएको भए, यही तपाञाको चिह्नो साथ म , आफ्नो जीवन लीला समाप्त गरी सकेकी हुन्थें । "

" देवी धन्य हौ । "

कविता

# अन्तरिम कविता लाक्षागृहबाट





वंशी श्रेष्ठ

हामी,
अर्थात् यस देशका नागरिकहरू
किनारका साक्षी भइरहेछौं-
एउटा लाक्षागृह निर्माणको,
वादी र प्रतिवादीबीचको
द्वन्द्व र भीडन्त गर्नेहरूको;
समयको कालान्तरमा
चरित्रहरूको कालाकल्पमा
समय-समयका शकुनीहरू जन्मन्छन्
विदुरहरू पनि रूप र जन्म फेरेर आउँछन्
आफ्नै समयको साक्षी भई बस्छन् ।

यो लाक्षागृह,
महत्वाकाङ्क्षी निर्मित लाक्षागृह,
नायक-खलनायकबीच विवाद चर्कन्छ
अहम् र मातको अन्धतामा
शब्द-वाणहरू वर्षन्छ,
वाक-विस्फोट चर्कन्छ,
इतिहासको यस लाक्षागृहमा
मर्लान् इतिहासका हन्तकारहरू
हीराले हीरालाई काटेसरि
शस्त्रधारी स्वयम्लाई शस्त्रले मार्लान्
शक्ति विक्षेप र अहम्-भ्रममा
पक्ष-विपक्ष दुवै तर नाङ्गिइन्छन्
किनारका साक्षीहरूसमक्ष ।

निश्चित छैन यहाँ
यो लाक्षागृहमा आगो को सल्काउँछ ?
भित्रबाट अग्नि-दाह प्रारम्भ हुन्छ
अथवा आगो सल्कन्छ बाहिरबाट;
अहङ्कार महत्वाकाङ्क्षाको नसामा

सम्भव छ - एक पक्ष आगो बाल्नमा व्यस्त बन्नेछन्
वारुद पक्ष विस्फोट गर्नमा अन्ध बन्नेछन् ।

तर अस्त्र-शस्त्रविहीन
शब्द र वाक्यनिर्मित यो कविता
बाहिर निर्बल तर अक्षर शक्तिवाला
निशस्त्र तर शब्द-ब्रह्मज्ञाता
लाक्षागृहको अग्नि-दहनका द्रष्टा
सुरङ्गबाट निस्केर सडक किनारमा उभिएर
लाक्षागृह अग्नि-काण्डका साक्षी बन्नेछ
भोलिका दिनहरूमा उज्वल प्रकाश छर्न ।

यस राष्ट्रको लाक्षागृहको इतिहास पनि
कालान्तरमा पुराण-कथाको एउटा लाक्षागृह बन्नेछ ।

# एक नारी ह्विल चेयरमा

एकजना नारी, श्रद्धामयी नारी,
तर पछि ऐतिहासिक हुने घटना
रातमा भएको अपहरणमा परेर
अपहरणकी सीता, वनवासकी कुन्तीसरि
व्यथाको निदान खोज्दै
ह्विल चेयरमा घुम्दैछिन् ।

विद्युतीय धराप-विस्फोटनका साक्षी
आफ्नै सन्तानका रगतका द्रष्टा
सन्तानका राग-द्वेषले पीडित
सबला तर मलिन-मन लिएर
अहिले तर व्यथा पूर्ण अवस्थामा
उपचार खोज्दै, स्थिति सुधारको लागि
महँगो नर्सिङ्ग-होमका वरण्डाहरूमा
अस्पतालका लिफ्टहरू चढ्दै-ओर्लदै
रोगको निरूपण र उपचारको खोजीमा
अहिले भग्न-हृदयकी नारी, ममतामयी नारी !
घुम्दैछिन् ह्विल चेयरमा ।


यी मातृमयी तर रुग्न-मनकी नारी
सौन्दर्यमयी सगरमाथाले परिचित
फेवा र राराझैं निर्मल-निश्छल
जीवनदायी कोशी-कर्णालीजस्तो
मेची-महाकालीले सुरक्षित नारी
अहिले तर यी वर्षहरूमा
ह्विल चेयरमा घुम्दैछिन् ।

यी मातृ-मनकी नारी, करुणामयी नारी
सन्तानका आवश्यकता पूर्ति गर्न सक्लान्
तर पूर्ति गर्न सक्तिनन् सन्तानका लोभ,
अभिमानीहरूका महत्वाकाङ्क्षा,
हन्तकालीहरूका द्वेषपूर्ण राग
अनि हन्तकारहरूका तृष्णा ।

नन्दन-वनको फूलझैं आकर्षित नारी
बुद्धका आँखामा पनि नबिभ्ने,
कामधेनुसरि, संजीवनीसरह जीवनदायी
हिमनदी जसरी स्वच्छ
कमलझैं कोमल करुणादेवी
सन्तानको कल्याण-कामना गर्दै
आफ्नै दैहिक स्थिति सपार्न,
तर अहिले उज्वल भविष्यको इच्छा लिएर
जन जनकी जननी - जन्मभूमिश्च
इतिहासको सङ्कटपूर्ण अवस्था
घुम्दैछिन् - ह्विल चेयरमा ।

*२०६४ जेष्ठ, धुलिखेल*

# साहित्य, विद्रोह र परम्परा



प्रदीप गिरि

प्रत्येक समाजमा कला र साहित्यको रचना प्रक्रिया, रसास्वादन र उपयोगिताको विषयमा केही मान्यता प्रचलित रहेका हुन्छन् । यस्ता मान्यताहरूले कला र साहित्यका निश्चित परम्पराको प्रतिनिधित्व गर्दछन् । परम्परा एक समयपछि रुढीवादमा परिणत हुन पनि सक्दछ । त्यस्ता बेलामा त्यस्तो परम्पराभित्र नअटाउने स्वर र प्रवृति विद्रोहमा दरिन थाल्दछ । भन्ने नै हो भने विद्रोहको पनि आफ्नै परम्परा छ । विद्रोह पनि सूक्ष्म अर्थमा हेर्दाखेरि परम्पराभन्दा बाहिरको कुरो होइन । तर परम्परा र विद्रोहको विरोधाभास भने सधैँ चर्चित नै रहिरहन्छ । विश्व साहित्यको इतिहास हेर्दा कतिपय कवि र लेखकले उनीहरूको समयका सर्वसम्मत साहित्यिक मान्यतालाई हाँक दिएको उदाहरणहरू जति पनि भेटिन्छन् । तर कालान्तरमा त्यस्ता विद्रोही कविहरू स्वयम् परम्पराको अङ्ग हुन पुग्छन् । झन्डै गौतम बुद्धको स्थिति हुन पुग्छ । गौतम बुद्ध मूर्ति-पूजाका प्रखर विरोधी थिए । तर उनको देहान्त भएको केही सय वर्षपछि नै उनका भव्य मूर्तिले जनजीवनलाई आकृष्ट गर्न थाल्यो । उर्दू भाषा र साहित्यमा त बुद्ध भन्ने संज्ञाले त तद्भवका रूपमा 'बुत' भएर मूर्तिको पर्यायवाची शब्दको रूप लियो । आफ्ना समयमा समाजले बुझ्दै बुझिएन भनी आलोचना र उपहास गरेका साहित्यकारहरू कालान्तरमा परम्पराका अङ्ग भएका अनेकौँ उदाहरण छन् । हाम्रो साहित्यका कतिपय कविले आफ्नो विशिष्टता र विचित्रताको पृष्ठपोषण गर्ने क्रममा यस्तो उदाहरण दिएको भेटिन्छ । तर यस्ता उदाहरणबाट सधैँ नै सही निष्कर्ष भने निस्कदैन ।

परम्पराको कुनै एउटा निश्चित रूप वा परिभाषा हुँदैन । तुलसीदासको 'रामचरितमानस'लाई एउटा उदाहरणका रूपमा लिन सकिन्छ । तुलसीदासले लोक भाषामा रामको कथा लेख्ने निर्णय गरे । त्यस निर्णयका

## परम्परा तोडिनैपर्छ । परम्पराले चुनौती पाउनैपर्छ । तर प्रत्येक विद्रोह सिर्जनामूलक हुँदैन । खासमा विद्रोह सिर्जनामूलक वा सार्थक थियो-थिएन भन्ने कुरो कालान्तरमा समयको कसीमा मात्र प्रमाणित हुन सक्छ । त्यस कारण कुनै सर्जकले आफ्नो सार्थकता र प्रामाणिकताको दावा गर्नुले पनि खास अर्थ राख्दैन ।

परिणामको रूपमा रामचरितमानसको सिर्जना भयो । तर त्यस समयका पण्डितहरू रामको कथालाई देववाणीमा अर्थात् संस्कृत भाषामा मात्र लेखिनुपर्छ भन्ने पूर्वाग्रह राख्दथे । मुख्यतः यसै कारणले गर्दा नै काशीका संस्कृतज्ञ पण्डितहरूले तुलसीदासको धेरै विरोध गरेको भेटिन्छ । तर पछि गएर तुलसीदास स्वयम् हिन्दू साहित्यको विकास र उन्नयनको क्रममा एउटा रुढीग्रस्त परम्पराका प्रतीक भए । तुलसीदासबाहेक पनि हिन्दुस्तानको भक्ति-आन्दोलनका सबै स्रष्टाहरू आफ्ना समयका दृष्टिले परम्विद्रोही थिए । ब्राम्हणवाद र कर्मकाण्डले स्थापित गरेको जातपात र पूजाआजाप्रति उनीहरूको श्रद्धा थिएन । तुलसीदास, सुरदास, कबीरदास र रैदास लगायतका कविहरू भक्तिको सरलमार्ग आम जनतालाई बताउन-सिकाउन समर्पित थिए । उनीहरूमध्ये आज केहीलाई महान् स्रष्टाको रूपमा आदर गरिन्छ । तर बीसौं शताब्दीको प्रारम्भिक वर्षसम्म पुग्दा नपुग्दा उनीहरू आदर मात्र होइन रुढीका पात्र भैसकेका थिए । फलस्वरूप हिन्दी साहित्यको नवजागरणमा उनीहरूको भाषा र शैलीसमेत एउटा अवरोधका रूपमा उपस्थित भएको थियो । महाकवि निरालालगायतका छायावादी भनिने कविहरूले यस्तो प्रवृतिसँग कडा सङ्घर्ष गर्नुपऱ्यो । आधुनिक हिन्दी साहित्यमा स्वयम् निरालाले स्थापित हुनका लागि कडा विरोधको मुकाबिला गर्नुपरेको थियो । आज गएर हिन्दी साहित्यमा महाकवि निराला आदर र पूजासमेतका पात्र भएका छन् । यस्ता उदाहरण अरू पनि थप्न सकिन्छ । तर फेरि पनि भन्नै पर्छ यस्ता उदाहरणका आधारमा गलत निष्कर्ष निकालिनु हुँदैन ।

परम्परा तोडिनै पर्छ । परम्पराले चुनौती पाउनै पर्छ । तर प्रत्येक विद्रोह सिर्जनामूलक हुँदैन । खासमा विद्रोह सिर्जनामूलक वा सार्थक थियो-थिएन भन्ने कुरो कालान्तरमा समयको कसीमा मात्र प्रमाणित हुन सक्छ । त्यस कारण कुनै सर्जकले आफ्नो सार्थकता र प्रामाणिकताको दावा गर्नुले पनि खास अर्थ राख्दैन ।

नेपाली साहित्यको इतिहास विशेष लामो छैन । नेपाली भाषाको उत्पत्ति र विकास समेतको लामो इतिहास छैन । बरु नेपालमा नै प्रचलित रहेको नेपाल-भाषाको लामो पृष्ठभूमि र इतिहास भएको भेटिन्छ । तर पृथ्वीनारायण शाहले काठमाडौँ जितेपछि शासकका भाषाको रूपमा हाम्रो बोली झाँगिदै गयो । पछि भानुभक्तलगायत अरू कविहरूको साधनाले गर्दा नेपाली भाषाको गरिमा र लोकप्रियताको अभिबृद्धि भयो । यसैले आधुनिक नेपाली साहित्यको सिर्जनाको अघि हामीसँग के कस्ता सुनिश्चित मान्यता थिए भन्ने कुरोको खोजी सजिलो भएको छैन । हाम्रा प्रारम्भिक कविहरूलाई हेर्दा उनीहरूको वर्गीय र जातीय आधार भने स्पष्ट छ । भानुभक्तदेखि आजसम्मका सबै प्रमुख कवि र लेखकहरू मुख्यतः एकै जाति एकै वर्ग-विशेषमा जन्मिएका थिए । भानुभक्त आचार्य, मोतीराम भट्ट, यदुनाथ पोखरेल, रघुनाथ पोखरेलदेखि लिएर लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, माधव घिमिरे, गोपालप्रसाद रिमाल आदि सारा कविहरू मात्र ब्राह्मण परम्पराका सन्तान देखिन्छन् । दुई चार जना फाट्टफुट्ट यथा सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु अथवा गोविन्द गोठाले, विजय मल्लहरू अवश्य अन्य जात र परम्पराबाट आएका हुन् भन्ने बुझिन्छ । तर त्यो अर्को परम्परा वास्तवमा कत्तिको

स्वायत्त र स्वाधीन थियो वा हुनसक्थ्यो भन्ने प्रश्न पनि उत्तिकै पेचिलो छ । यस पृष्ठभूमिमा भन्न सकिन्छ हाम्रो सम्पूर्ण सिर्जना-संसारलाई ब्राह्मण परम्परा र संस्कृतिले आजसम्म डोऱ्याएको छ । यस परम्पराका साहित्यिक र कलात्मक मान्यता नै सिङ्गो समाजका मान्यता भएका छन् । ब्राह्मण परम्पराका मौलिकता, सरलता र श्रेष्ठताका प्रतिमानबाट हाम्रो साहित्य निर्देशित रहेको छ । यस्तो बर्चश्व भएको भावभूमि हाम्रो कला र साहित्यको एउटा कमजोर पक्ष हो ।

२००७ सालको क्रान्तिपछि भने हामीले हठात् आधुनिक युगमा प्रवेश गऱ्यौं । यस आधुनिक युगलाई बुझ्ने सामना गर्ने संस्कार र मानसिकताको कमसेकम काठमाडौंभित्र ठूलो अभाव थियो । हिजोको यही अभावका कारणले समेत नेपाली साहित्यको विकासमा प्रारम्भिक कदमहरू नेपालभन्दा पनि बाहिर चले । दार्जीलिङ, देहरादून, बनारस र आसामतिरका नेपालीहरूले नवजागरणमा अद्वितीय भूमिका निर्वाह गरेका छन् । नेपाली भाषाको पहिलो पत्रिका पनि उतै छापियो । त्यति मात्र हैन नेपाली भाषा र साहित्यले प्रतिष्ठा र सिर्जनात्मकता पनि उतै प्राप्त गऱ्यो । खास गरेर दार्जीलिङले यस क्षेत्रमा गरेको योगदान हामी कदापि बिर्सन सक्दैनौं । भारतमा रहेको अपेक्षाकृत खुकुलो राजनीतिक अवस्था एउटा कारण थियो । राणाशाहीको आतङ्क त्यता थिएन । त्यति मात्र होइन दार्जीलिङ र बनारसका विद्यार्थीको हिन्दी र बङ्गला साहित्यसँग भएको संसर्गले हाम्रो साहित्यलाई मलजल दिने साँच्चि नै उत्प्रेरक हुने भूमिका निर्वाह गरेको थियो । कथाकुसुम, झ्यालबाट वा युगवाणीका तत्कालीन अङ्कहरू हेर्दा मात्र पनि यो कुरो सजिलै बुझ्न सकिन्छ । पछि गएर काठमाडौं नै सिर्जनाको मूल थलो बन्दै गयो । २००७ सालको क्रान्तिपछि आएको राजनीतिक परिवर्तनले हाम्रो साहित्यिक विकासलाई प्रत्यक्ष एवम् सकारात्मक रूपमा सहायता गऱ्यो । २००७ सालपछि काठमाडौंबाट प्रकाशित हुन थालेका प्रकाशनहरू यथा प्रगति, इन्द्रेणी र धरती साहित्यिक मानदण्डका हिसाबले सर्वथा उत्कृष्ट प्रयत्न थिए । यी पत्रिकाहरूमा तिन ताक छापिएका कथा, कविता र गद्य हाम्रो साहित्यका पुँजी हुन् । तर २०१७ सालको राजनीतिक परिवर्तनपछि भने जनजीवनका अन्य गतिविधिसँगै साहित्य पनि अवरुद्ध हुँदै गयो । २०४६ सालको जनआन्दोलनको सफलताले समेत त्यो अवरोधलाई पूरै फुक्का पार्न नसकेको देखिन्छ ।

२०४६ सालपछि वातावरणमा एउटा अर्को घटना पनि भयो । सञ्चारका विद्युतीय माध्यम हाम्रो जनजीवनको अङ्ग हुँदै गए । एक होइन एक सय टिभी च्यानलबाट हामी अहिले आक्रान्त छौं । विद्युतीय सञ्चारमाध्यम सबै प्रकारको सिर्जनात्मक गतिविधिको ठूलो सत्रु सिद्ध भएको छ । एकातिर २०४६ सालको जनआन्दोलनले जाति, वर्ग र लिङ्गको पुरानो साङ्लो फुकाल्न सकेन । दोस्रो, ठीक यसै बेला विद्युतीय सञ्चारमाध्यमले हाम्रो मनमस्तिष्कलाई खल्बल्याउन थाले । यसले गर्दा हाम्रो साहित्यमा कुनै पनि विषयमा गम्भीर छलफल भएको भेटिदैन । परम्परा र विद्रोहका विषयमा हुनुपर्ने छलफल पनि शून्यप्रायः छ । रचनाकार र कलाकारहरु आफूमा मानौं निर्जन टापूका वासिन्दा हुँदै गएका छन् । समाजमा संलाप, संवाद

**२००७ सालको क्रान्तिपछि भने हामीले हठात् आधुनिक युगमा प्रवेश गऱ्यौं । यस आधुनिक युगलाई बुझ्ने सामना गर्ने संस्कार र मानसिकताको कमसेकम काठमाडौंभित्र ठूलो अभाव थियो ।**

**हिजोको यही अभावका कारणले समेत नेपाली साहित्यको विकासमा प्रारम्भिक कदमहरू नेपालभन्दा पनि बाहिर चले ।**

**खासमा लामो इतिहास भएको साहित्यको अनुशीलन गर्दा एउटा कुरा प्रस्ट देखिन्छ । त्यो के भने प्रत्येक नयाँ युगले पुरानोको अध्ययन र मूल्याङ्कन गर्दै अगाडि बढ्छ । विचारको क्षेत्रमा यो कुरो झन् ठोस रूपमा देखिन्छ । पश्चिमको विचारको इतिहासमा एउटा कुरो भनिन्छ, पश्चिमको विचारको इतिहास भन्नु नै प्लेटो र एरिस्टोटलको मतान्तरमाथि लगातार लेखिँदै र थपिँदै गएका टिप्पणीहरूको इतिहास हो ।**

वास्तविक रूपमा अगाडि बढेको छैन । एकालाप-विलाप भने अवश्य थपिएको छ । अत्यन्त भयङ्कर भोगवादी संस्कृतिको प्रचारप्रसारमा विद्युतीय सञ्चारमाध्यम अहोरात्र व्यस्त छन् । नेपालीले मानवीय कर्मको गरिमासमेत बिर्सदै गएको भान हुन्छ । गाउँ र सहरको विभेदमा कमी आएको छैन । जस्ताको तस्तै छ । जीवनका विषमता र जटिलता बढिरहेका छन् । यस्तो बेलामा कवि-कर्मको कुरा कसले उठाउने ? साहित्यमा परम्परा र विद्रोहको छलफल कसरी हुने ? अरू त अरू हिजोका हाम्रा साहित्यकार कलाकारहरूको नवमूल्याङ्कन पनि आज सर्वथा विस्मृत र उपेक्षित रहेको छ । यस्ता मूल्याङ्नको अनुपस्थितिमा साहित्य कदापि अगाडि बढ्दैन ।

खासमा लामो इतिहास भएको साहित्यको अनुशीलन गर्दा एउटा कुरा प्रस्ट देखिन्छ । त्यो के भने प्रत्येक नयाँ युगले पुरानोको अध्ययन र मूल्याङ्कन गर्दै अगाडि बढ्छ । विचारको क्षेत्रमा यो कुरो झन् ठोस रूपमा देखिन्छ । पश्चिमको विचारको इतिहासमा एउटा कुरो भनिन्छ, पश्चिमको विचारको इतिहास भन्नु नै प्लेटो र एरिस्टोटलको मतान्तरमाथि लगातार लेखिँदै र थपिँदै गएका टिप्पणीहरूको इतिहास हो । झन्डै यस्तै कुरो साहित्यमा पनि भेटिन्छ । कुनै महाकविलाई हेर्दा-पढ्दा पनि प्रत्येक युगले एउटै मानदण्डका आधारमा हेर्दैनन् । भारतका अग्रणी समीक्षक रामचन्द्र शुक्लले तुलसीदासलाई विशेष महत्व दिए । उनीपछिका पुस्ताका हजारीप्रसाद द्विवेदीले कबीरदासलाई महिमामण्डित गरे ।

प्रत्येक महान् समीक्षकले पुराना सर्जकहरूको मूल्याङ्कन रसास्वादनलाई तलमाथि पारेको अनेक उदाहरण छन् । अङ्ग्रेजीका टी.एस. इलियटले यसको मार्मिक विवेचना गरेका छन् । टी.एस. इलियटका अनुसार प्रत्येक युगले पुराना सर्जकहरूलाई आफ्ना युगीन आवश्यकताका अनुसार तलमाथि पार्न सक्छ । स्वयम् टी.एस. इलियटले त्यतिञ्जेलसम्म ओझेलमा रहेका अङ्ग्रेजीका अनेकन कविलाई अग्रभागमा ल्याए । उनले त्यसो गर्नासाथ अग्रभाग ओगटिरहेका कतिपय नामूद सर्जक स्वतः ओझेलमा पर्न थाले । टी.एस. इलियटपछिका अर्का समीक्षकले यस क्रमलाई खजमज्याउन सक्छन् भन्ने टी.एस. इलियटको स्पष्ट कथन थियो । त्यस्तो भएको पनि छ । यस उदाहरणबाट नै परम्परा र विद्रोहको साहित्यिक अर्थ प्रष्टिन्छ ।

दुर्भाग्यवश, हामीले अझै यस्ता सशक्त समीक्षक पाइसकेका छैनौं । तर जातीयभेद, वर्गभेद र लिङ्गभेदका कठिन साङ्लामा बाँधिएको सिर्जना-संसारबाट धेरै आशा वा अपेक्षा राख्नु कदाचित् वाञ्छनीय हुँदैन ।

# आजको नायक

*- ज्ञानेन्द्र खतिवडा*

धेरै अधिदेखि नै भेटौं भेटौं लागिरहन्थ्यो मलाई । किन किन मलाई धोकोजस्तै भइसकेको थियो । र, नै सेवाबाट निवृत्ति पाएपछि त्यहाँ जाने मौका मिल्यो । अझ भनौं समय जुर्‍यो । म गएँ । बस् यत्ति ।

जयको गाउँ ।

जय कुनै मेरी प्रेयसी होइन । अझ जय अजय पनि हुनसक्थ्यो र विजय पनि । नाममा के छ र त्यस्तो ! जय मेरा आफन्त पनि होइन । यहाँसम्म जयलाई मैले देखेको पनि छैन ।

जय, मेरा प्रधानाध्यापकको कार्यालयमा कहिलेकाहीँ फोनको घण्टी बजेपछि आउने एउटा आवाज थियो ।

'... मेरो नियुक्तिसम्बन्धी कुनै त्यस्तो केही पत्र आयो तपाईंको विद्यालयमा ...?' यति नै हो खास आवाज र थप आवाज - 'म जय बोलेको मन्सोङ कालेबुङबाट ।' बस् । यति नै हो आवाज । मलिन आवाज ।

महिनामा तीसौं दिनजस्तो गरेर झण्डै डेढ दुई वर्ष त्यो आवाज आइरह्यो । त्यसपछि भने त्यो आवाज पूरापूरी बन्द नै भयो ।

विद्यालयमा त्यस्तो नयाँ कुनै दरबन्दी खुलेको पनि थिएन । रिक्त पद नभएपछि नयाँ शिक्षक नियुक्ति गर्ने कुरै रहेन । अझ कुरो त्यस समयको पर्‍यो, जुन समय विद्यालय सेवा आयोग गठन भई शिक्षक नियुक्तिको सम्पूर्ण जिम्मा आयोगले आफ्नै हातमा लिइसकेको समय । म पनि उक्त आयोगद्वारा सञ्चालित परीक्षा पास गरेर छेवैको अर्को विद्यालयको सह-शिक्षकबाट नयाँ विद्यालयमा प्रधान शिक्षकको पदभार सम्हाल्न आइपुगेको थिएँ ।

जयले विद्यालय सेवा आयोगद्वारा सञ्चालित परीक्षा दिएको हो होइन केही थाहा थिएन ।

विद्यालयबाट रिक्त पदको रिफ्युजिसन पनि सम्बन्धित विभागमा गएकै छैन । कारण प्रस्ट छ-छैन पद नै रिक्त छैन । यसर्थ हामीलाई विद्यालयको पक्षबाट अझ अरू बढी सोधिखोजी गर्नुपर्ने आवश्यकता पनि भएन । कुरो यत्ति हो । अझ भनौं, यी माथिभरिकै मात्र घटना हुन्थ्यो भने यस घटनालाई सामान्य कुरो ठानेर जयलाई सम्झनाको लागि त्यान्द्रोसम्म नबनाउँदा पनि हुन्थ्यो । जय रङ नम्बरमा फोन गर्दाको पात्र भएर त्यत्ति नै बेला हराउँथ्यो । तर घटनाले त्यस बेला भने नयाँ मोड लियो, जुन बेला विद्यालयको स्टाफरुमको दैलाअघि दुई जना मानिस यताउता हेर्दै कसैलाई खोजेझैँ गर्न लागे । अनि भने घटनाले कोल्टे फेऱ्यो ...

समय, मध्यान्ह । विद्यार्थीहरू कोही खाजा खाँदै थिए भने कोही विद्यालयको सानै आँगनमा पनि उफ्रिरहेकै थिए । हामी शिक्षक-शिक्षिकाहरू पनि खाजा खानमा नै मस्त । उता कमल चिया बनाउनमा व्यस्त । दैलाअघि उभिएका मानिसहरू कुनै विद्यार्थीका अभिभावक होलान् भनेर 'एकक्षण बस्दैगर्नुहोस् है, हामी खाजा खाँदैछौँ' भनेर भनेको मात्र थिएँ 'होइन, जय सरलाई भेटौँ भनेर, हामी कालेबुङबाट आएका हौँ, उहाँ कहाँ हुनुहुन्छ ...' भन्दै मेरै छेउमा आइपुगे ।

यस विद्यालयमा जय नामको कुनै स्टाफ नै थिएन । बरु म यस विद्यालयमा प्रधानाध्यापक भई आउनुभन्दा अघि मैले पढाउने त्यस विद्यालयमा जय नामको शिक्षक साथी हुनुहुन्थ्यो, त्यहाँ जानुहोस् रिक्शाले पुराइदिन्छ - भनेर सुझाव दिएँ । तर त्यतिञ्जेलसम्म एक भाइले हातको सानो कागत मतिर बढाउँदै 'हेर्नुहोस् त यो कागतमा लेखिएको नाम, ठेगाना र फोन नम्बर यही विद्यालयको होइन र ?' भन्दै देखायो । '...जय सरले यो आफ्नै हातले लेखेर दिनुभएको हो' अर्को भाइले फेरि थपिहाल्यो ।

त्यस बेला मलाई टेलिफोनबाट आवाज आइरहने जय नामको पात्रलाई खोजेको हो भन्ने पटक्क लागेन । म वाल्ल परेँ ।

उक्त घटनापछि भने, कसो कसो मेरो अन्तःकरणले जयलाई धेरै अघिदेखि नै चिनेको व्यक्तिसरह मात्र थालेछु । फोनै पो आइहाल्छ कि । स्वर त परिचित नै हो, अनुहार पो देखेको छैन - भन्नेतिरको नयाँ सोच ममा खै कताबाट पलाउन थाल्यो ? यसैले फोनमा सुनेको आवाजको झझल्कोलाई समाएर मैले जयलाई धेरै पटक धेरै नाक-नक्शामा उतार्न पुगेछु । र, धेरै आकार दिएछु । यस्तै र यसरी नै अल्झिएको / अल्मलिएको स्थितिभित्र आवाजको मेसो समाएर धमिलो धमिलो धेरै आकार प्रकारभित्रबाट अस्पष्ट पात्र भई जय कल्पनाको राजमार्गमा मसँगसँगै कुद्न थालेछ ।

मैले मानेँ - यही र यस्तै क्षणलाई नै कथाको रचनागर्भ मान्छन् क्यार रचनाकार परशु प्रधानहरू । थाहै नपाई जय त अब मेरै सरोकारको व्यक्ति बनिसकेछ ।

यसैबीच मेरो लामो शिक्षक जीवनभित्र यस छोटो प्रधानाध्यापकको कार्यकाल थपिएको जीवन पनि हातेमालो गर्दै गाँस्सिन आइपुगेको उमेरले साठीको लामो लौरो टेक्दै शिक्षक जीवनबाट बिदा लियो । म रिटायर्ड भएँ । तर मेरो दिमागबाट जय भने टायर्ड भएन । ऊ त झन् टड्कारो भएर नाना कल्पनाभरिको रूप लिएर पो आउन थाल्यो । जय साँच्चै मसँग रोगै भएर टाँस्सिन पुग्यो ।

जयले कुन कारणले साथीभाइमाझ नोकरी गर्दैछु भनेर मेरै विद्यालयको नाम र ठेगाना टिपायो ? मलाई यही कुराले खेदिरह्यो । यसर्थ म जयको गाउँ मन्सोङ जान औधी लालयित बनेँ ।

जय आफ्नो गाउँमा होला नहोला - केही थाहा थिएन । आफूले भनेअनुसारसम्म नदेखेको पाँच छ वर्षपछि त्यस बेला आउने आवाजको खोजीमा म लागेँ । 'बुझौँ न उसैको गाउँमा नै पुगेर । घटना त घटेकै हो नि' - को भरोसामा एक साँझ म मन्सोङ पुगेँ । त्यहाँ मेरा टाढाको नाता पर्ने काकाकी छोरी-ज्वाइँको घर थियो । पहिले कहिले नपुगेको ठाउँ । धेरै चोटि बोलाएर पनि थाकिसकेको । सोध्दै खोज्दै पुगेँ ।

गाउँका दुईचार युवा भाइहरू मलाई नौलो मानिस देखेर भेट्न आए । तिनीहरू सबैले 'तपाई गाउँकै पाहुना' भनेर खातिर गरे । तिनीहरूसँग गाउँघरकै कुरा भयो । यसैबीच मैले 'आजभन्दा ५/६ वर्षअघि यस गाउँबाट जय नाम गरेको एउटा केटोले मेरो विद्यालयमा फोन गर्नेगर्थ्यो । को हो जय ? कहाँ बस्छ ? म भेट्न चाहन्छु' भनेर भनें । तिनीहरू सबै म बोलुञ्जेल एकअर्कालाई हेर्दै हाँसिरहे । तिनीहरूमध्ये एक जना चाहिँ जयकै काकाको छोरा रहेछ । तिनैले जय र उसले गर्ने फोन र साथी भाइलाई दिएको विद्यालयको नाम र ठेगानाबारे मलाई जानकारी गराए । घटना यस्तो रहेछ;

- विद्यालय सेवा आयोग बनिने प्रक्रिया सुरु हुनुभन्दा पहिले केही भल-पहिरोले माटोसितै ओरालो बगेको एउटा नेता तलतिरैबाट यता उकालो चढ्दो भएछ । र, उसले पढेलेखेका बेकारी केटाहरूलाई नोकरी लगाइदिने वचनसहित रुपियाँ थाप्दो भएछ -

गाउँभरि नै यस कुराको चर्चा भयो । सबैले उकालो चढ्ने नेतालाई कलियुगकै भगवान् माने । हो, गरिबीले तान्धिङ खेलाएको मेरा बडाबडी । जयले नोकरी पाएदेखि उनीहरूको ठूलो उद्धार हुने । सबैले विचार गरे । हुन पनि जय गाउँभरिमा सबभन्दा असल केटो । होनाहार केटो । नोकरीको अत्यन्त ठूलो खाँचो थियो उसलाई । घर परिवार पाल्न मात्र होइन । साँच्चै भनौं भने, मेरा बडीबडीको कोखमा मन्सोङजस्तो दुखिया ठाउँमा जयले जन्मै नलिनुपर्ने । तपाईंहरूको जस्तो सुविधायुक्त सहरमा नोकरी पाएदेखि के के गर्थ्यो के के । नाइट कलेज ज्वाइन गर्छु भन्थ्यो ।

जय उसका साथी भाइमाझ पनि निकै प्रिय थियो । गाउँमा सबैले मन पराएको केटो । पढे लेखेका मान्छे भनेर गाउँघरका साना-ठूला सबले आदर गर्थे ।

उसले बनाएको चित्र प्रायः सबैका घरघरै जसो छ । भित्तातिर हेर्दै 'ऊ त्यो पनि जयकै पेन्टिङ हो' भन्दै भित्तातिर औंल्यायो ।

तर यस्तो होनाहार केटोको घरको अवस्था भने अत्यन्त नाजुक । बनिबुतो गरेर खाने सानो बारी र एक दुई माउ गाई स्याहार्दा स्याहार्दै उमेर खर्लप्प खाएर थोते जीवन बाँचिरहेका आमाबाबुले स-साना भाइ-बहिनीका साथै जयलाई पनि पढाएकै हुन् । कहिलेकाहीं जयले भन्ने गर्थ्यो - 'आमाले पस्किदिनु भएको भात खानु पनि कठोर दण्ड भोग्नु बराबर लाग्छ । उमेर सिढिएका आमाबाबुको कति हाड घोटाउनु ..., भाइ-बहिनी स-सानै छन् ...' बोल्दा बोल्दै आँखा रसाइसकेका हुन्थे ।

उकालो चढ्ने नेताले पक्का पक्की नोकरीमा जिम्मा लिएर केही रुपियाँ पनि लिएर गयो । त्यसपछि यता जय नोकरीको कागत पर्खन थाल्यो ।

पर्खंदा पर्खंदा, पखाईले पनि छ महिना नाघ्यो र सात महिना काट्यो । र, पनि जय पर्खेर नै बस्यो । यसैबीच एक दिन उकालो चढ्ने नेता फेरि उकालो चढेर 'बाँकी पैसा पनि बुझाइहाल, नोकरीको कागत आउँदै छ' भनेर गयो । नेतालाई बुझाउने बाँकी रुपियाँ जुटाउन हतार हतार पैसा रुपियाँको खोज सुरु भयो । त्यो तल्लो बारीको टुक्रा बिक्री गर्दा पनि पूरा रकम जुटेन । कालेबुङका साथीहरू पनि जुटे । त्यसपछि अब केही उपाय नास्ती ठानेर कालेबुङका साथीहरूले नै रहल अपुग पैसा साहुमहाजन काढेर जुटाए । र त्यही पैसा बोकेर कालेबुङका साथीहरू नै गाउँका दुई भाइलाई अघि लगाई उकालो चढ्ने नेताको घर पैसा पुऱ्याउन ओरालो लागे ।

पैसा थापिसकेपछि उकालो चढ्ने नेताले भनेछ - 'तिमीहरू यसरी गट्ट्ट नआउनू ! यहाँ लोकलले त्यो नोकरी पाउनुपर्छ भन्नेहरू पनि देखा पर्दैछ । अलिक बुद्धि पुऱ्याएर काम गर्नुपर्छ ।' त्यसपछि कागतको टुक्रामा एउटा विद्यालयको नाम र टेलिफोन नम्बर लेखेर दिँदै भनेछ - 'भरसक जयको नोकरी यही विद्यालयमा हुन्छ । नम्बर छ, जयलाई फोन गर्दै गर्नु भन्नू !'

मैले बीचैमा कुरा काटें - 'ए, यो त्यही समय परेछ कि कसो, जुन समय जयले दिनहुँ जसो नै फोन गर्थ्यो । म विद्यालयमा नयाँ नयाँ नै थिएँ । मभन्दा पहिले टिचर

इन्चार्ज रहनुभएको अरुण सरले यस प्रकारको फोन धेरै पहिलेदेखि नै आउँथ्यो भनेर बताउनुभएको थियो ।' र, मैले अझ थप जानकारी लिन चाहें ।

ती केटाहरूमध्ये एक भाइ चाहिँ उकालो चढ्ने नेताको घरमा पछिल्लो चोटि रुपियाँ पुऱ्याउन तलतिर झरेकै भाइ रहेछ । र, बाँकी घटना उसैले सुनाउन थाल्यो -

यता भने जयको निम्ति ऋण काडिदिने साथीहरूलाई साहु महाजनहरूले कच्कच् गर्न थालिसकेका थिए । तर उपाय केही थिएन । नेताले दिएको नोकरीको कागत आइपुग्ने भाकाहरू जयसँगै समय भएर हुलाक धाउँथ्यो र जयले गर्ने फोनसँगै तपाईंको विद्यालयसम्म पुग्थ्यो । त्यति मात्र कहाँ हो र ? नोकरीको कागत आइपुग्ने नेताको भाका बोकेका समयहरू फोनबाटै फर्किआएपछि जय र जयको नोकरीको निम्ति रुपियाँ सापटी दिने साथी भाइहरूमाझ वैमनष्यताको बीउ छरेर विषवृक्ष हुर्काउन उद्यत बन्थ्यो । अनि तिनीहरूकै टाउका टाउकामाथि रिसको पोका भएर चढ्दथ्यो र नेताको झूटो वचनले बाँझो र अपुताली बन्न परेका समयहरू हाम्फाल्दै आत्महत्या गर्थ्यो । यसले जय र साथीहरूमाझ प्रशस्त फाटो लाउन मद्दत गऱ्यो ।

यसरी नै स्थितिमा पटक्क सुधार नआएकोले साथी भाइ आएर जयलाई सापटी दिएको पैसा रुपियाँ फिर्ता माग्न थाले । बरा, जय के गर्नसक्थ्यो र ? अब त नेताको घर धाउँदा पनि हैरान भइसकेको थियो ।

तर, त्यस्तैमा एक दिन जयको अनुहार उज्यालो देखिइयो । उ ऋण खोजिदिने साथीभाइ भेट्न कालेबुङ गयो । सबैलाई भेटेर खुशी हुँदै आफू हिजो ड्युटी ज्वाइन गरेर आएको कुरा सुनायो । हामी सबै खुशी भयौं । साहु महाजनलाई पनि यही कुरा बतायौं । उकालो चढ्ने नेताको ठूलो गुण गायौं ।

घटना कति रोचक बन्दै गएछ । म बुझ्दै जान्दैछु । कारण त्यस समयसम्म त म आफै प्रधानाध्यापक भइसकेको अवधि ।

यता आफ्नो नाममा ऋण लिएर जयलाई सगाउने साथीहरू सबै साहु महाजनको धम्कीपूर्ण व्यवहारको खिचडी रुग्नेको अनुहार लगाएर बसिरहेका थिए । तर पखाईको सीमाको पनि आफ्नै खाले पर्खाल हुन्छ - त्यो टुट्न सक्छ । धैर्यको पनि आफ्नै खाले धर्ती हुन्छ - त्यो पनि फाट्न सक्छ ।

त्यही भयो, हामीले कालेबुङका दुई भाइलाई जयले आफ्नै हातले दिएको विद्यालयको नाम र टेलिफोन नम्बरसहितको कागत थमाएर जयले नोकरी गर्दै गरेको विद्यालयमा पठायौं । विद्यालयको उक्त घटना त तपाईंकै अघि घटेका रहेछ, त्यो त हामीलाई भन्दा ज्यादा तपाईलाई थाहा छ । त्यो के बताइरहनु ?

त्यसपछि त उकालो चढ्ने नेताले जयलगायत हामी सबैलाई पूरापूरी खाडलमा नै जाकेछ भन्ने बुझेपछि हामीले जयका आमाबाबुलाई 'साहुको ऋण तिर्नु पर्छ नत्र कालेबुङका ती साथीहरूको उठिबास लाग्छ भन्यौं । बिचरा ती बूढाबूढी पनि के गर्नसक्थे र ? त्यही घरको घडेरी छोडेर सबै गाई बस्तु र रहल बारी बिक्री गर्दा पनि ऋण तिर्ने रकम जुटेन । फेरि कालेबुङकै अर्का एक भाइले अझ दश हजार सात सय रुपियाँ आफ्नै पाकेटबाट दिएर साथीहरू बचाए । डाँडाका घाम भइसकेका ती बूढाबूढीले गहभरि आँसु लिएर 'छोरा पढाएर सुखी हौंला भनेको त सर्वस्व लुटाउन पो छोरा पढाएछौं' भन्दै गरेको विलापले कसको मन अड्न सक्थे र, हामी रोयौं । सबै रोए ।

अब भने जय पनि केही नलागेकोले गर्दा कोठैभित्र धुमधुम्ती बसिरहने भो । बाहिर फेर पटक्क ननिस्कने भो । उ राम्रो चित्रकार हो । मौका पाएन । नत्र अफान्दी र हाम्रै बाङ्देलभन्दा कम नहुने हो । त्यसपछि सायद ऊ कोठैभित्र चित्र कोर्दै बस्दो हो ।

उता दुई चार पटक हामी दुई चार साथी भाइ उकालो च्ने नेतालाई भेट्न ओरालो लाग्यौं । तर नेतालाई पटक्क भेट्न नसक्ने । भनौं भेटै नहुने । त्यसपछि त

## अनि त के थियो -
## जयले एउटा टलक्क टल्कने अत्यन्त धारिलो हतियारले उक्त नेताको पोर्ट्रेटका दुवै कान मासुसितै काट्यो र छेउछाउबाट बटुलेका झिक्रामा बालेर पोलेर खायो ।
## हामी छक्क पर्‍यौं ।
## 'जय छटाएकै हो' भन्यौँ ।

उकालो चढ्ने नेताले उकालो चढ्न पनि पूरापूरी बन्द नै गरिसकेछ ।

धेरै भएको थियो जय घरभित्रै कोच्चिएर बसेको तर त्यस्तैमा एक दिन अचानक जय हातमा ठूलो क्यानभास लिएर माथि स्कुल डाँडातिर लाग्यो । सबैले हेरे । सबैले बिचारे । नौ दिन दिनभरि दिनभरि लगाएर एउटा लाइफ साइजको पोर्ट्रेट बनायो जयले । सबैले देखे-पोर्ट्रेट, उकालो चढ्ने नेताकै हो । हुबहु नेताकै नक्सा । 'जयलाई उकालो चढ्ने नेताको कति ठूलो श्रद्धा र भक्ति । त्यस्तो कन्तबिजोक बनाएर छाड्दा पनि अझ उसैको भक्ति' भन्दै हामी त रिसायौं पनि ।

अन्तमा, जब जयले सम्पूर्ण रूपमा उक्त नेताको पोर्ट्रेटलाई फाइनल टच दियो, त्यसपछि भने 'अब फेरि फेरि यी हातहरूले कुनै चित्र कोर्ने छैन' भनेझैं गरी सम्पूर्ण रङ्ग र कुचीहरू लगेर छेवैको गन्दे झोडामा मिल्काइदियो ।

अनि भने चैं एउटा अचम्मकै घटना देख्न पायौं हामीले, जुन घटना सायद यस संसारमा यसअघि कहिल्यै पनि घटेको थिएन ।

घटना के भने, जयले बगरेको दोकानबाट दिनहूँ अलिकति मासु किनेर ल्याउँथ्यो । पहिलो दिन ल्याएको मासु जयले उक्त उकालो चढ्ने नेताको अत्यन्त राम्रो पोर्ट्रेटको दुवै कानमा टाँस्यो । हामीले हेर्दाहेर्दै, जयले यसरी दुवै कानमा मासु टाँस्यो, मानौं त्यो नक्शा होइन नेताकै कान । कति मिहीन मेहनत गर्न सक्छ जय । खै के भन्ने ! जयको कला पारखी आँखामा हुबहू नेताको कान खरा नउत्रन्जेलसम्म मेहनत नै गरिरह्यो । त्यसपछि उक्त पोर्ट्रेटलाई टाढा गएर हेर्‍यो । निरीक्षण गर्‍यो । र, आएर केही थपथाप पनि गर्‍यो । केही घटबढ गर्‍यो । र, फेरि केही टाढा गएर हेर्‍यो । अन्तमा छेवैमा आई उभिएर प्रत्येक कोणबाट हेर्दै चित्त बुझेको अनुहारमा हल्का हाँसोका लहर दौडायो । हामीले देख्यौं । धेरै दिनपछि यस चित्रसँगै जयको अनुहारमा सन्तुष्टिको घाम लाग्यो ।

अनि त के थियो - जयले एउटा टलक्क टल्कने अत्यन्त धारिलो हतियारले उक्त नेताको पोर्ट्रेटका दुवै कान मासुसितै काट्यो र छेउछाउबाट बटुलेका झिक्रामा बालेर पोलेर खायो । हामी छक्क पर्‍यौं । 'जय छटाएकै हो' भन्यौं ।

सोही प्रकारले पोर्ट्रेटको एउटा अङ्गमा मासु टाँस्दै काटेर पोल्दै खाने क्रम पनि तेह्रौं दिनसम्म चल्यो । त्यसरी पोर्ट्रेटको एक एक अङ्ग पोल्दै खाने क्रममा अङ्गहरू काटिँदै जाँदा उक्त नेताको पोर्ट्रेट त कोढ-रोग सल्किएर भङ्ग हुँदै गइरहेको कोढीजस्तै देखियो । र, यसरी दिन दिनै कोढ रोग सल्किएर कुरूप भइसकेको रोगी जस्तै विरूप भइसकेको पोर्ट्रेटको अन्तिम भाग जयले जसै पोलेर खाइसिध्यायो, तसै जय पनि लापत्ता भयो । हामीले धेरै खोज्यौं । र आजसम्म पनि खोजिरहेकै छौं ।

*-- सिलगढी दार्जिलिङ्ग*

# शारदा मासिक सूचना

नेपालको जेठो साहित्यिक पत्रिका ***शारदा*** ले नेपाली वाङ्मयका क्षेत्रमा पुऱ्याएको योगदानलाई निरन्तरता दिने उद्देश्यले पुन: थालिएको ***शारदा***को प्रकाशनमा टेवा पुऱ्याउन यहाँले ***शारदा*** को सदस्यता ग्रहण गरिदिनु भई सहयोग गरिदिनु हुनका साथै यसमा आफ्नो संस्थाको विज्ञापन दिई तपाईको संस्थागत विकासमा ***शारदा*** लाई सहभागी हुने अवसर प्रदान गर्न हार्दिक अनुरोध गर्दछौं ।

| | |
|---|---|
| वार्षिक सदस्यता शुल्क | रू. ५००।- |
| आजीवन सदस्यता शुल्क | रू. १०,०००।- |
| संस्थागत सदस्यता शुल्क | रू. २५,०००।- |

## विज्ञापन दर

| विवरण | एक अङ्क | तीन अङ्क | छ अङ्क | बाह्र अङ्क |
|---|---|---|---|---|
| अन्तिम पृष्ठ रङ्गिन | ३०,०००।- | ७२,०००।- | १०८,०००।- | १८०,०००।- |
| कभर भित्री पहिलो पृष्ठ रङ्गिन | २७,०००।- | ६६,०००।- | ९९,०००।- | १६२,०००।- |
| कभर भित्री अन्तिम पृष्ठ रङ्गिन | २५,०००।- | ६०,०००।- | ९०,०००।- | १५०,०००।- |
| पूरा पृष्ठ रङ्गिन | २०,०००।- | ४८,०००।- | ७२,०००।- | १२०,०००।- |
| आधा पृष्ठ रङ्गिन | १२,०००।- | २८,८००।- | ४३,२००।- | ७२,०००।- |
| एक पृष्ठ एकरङ्गी | १०,०००।- | २४,०००।- | ३६,०००।- | ६०,०००।- |
| आधा पृष्ठ एकरङ्गी | ६,०००।- | १४,४००।- | २१,६००।- | ३६,०००।- |

(अतिरिक्त १३% मूल्य अभिवृद्धि करबाहेक)

म लाउँछु र फेटा
मैले नभिरे के फेटा ?
हिँड्दाहिँड्दै सोच्छु र
द्विविधामा पर्छु
'लाउँछु कि म यो फेटा
कि लाउँछ मलाई यो फेटा ?'

धेरै वर्ष भो र
पुरानो हुन्छ
लाउँछु-लाउँछु र
मैलो हुन्छ
नलाऊ भने
जाडाको भाँडभैलो हुन्छ,
दिक्क लाग्छ

बेला-बेलामा धुनुपर्छ
माया गरेरै छुनुपर्छ
फेटाको पीडा हेर्न सक्दिनँ
पुरानो भो भनेर
अर्को फेटा फेर्न सक्दिनँ
मेरो पर्याय फेटा र
फेटाको अर्को नाम म
नङ र मासुको सम्बन्ध हुन्छ नि !
अर्थात् माछा र पानीजस्तै !!

अहिले म यस्तो सोचाइमा छु -
'फेटा फाट्छ कि पहिले
कि मै फाँटेर मर्छु पहिले ??'

*- फाक्टाङ २, खोटाङ्ग*


विगत ६ दशकभन्दा अघिदेखि निरन्तर पुस्तक प्रकाशनमार्फत् पाठकहरूमाझ समर्पित हुँदै आएको संस्था हो **रत्न पुस्तक भण्डार ।**

आफ्ना हरेक प्रकाशनको गुणात्मकताप्रति हामी सदैव सजग छौं ।
पुस्तकका गुणस्तरीयता नै हाम्रो प्रकाशनको धर्म हो, कर्म हो ।

**हाम्रो प्रकाशनका उत्कृष्ट केही पुस्तकहरू**

- **जिन्दगीका टिपोटहरू** (आत्मवृतान्त) - कृष्णचन्द्र सिंह प्रधान
- **श्री पाँडेको सरकार** (हास्यव्यङ्ग्य) - रामकुमार पाँडे
- **उत्तरआधुनिक ऐना** (समालोचना) - डा.गोविन्दराज भट्टराई
- **ढुङ्गाको बाढी** (उपन्यास) - फ्रान्च होलर
- **अन्तरिक्षयात्रीहरू** (बालसाहित्य) - कन्हैया नासननी
- **दर्शनका केही अनौठा पक्ष** (दर्शनशास्त्र) - विष्णु अधिकारी

**रत्न पुस्तक भण्डार**
पो.ब.नं. ९८, ७१ 'ग' बैंक मार्ग, बागबजार, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४२२३०२६, ४२४२०७७, फ्याक्स ९७७-१-४२४८४२१

रहेको तिब्बत अब सहज सुगम रहेपछि यहाँ भ्रमणमा जानेहरूको उद्देश्य यहाँको कला, साहित्य र संस्कृतिको मौलिकता बुझ्ने रहेको पाइन्छ । त्यस्तै यो यात्रामा मैले पनि तिब्बती संस्कृतिको मौलिक धरातलमा सृजना भएको कला र साहित्यको जानकारी लिने महत्त्वपूर्ण अभिलाषा राखेको थिएँ । मेरो यो अभिलाषालाई थोरै भए पनि पूरा गर्ने अवसर मैले आफ्नो यो तिब्बत भ्रमणको चौथो दिन अर्थात् २९ अक्टुबर २००४ (कार्तिक १३ गते २०६१) पाएँ । यही दिनका व्यस्त कार्यक्रमहरूमध्ये अपरान्ह तिब्बतको साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले खोलिएको तिब्बती साहित्य र कला प्रतिष्ठान (Association of Tibetan Literary and Art Circle) घुम्ने र त्यहाँका प्रमुख पदाधिकारीसँग विषयगत अन्तर्क्रिया गर्ने कार्यक्रम राखिएको थियो ।

कामको प्रकृति, सङ्गठनात्मक संरचना एवम् विषयगत प्रतिनिधित्वको आधारमा तिब्बतको कलाकार एवम् साहित्यकार समूहको यो सङ्घ हाम्रो नेपालको प्रज्ञाप्रतिष्ठानको समकक्षी संस्था रहेछ । हालको प्रज्ञा प्रतिष्ठानजस्तै यस सङ्घमा पनि नौ विधाको प्रतिनिधित्व हुने गरी प्राज्ञहरूको समायोजन गरिने नियम रहेछ । साहित्य, नाटक, नृत्य, लोक-कला, व्यालड (वालुन), फोटोचित्र, लिपिलेखन (Calligraphy) आदि क्षेत्रका विज्ञहरू हाम्रो प्रज्ञाप्रतिष्ठानमा जस्तै सरकारबाट मनोनित भई यहाँ प्राज्ञको रूपमा कार्यरत हुँदा रहेछन् ।

व्यस्त कार्यक्रमलाई छिचोल्दै साहित्य र कलाकर्मीहरूको यो सङ्घ (Association of Literary and Art Circle) को कार्यालय रहेको भव्य भवनमा हामीहरू पुग्दा बेलुकाको ५:०० बजेको थियो । भवनको प्राङ्गणमा नै हामीलाई स्वागत गर्न सङ्घका अध्यक्ष आएका थिए । तिब्बतको साहित्य एवम् कला प्रतिष्ठानको कार्यालय रहेको भवन अन्य भौतिक संरचना जस्तै तिब्बती पहिचानयुक्त सामग्रीले सजिसजाउ भएको र भव्य आकृतिको थियो । हामीलाई औपचारिक रूपमा स्वागत अभिवादन गरी संस्थाका प्रमुखले प्रतिष्ठानको बैठक कोठामा लैजानुभयो । भव्य एवम् फराकिलो बैठक कोठामा हामी पुग्नुअघि नै विभिन्न विधाको प्रतिनिधित्व गर्ने प्रतिष्ठानका विज्ञ सदस्यहरू प्रवेश गरिसक्नु भएको रहेछ ।

हामीहरूलाई पनि बैठक कोठामा प्रवेश गराई आसन ग्रहण गराइयो । तिब्बती परम्पराअनुसार एक लहरमा तिब्बती प्राज्ञहरू र अर्को लहरमा हाम्रो प्रतिनिधि मण्डलका सदस्यहरूलाई बस्ने व्यवस्था गरिएको रहेछ । अन्तरक्रियाको सुरुमा नै तिब्बती परम्पराअनुसार प्रतिष्ठानका प्रमुखले आफ्ना विज्ञहरूको परिचय गराउँदै प्रतिष्ठानको काम, कर्त्तव्यको सीमाक्षेत्रको परिचय गराउनुभयो । त्यहाँ उपस्थित प्रतिष्ठानका सदस्यहरू तिब्बती कला, साहित्य र संस्कृतिको क्षेत्रमा उल्लेखनीय कार्य सम्पन्न गरेर आ-आफ्नो क्षेत्रमा अन्तराष्ट्रिय स्तरमा ख्याति पाएका विद्वानहरू हुनुहुँदो रहेछ । धेरैले त राष्ट्रिय एवम् अन्तराष्ट्रिय क्षेत्रबाट पुरस्कार एवम् सम्मान पनि पाइसक्नु भएको रहेछ ।

कार्यको प्रकृति र प्रतिनिधित्वका हिसाबले हामीले प्रतिनिधित्व गरेको संस्था 'चीन अध्ययन केन्द्र, नेपाल' यो साहित्य र कला प्रतिष्ठानको भन्दा अलि बेग्लै पहिचान राख्थ्यो । तर पनि प्राज्ञिक क्षेत्रका विभिन्न विषयका विज्ञको प्रतिनिधित्व हुने गरी हाम्रो भ्रमण-टोलीको निर्माण भएकाले हामीलाई हाम्रो अतिथेय संस्थाले यस संस्थामा पनि घुमाउने कार्यक्रम बनाएको रहेछ । हाम्रो यो टोलीमा साहित्यको क्षेत्रमा कार्यरत डा. देवीप्रसाद सुवेदी र म समावेश थियौँ । त्यसैले यहाँ हुने अन्तर्क्रियामा मैले विशेष रूपमा बोल्ने र अरू थपथाप देवीजीले गर्ने भन्नेबारे हाम्रो पहिला नै सल्लाह भइसकेको थियो । त्यसैले हाम्रा टोली नेता प्रा. विश्वेश्वरप्रसाद श्रेष्ठले भ्रमणदलका सदस्यहरूको विशेषज्ञतासमेत खुलाई समकक्षी तिब्बती विद्वानहरूलाई हाम्रो परिचय गराउनुभयो र औपचारिकताको निर्वाह गर्दै हाम्रो तिब्बत भ्रमणको उद्देश्य संक्षिप्त रूपमा बताउनुभयो । त्यसपछि अरू थप बोल्न मलाई सङ्केत दिनुभयो ।

समय निकै बितिसकेको थियो । त्यसैले मैले पनि बहुभाषिक परिवेशमा रहेको नेपालको साहित्यिक परम्पराको छोटो परिचय दिएँ । नेपालमा कार्यरत केही सरकारी र गैरसरकारी साहित्यिक एवम् सांस्कृतिक संस्थाको परिचय दिँदै दुई पक्षीयरूपमा आपसी हितका लागि यी संस्थासँग यो प्रतिष्ठानले सहकार्य गर्नसक्ने कुरा पनि बताएँ । नेपाली साहित्यको विकासक्रमको संक्षिप्त परिचयको क्रममा जब मैले महाकवि देवकोटा र तिब्बती परिवेशको चित्रण भएको उहाँको सर्वाधिक लोकप्रिय खण्डकाव्य 'मुनामदन'को नाम लिएँ, त्यति बेला तिब्बती प्रतिष्ठानका प्रमुख आफ्नो आसनबाट उठी एकक्षण गायब हुनुभयो । एकक्षणपछि उहाँ कोठामा प्रवेश गर्दा उहाँको हातमा केही पुस्तक देखिए । ती पुस्तक हामीलाई बाँडेपछि थाहा भयो - उहाँ त कयौँ पटक तिब्बती सहकर्मीको नेतृत्व गर्दै हाम्रो प्रज्ञाप्रतिष्ठानको निम्तोमा काठमाडौँ आइसक्नुभएको रहेछ र महाकवि देवकोटाको बारेमा पाएका सूचनाबाट प्रभावित भएर उहाँले नै चिनियाँ र तिब्बती भाषामा 'मुना-मदन'को अनुवाद गरी प्रतिष्ठानले छापिसकेको रहेछ । 'मुनामदन'को द्विभाषिक अनुवाद भएको पुस्तक अब हाम्रो हातमा थियो तर हामीमध्ये कोही पनि तिब्बती र चिनियाँ भाषा जान्ने नभएकाले पुस्तकमा प्रयुक्त अनूदित भाषाको निरूपण गर्न असक्षम थियौँ ।

साहित्यिक र सांस्कृतिक आदानप्रदानलाई बढाउन द्विपक्षीय सहभागितामा व्यवस्थित किसिमले एक अर्काका स्तरीय कृतिहरू एकअर्को भाषामा अनुवाद गर्न सकिने प्रस्ताव मैले त्यहाँ राख्दा उहाँहरूले त्यसलाई सहर्ष स्वीकार्नुभयो र यस्तो कार्यका लागि छुट्टै तिब्बत स्वायत्त प्रान्तको अनुवादकहरूको सङ्घ (Tibet Autonomous Region Association of Translators) स्थापना भई कार्यरत रहेको कुरा पनि हामीलाई बताउनुभयो । मैले बोलेपछि केही थप कुरा सहयात्री देवी सुवेदीले पनि बताउनुभयो । अन्तरक्रियामा जिज्ञाशु भएर पनि अरू साथीले समयको सीमालाई ख्याल गरी बोल्नु भएन ।

अन्तर्क्रियामा त्यहाँ उपस्थित सबै विभागका विज्ञहरूले बोल्ने कार्यक्रम बनाइएको रहेछ तर हामी धेरै समय भडकिएपछि मात्र त्यहाँ पुगेका थियौँ । त्यसैले कम्युनिष्ट पार्टीका वरिष्ठ सदस्यसमेत रहेका, पहिले रिम्पोचे भई अन्तर्राष्ट्रिय ख्यातिसमेत कमाइसकेका एक जना विज्ञले साहित्य र राजनीतिको अन्तरसम्बन्ध बताउँदै तिब्बतको साहित्यिक लेखनमा रहेका राजनीतिक प्रभावबारे बताउनुभयो । उहाँको अभिव्यक्ति सुन्दा लाग्थ्यो - उहाँ यस प्रतिष्ठानका आधिकारिक विद्वान् हुनुहुँदो रहेछ । अन्तर्क्रियामा तिब्बती विद्वान्को प्रस्तुतिलाई हेर्दा त्यहाँ हामीहरूले निकै जानकारी लिनसक्ने सङ्केत प्राप्त भएको थियो । सबै विद्वान्हरू आ-आफ्नो विधामा केही न केही हामीलाई बताउन चाहन्थे तर हाम्रा दोभाषेले हाम्रो अन्तरक्रिया बीचैमा हस्तक्षेप गरे । किनभने ६:३० मा उनले हामीलाई नेपाली महावाणिज्यदूतको निवासमा पुऱ्याइसक्नुपर्ने थियो । अतिथेय संस्थाले बनाएको कार्यक्रमको समय-तालिका अलिकति पनि तलमाथि नपारी लागू गराउनुपर्ने उनको दायित्व थियो । त्यसैले उनको यस्तो हस्तक्षेपलाई उनले आफ्नो दायित्व निर्वाह गरेको ठानी हामीले सहज रूपमा लियौँ । जे होस्, छोटो अन्तर्क्रियामा पनि तिब्बतमा साहित्य, सङ्गीत, नृत्य आदि कलाका विविध विधाको आफ्नो पहिचानलाई बचाउँदै त्यसलाई आधुनिकीकरण गर्न अपनाइएका धेरै कुराहरू हामीहरूले त्यहाँ थाहा पायौँ ।

तिब्बती कला र साहित्यसम्बन्धी प्रतिष्ठानको यो भ्रमण र अन्तर्क्रियाको क्रममा थाहा पाइएको यो संस्थाको गठनविधि र समावेशी चरित्रको प्रतिनिधित्व प्रणालीले मलाई धेरै लोभ्यायो । हाम्रोजस्तो बहुभाषिक, बहुसांस्कृतिक एवम् बहुजातीय पहिचान भएको मुलुकमा स्थापित राष्ट्रिय स्तरका सङ्घ, संस्थालाई कसरी समावेशी बनाउने भन्ने कुराका अनेकौँ अन्यौलहरू हामीहरूसँग छन् । तिब्बती प्रतिष्ठानमा रहेका विज्ञहरूको विधागत सन्तुलनका साथै जातीय समावेशीकरणको उपयुक्त नमुना त्यो प्रतिष्ठानको गठनमा प्रयोग गरिएको मैले अनुभूत गरेँ । लगभग एकहजार साधारण सदस्य रहेको

सो प्रतिष्ठानमा तीनसय सदस्यहरू तिब्बतीमूलको बसोबास भएका चीनका अन्य प्रान्तबाट प्रतिनिधित्व गर्ने रहेछन्। बाँकी सदस्यहरू तिब्बत स्वायत्त क्षेत्रकै रहेछन्। त्यस्तै पचास जति सदस्यहरू अन्य प्रान्तका यस्तै प्रकृतिका प्रतिष्ठानको प्रतिनिधित्व गर्ने गरी यहीं संयोजन गरिएको रहेछ। विभिन्न विधा र क्षेत्रका विज्ञको प्रतिनिधित्व भएको यो संस्थालाई जातिगत एवम् सांस्कृतिक रूपमा पनि समावेशी बनाउन तिब्बती मूलको ८२% मुस्लिम, हान, हुई, एवम् अन्य अल्पसङ्ख्यक जातिका प्रतिनिधिको १८% उपस्थिति अनिवार्य हुने गरी प्रतिष्ठान गठन गरिनुपर्ने व्यवस्था गरिएको रहेछ र अहिले पनि त्यहीअनुरूप जातीय प्रतिनिधित्व रहेछ सो संस्थामा। के तिब्बती प्रतिष्ठानको समावेशीकृत यस्तो प्रतिनिधित्वको नमुनाले हामीहरूलाई पनि हाम्रा प्राज्ञिक संस्थाहरू वास्तविक अर्थमा समावेशीकृत बनाउन एक प्रकारको सोच प्रदान गर्दैन त!

यो अन्तरक्रियामा आधुनिक चिनियाँ साहित्यजस्तै समसामयिक तिब्बती साहित्य लेखनको के स्थिति छ भन्ने कुराको सूचना हामीले कतैबाट पनि पाउन सकेनौं। आधुनिक चीनमा नाटक र गीतिनाटकहरूको लेखन र प्रदर्शनमा बाहुल्य रहेजस्तै तिब्बतमा पनि नाट्यकला, अभिनय, नृत्य र सङ्गीतजस्ता विधामा तालिम प्राप्त कलाकारहरूद्वारा गीतिनाट्य (अपेरा) को अभिनय र प्रदर्शनी बहुल मात्रामा हुँदो रहेछ। गीतिनाट्य, सङ्गीत र नृत्यका टोलीहरू यही प्रतिष्ठानको संयोजनमा विश्वका विभिन्न मुलुकमा पठाई प्रदर्शन गर्ने नियमित कार्यक्रम नै जस्तो रहेछ यो प्रतिष्ठानको। अहिलेसम्म यही प्रतिष्ठानको अगुवाइमा अमेरिका, क्यानाडा, बेलायत, फ्रान्स, स्वीट्जरल्याण्ड, निदर्ल्याण्ड, जर्मनी, इटाली, अष्ट्रिया, नेपाल, सिङ्गापुर, हङकङ, मकाउ आदि देश र प्रदेशमा यही प्रतिष्ठानको व्यवस्थापनमा र विदेशी संस्कृति आदान-प्रदान गर्ने सङ्घ (Tibet Autonomous Region Association for Foreign Cultural Exchange) को अगुवाइमा तिब्बती सङ्गीत, नृत्य र गीतिनाटकका प्रदर्शन भएका रहेछन्। यस्ता प्रदर्शनमध्येकै एक कार्यक्रमपछि नेपाल फिरेपछि तिब्बत स्वायत्त क्षेत्र (TAR) का स्थापनाको घोषणा भएको पचासौं वर्षगाँठको उपलक्ष्यमा मैले काठमाडौंमा हेर्न पाएँ। वास्तवमा तिब्बती नृत्य, गीतिनाटक र सङ्गीतलाई आफ्नो पहिचानसहित समसायिक रूपमा अध्यावधिक गर्न तिब्बत अत्यन्तै सफल भइसकेको रहेछ।

अहिले तिब्बत स्वायत्त क्षेत्रमा दस व्यावसायिक, एकसय पचास अव्यावसायिक कला प्रदर्शन गर्ने समूह (Troupes), छ वटा कला साधना केन्द्र, एउटा कला प्रशिक्षण विद्यालय, एउटा कला अनुसन्धान केन्द्र र एउटा प्रदर्शनी स्थल तिब्बती कलालाई आधुनिकीकरण गर्ने कार्यमा कार्यशील रहेका रहेछन्। त्यस्तै कला र संस्कृतिका अवशेष र सृजनालाई भण्डारण गर्न तिब्बतमा क्षेत्रीय (Regional) स्तरको एक सुविधायुक्त पुस्तकालय र त्यस्तै तिब्बत स्वायत्त क्षेत्रीय म्युजियम पनि सरकारी प्रबन्धमा स्थापित भई कार्यरत रहेका रहेछन्।

साहित्यको क्षेत्रमा भने आधुनिक लेखनभन्दा पुराना साहित्यिक कृतिको खोज, लोकगीत, लोकनाच, लोक गाथामा युगौंदेखि सर्दै आएका तिब्बती साहित्यलाई खोज गर्ने, लिपिबद्ध गर्ने र प्रकाशित गर्ने कामलाई अहिले प्राथमिकता दिएको बुझियो। पुराना कृतिको प्रकाशनार्थ तिब्बती प्राचीन पुस्तक प्रकाशन गृह राज्यस्तरबाट स्थापना गरिएको रहेछ। यो संस्था र तिब्बत सामाजिक विज्ञान अध्ययन प्रतिष्ठान मिलेर दुईसय शीर्षकका दस लाख प्रति किताबहरू प्रकाशन गरिसकेको कुरा पनि सो अन्तर्क्रियाबाट चाल पाइयो।

पुरानो साहित्यकै खोजको क्रममा तिब्बतमा युगौंदेखि लोक परम्परामा हुर्की विकसित भएको लोक-गाथात्मक महाकाव्य 'राजा गेसर' का विविध रूपहरूको खोज, गेसरसम्बन्धी लोककथा, लोक गायन र लोक प्रदर्शनीको सङ्कलन एवम् त्यसको पुनर्लेखन र

प्रकाशनमा तिब्बतको राज्य सरकार, केन्द्र सरकार विशेष किसिमले लागिपरेको रहेछ । यस कार्यका लागि राज्य सरकारले 'राजा गेसर महाकाव्य अध्ययन अनुसन्धान केन्द्र' स्थापना गरी केन्द्र र प्रान्तका तिब्बतीशास्त्रविद्लाई तत्सम्बन्धी खोज, अनुसन्धान र सङ्कलन कार्यमा लगाएको पाइयो ।

'राजा गेसर' अहिलेसम्म प्राप्त विश्वभरिको सबभन्दा ठूलो र लामो महाकाव्य हो । प्राचीन तिब्बतको लिङ राज्यका पराक्रमी राजा गेसरका जीवनवृत्तमा आधारित यो महाकाव्य विभिन्न पुस्ताका तिब्बतीहरूका पुस्तौं पुस्तासम्म मौखिक रूपमा वाचन गर्दै लोकगीत, लोकगाथा र लोकअभिनयका रूपमा परिस्कृत हुँदै लोकपरम्परामा बाँचेको महाकाव्य हो । युगौंदेखि यस महाकाव्यका कयौं कथाहरू तिब्बतका सिगात्से, ल्हासा प्रिफेक्चर र छन्तुको देगे काउन्टीमा काठका पाताहरूमा कुँदिएका रहेछन् । यसरी क्रमशः यी लोकगाथालाई आ-आफ्नै स्थानीय परम्परामा लिपिबद्ध गरिएको पनि पाइएको छ । यसरी चिनियाँ केन्द्र सरकारले नै विशेष प्राथमिकता दिई राजा गेसरसम्बन्धी गाथा सङ्कलन गर्ने काम योजनाबद्ध किसिमले गरिरहेको थाहा पाइयो ।

बितेका ६० वर्षमा चिनियाँ एवम् अन्य विदेशी तिब्बतीशास्त्रविद्हरूले (Tibetologist) खोज अनुसन्धान, सङ्कलन र पुनर्लेखन गरेको यो महाकाव्यका अहिलेसम्म प्राप्त २२६ भाग (Vol.) मा झण्डै दशलाख श्लोक (हरफ) भएको विद्वान्हरू बताउँछन् । लगभग दुईलाख सातहजार (२,०७,०००) श्लोक (हरफ) भएको हिन्दू महाकाव्य महाभारतभन्दा कयौं गुना ठूलो रहेकाले 'राजा गेसर' लाई विश्वकै सबैभन्दा लामो लोकमहाकाव्य भनी चिनियाँहरू मान्दा रहेछन् । तिब्बती सभ्यता, संस्कृति र साहित्यकै धरोहर मानिने 'राजा गेसर' महाकाव्यलाई लिखित रूपमा ल्याउन चीन सरकारले गरेको प्रयत्न नै सरकारले साहित्य क्षेत्रमा लगानी गरेको अनुपम नमुना हो । समग्र चीनमै गहन कृतिका रूपमा मानिएको यो ग्रन्थ तयारीका साथै राष्ट्रिय रूपमा सन् २००२ मा राजा गेसरको सहस्राब्दी महोत्सव मनाउने अभियानले पनि यो ग्रन्थको शाश्वत महत्त्वलाई प्रष्ट्याउँछ ।

आधुनिक तिब्बती साहित्यका लेखनप्रवृत्ति बुझ्ने यो यात्रामा मेरो ठूलो अभिलाषा थियो । तर उचित सूचनाको अभावमा आधुनिक तिब्बतको साहित्य लेखन गीतिनाट्य लेखनमा नै सीमित रहेको र नाटकबाहेक साहित्यका अन्य विधामा साहित्य सृजनामा त्यति उर्वर हुन नसकेका निष्कर्ष मैले निकाल्नुपर्‍यो । भाषिक समस्या, अनुवादको न्यूनता र प्रकाशन सामग्रीको सहज उपलब्ध हुन नसक्ने समस्याको कारणले पनि मेरो माथिको निष्कर्ष अज्ञानताबाट निस्केको निचोड पनि हुनसक्छ । यदि त्यस्तै भयो भने पनि अज्ञानताको कारणले गलत सूचना प्रवाह भएको ठानी म पाठकसँग क्षमाप्रार्थी हुनेछु ।

यात्रा क्रममा बटुलेका विभिन्न सूचनाको आधिकारिकतालाई तिब्बती विद्वानहरूसँगको अन्तर्क्रिया मार्फत प्रमाणित गर्दा नै हाम्रो डेढ घण्टा बितिसकेछ । तिब्बती कला र साहित्यका विविध विधामा भएको प्रगति बुझ्न हामीलाई अरू २/३ घण्टा न्यूनतम पनि चाहिन्थ्यो । यति समय उपयोग गर्न सकेको भए तिब्बती कला र साहित्यको परम्परा र विकासक्रम बुझाउन त्यहाँ विशेषज्ञहरू पनि तयार थिए । तर समय बलवान् हुँदो रहेछ । बलावन समयको सीमा उल्लङ्घन गर्ने क्षमता हामीमा थिएन । त्यसैले मन अलि गह्रौं बनाएर हामी तिब्बती विद्वानहरूसँग छुट्टियौं । बैठक कोठाबाट प्रतिष्ठान भवनको प्राङ्गणमा उभिएर हाम्रा आ-आफ्ना क्यामेरामा यो भेटघाट र उपस्थितिको क्षणलाई बन्द गरी प्रतिष्ठान प्राङ्गणबाट बाहिर निस्कँदा झण्डै बेलुकाको ६:३० भइसकेको थियो । अलि अत्तालिएका हाम्रा चिनियाँ सहयोगी दोभाषे ल्यूको आदेशमा हामी फटाफट गाडी भित्र पस्यौं । अब हामी सबैको ध्यान नेपाली महावाणिज्य दूतावासतिर आकर्षित भयो ।

*- २०६४ असार ३०*


तपाईंको बच्चाले
कुन नयाँ शब्द
सिक्यो ?
अपेक्षित प्रतिफल पाउनको लागि !
आयोडिनको कमीले बच्चाहरू मानसिक एवं शारीरिक रूपले कमजोर भई पढाइमा पटक-पटक फेल हुनुको साथै खेलकुदमा समेत पछाडि पर्न सक्छन् ।
विश्वभरका आयोडिनयुक्त नुन प्रयोग गर्ने १३० वटा राष्ट्रहरू मध्ये ९०% भन्दा बढी घरपरिवारले आयोडियुक्त नुन प्रयोग गर्ने उत्कृष्ट २० देशहरू मध्ये नेपाल पनि एक हो ।
आयो नुन
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
Himalgraphics

# चन्द्रौटा*, हारमा मन नलुकाऊ !





मोहन दुवाल

कुन अर्थमा राखेर
मान्छेहरूको रूप बुझाऊँ
म तिमीलाई चन्द्रौटा !

पाखण्डीहरू मान्छेको रूपमा तिमीलाई लुट्न आउँदा
तिमी तर्सियौ होला
मान्छेरूपी हिंस्रक-बाघहरू देखेर ।

चन्द्रौटा, तिमी किन रून्छौ
बलात्कृत शरीर छामी-छामी
हेर्नै गाह्रो भयो
तिमी वीभत्स कुरूप मुहार !

घिनलाग्दो निरङ्कुश हमला-भोगेर
घृणामा क्रोध थप्न पनि तिमी डराइरहेछौ
चन्द्रौटा, रुँदै गर्छौ किन तिमी हाँसो देखाएर
रुनुमा आनन्द भइरहेछ कि कसो ?

बाघ-भालुभन्दा हिंस्रक हुँदा रहेछन्
विवेक हराएका नकच्चरा मान्छेहरू
चन्द्रौटा, आज मात्र तिमीले देख्यौ
मनुष्यता हराएका नृशंस हुँडारजस्ता मान्छेहरू !

रुन नसकेर हाँस्नुपर्दा
कति गाह्रो हुँदो रहेछ
चन्द्रौटा, तिमीले कहिल्यै अनुभव गरेनौ
मान्छेभित्र मान्छे भत्किँदा कस्तो कुरूप हुँदो रहेछ !

घरहरू आगोसँग भस्म हुँदै रोइरहेछन्
मनहरू भालासँग तर्सिंदै भागिरहेछन्
कस्ता घिनलाग्दा मान्छेका अनुहार देख्यौ तिमीले
आज हेर वस्ती-वस्तीबाट गिद्धहरू रुँदै भागिरहेछन् !

प्रकृति-गर्भ नै लजाउने कुकृत्यहरू गरेर
उनीहरू सम्राटहरूले झैं
हिंसामा साम्राज्य चलाउन खोजिरहेछन्
तरबार, भाला, खुँडा नचाउँदैछन् उनीहरू
बादशाहले जस्तै
खोपी-खोपीमा नाङ्गा नाच देखाइरहेछन् ।

कस्तो फुङ्ग देखिएको तिम्रो अनुहार चन्द्रौटा
तिमीलाई बलात्कार गर्नेहरूको हार अवश्यंभावी छ
हावा मस्किएर केही भनिरहेजस्तो
घाम ठुस्किएर कतै लुकिरहेजस्तो
पानी भत्किएर खोलाबाट उर्लिएजस्तो
सबै-सबै भोलिका सत्यहरू भनिरहेजस्तो छ

आततायीहरूको जीत
मान्छेको इतिहासमा कतै भएको छैन ।

चन्द्रौटा ! साहस मनमा राख
विजय तिम्रो अवश्य हुनेछ मानवीयताको
जीत तिम्रो भोलि हुनेछ सत् र न्यायको
चन्द्रौटा !
हारमा मन नलुकाऊ उनीहरू पो लुक्छन् प्रकाशसँग ।

*- बनेपा*

**चन्द्रौटा = कपिलवस्तुस्थित एक गाउँ*

गजल

# आव्हान



हरि 'रहम'

थाँती राखी सत्रुतालाई सबै सँगै आउनुपर्छ
युगौं-युग बाँच्न सक्ने नौलो प्रीत लाउनुपर्छ ।

ढुक्क छैनन् अझै पनि यी नेपाली मनहरू
त्यसैले त एकताको मधुर गीत गाउनुपर्छ ।


दाजु-भाइका लडाइँमा भत्केको घर छानोलाई
दाजु-भाइ मिलेर नै फेरि अब छाउनुपर्छ ।

नबुझेर कति कुरा कुमार्गमै भुलेका'थ्यौं
अब भने सधैंभरि सुमार्गमा धाउनुपर्छ ।

डुबेको छ इतिहास डर-त्राशको आहालभित्र
अब भने नेपालीले सुःख शान्ति पाउनुपर्छ !

*- कुईका-७ अछाम*

# स्वतन्त्र



दिनमान गुर्मछान 'दिगु'

उसको अधुरो कथा अझै बाँकी छ । थालनी गरेको धेरै भइसकेको छ तर पूर्णता भने पाएको छैन । पूर्णताको लागि लेखक तयार छैन । कहिलेकाहीँ पात्रको दबाब आइरहन्छ । तर लेखक हिचकिचाउँछ । उसको कथाको पात्र पनि आफूजस्तै पात्र रहेको ऊ ठान्दछ । र अर्को, पात्रको दबाबपूर्ण विचारले, भनाइले ऊ विमति जनाउँछ ।

कथामा एउटा पात्र लेखक छ । जो कथाकै लागि बाँच्छ । घर गृहस्थ चलाउन धौ-धौ परेको छ । तर छाक टार्न भ्याएको छ उसको लेखकीय प्रभावले । ऊ नामी लेखक हो । अधवैंशे उमेर पनि भएको छैन । यसै कथाको अन्त्यमा के गर्ने त्यसको निधो गर्न सकेको छैन कथा-लेखकले । जसले गर्दा कथाले पूर्णता पाएको छैन । लेखकले राम्रोसँग बुझेको छ यो कथा यसै महिनाको पत्रिकामा छाप्नु छ । सम्पादकको विशेष आग्रह हो यो । तर कथा पूरा भएको छैन, गर्ने के ? यता परिश्रमिक उता कथाकारिताको सवाल छ । अर्को, पात्रमाथि निरङ्कुश प्रहार ।

कथाले भन्यो - 'तिमीले पात्रको मेल गराइदेऊ !'

'त्यति सजिलो छैन यो मेल गर्न ।'

'किन ? तिमीले चाहेमा किन मेल हुँदैन ?' कथा बम्कन थाल्छ - 'तिमीले यस कथाको पात्र जो महिला हुन्, उसलाई अन्याय गर्दैछौ । उसको मनोभावनामा ठेस पुऱ्याउनु हुन्न ।'

लेखक मौन छ । एक त अधूरो कथा, त्यसमाथि सम्पादकको आग्रह । यो कथाको पात्र छान्नमा भूल पो गरे कि ? ऊ यसरी सोच्छ । कथाको दबाब यस्तो छ ।

उसको मस्तिष्कले खुट्याउनै सकेन ।

'कथा अधूरो छ, अपूरो छ, पूर्णता जरुरी छ । त्यो मिलनबाट सम्भव छ । पूर्णताका लागि दुवै पात्रको मिलन गराइदेऊ !' कथाले फेरि दोहोऱ्यायो ।

**कथा फेरि पनि आइपुग्यो । लेखकले उसलाई वास्ता गरेन । तर कथा अगाडि बढाउन सकेन । उसले कथातिर फर्केर भन्यो - 'म आज यस कथालाई पूर्णता दिँदैछु ।' लेखक मुसुक्क हाँस्यो - 'तिमी बारम्बार मलाई दुःख नदेऊ ! यो कथाको अन्त्यपछि तिम्रो हाम्रो भेट हुन्न । कहिल्यै पनि हुन्न, बुझ्यौ तिमीले ?'**

लेखक हाँस्यो, उसको पहेला चम्केका दातहरू देखिए । र भन्यो - 'यो संयोगान्तमा आधारित कथा हैन, वियोगान्त नै यसको अवाश्यकता हो ।'

'मिलनविन्दु नै यसको अवाश्यकता हो ।' कथा भन्न थाल्यो - 'तिमी यस कथाको महिला पात्रप्रति दया गर !' लेखकले भन्यो - 'ती महिला पात्र मात्र हैनन् । एक लेखिका पनि हुन् । लेखक विवाहित छ । उसको पहिलो स्वास्नी घरमै छिन् । यी सब तिमीलाई थाहा छ र फेरि पनि तिमी यस्तो भन्छौ ।'

'लेखिका त्यस लेखकलाई औधि मन पराउँछिन् । उसको मनोभावना म बुझ्छु । तिमी एउटा कथाकार भएर बुझ्न सक्तैनौ । तिम्रो मन त्यति कठोर छजस्तो लाग्दैन मलाई ।'

'म कठोर हुन बाध्य छु । ती दुईको संयोगान्तले अर्को वियोगान्त निम्त्याउँछ, के तिमीलाई थाहा छ ? लेखकको श्रीमती मर्छे । यस कुरालाई विचार गर ! अनि यो चरित्रवान् कथा पनि हो ।' कथाकार यसरी भटभट्याएर यसैबीच कथा दबाब नदिई कता लाग्यो ।

हिजोआज लेखक सोच्छ - 'कस्तो पात्र छानेछु मैले । के मैरै कथामा चित्रण गर्नु आवश्यक थियो त !' ऊ बेस्सरी घोरिन्छ 'ममताले मप्रति देखाएको चाख बढ्दो थियो । मेरो लेखकीय प्रभावले उसले मलाई मन पराई । तर त्यो उत्कट चाहना र मिलनको आवश्यक्ता थिएन । किन उनी यसरी पछि लागेकी ? आखिर कुन प्रभावले यो कथाको थालनी गरेछु !'

लेखकले के-के सोच्यो । ऊ बेस्सरी थकित भयो । टेबुलमै अचेत निद्रामा डुब्यो । यसबीच कथाको खेस्रा टेबुलमा लमतन्न मुर्दासमान देखिन्थ्यो । लेखकलाई सपनामा पनि यो कथाले पछ्याइरह्यो । उसले कथाको रफ्तार बढाउँदै गयो, लेख्दै गयो । प्रफुल्ल मन थियो । एक्कासि त्यहीं आएर अडियो । जहाँ कथाको द्विविधा थियो । कथा अघि बढ्न सकिरहेको थिएन । भन्नु पर्दा लेखक सोचिरहेको अवस्थामा पुग्यो । ऊ सोच्न बाध्य भएको थियो । किनकि यो चरित्रवान् कथा थियो । एउटा सामाजिक कथा थियो । तर ऊ सहाराविहीन भयो । पुरुष पात्र मौन रहे । ऊ केवल मुकदर्शकझैं देखिन्थे । सहन नसकेकी महिला पात्र कथालेखक सामु आए ।

लेखक अचेल आत्तिन थालेको थियो । उसले महसुस गर्न थालेको थियो, कि ऊ एक्लो छ ।

'तिमी मेरो भावनामाथि आफ्नो निरङ्कुश कलम नचलाऊ !' महिला पात्र यसरी बोल्छ - 'हैन भने म बाँच्दिनँ । मलाई मारिदेऊ । अनि तिम्रो कथाको पनि अन्त्य हुन्छ । पूर्णता पाउँछ यस कथाले ।'

'तिम्रो मृत्यु पनि यस कथाको अन्त्य हुन सक्दैन । यो त ज्यादै कठोरता हुन जान्छ ।'

'के कठोरता अहिले पनि छैन र ! तिमी मेरो उत्कट चाहना र मिलनको आशालाई लत्याएर कथाको अन्त्य गर्न चाहन्छौ, हैन ?'

'त्यही त म गर्न सकिरहेको छैन । एउटा चरित्रवान् सामीजक कथामा म प्रेमको स्थान कहाँसम्म पुऱ्याऊँ भन्ने द्विविधामा छु' लेखकले भन्न यति मात्र सक्यो ।

'तिमी लेखक भएर केही गर्न सक्तैनौ । सक्छौ ? मेरो माग पूरा गर्नुपर्छ तिमीले ।'

'लेखक भएर सबैको पीडा बुझ्नुपर्छ । त्योभन्दा माथि उठ्नुपर्छ । गाह्रो छ । कसले बुझ्ने लेखकको पीडा ?' ऊ भन्दै गयो ।

'तिमी महिला-लेखकपात्र हौ । तिमीले आफ्नो आवश्यकता मात्र बुझ्ने होइन । सोच, त्यस पुरुषपात्रको पहिलो श्रीमतीको बारेमा पनि !'

यति मात्र भनेको थियो ती महिला पात्र अलप भइन् ।

लेखक आश्चर्यचकित भयो । ऊ तन्द्राबाट झसङ्ग भएर ब्यूँझियो । उसले सपनालाई सम्झन पुग्यो । कस्तो अचम्म यस कथाको भूत उसलाई कहीँ गए पनि छोड्दैनजस्तो सोच्यो उसले ।

कथामा पुरुष तथा महिलापात्र दुवैलाई चरित्रवान् बनाउनु नितान्त आवश्यक थियो । सोहीअनुरूप लेखिएको थियो यो कथा । लेखकले निक्कै विचार पुऱ्यायो - आखिर वियोगान्त हुनु छ । यो कथाको पूर्णता नै यसको जरुरी हो । त्यसैले उसले मन कठोर बनाउन खोज्यो । 'कथाकारले जे पनि गर्नुपर्छ । आवश्यकतालाई मूल्याङ्कन गर्नु र उद्देश्य पूरा गर्नुपर्छ । तैले यस कथाको अन्त्य गर्नैपर्छ ।' उसको मनोविज्ञानले आज्ञा गर्छ ।

लेखकमाथि कथाको दबाब छ । पात्रको दबाब छ ।

यस्तो दबाब उसले कहिल्यै अनुभव गरेको थिएन । अनि यस्तो द्विविधा पनि आइपरेको थिएन । उसले कथालाई आजै पूर्णता दिने विचार गऱ्यो ।

कथा फेरि पनि आइपुग्यो । लेखकले उसलाई वास्ता गरेन । तर कथा अगाडि बढाउन सकेन । उसले कथातिर फर्केर भन्यो - 'म आज यस कथालाई पूर्णता दिँदैछु ।' लेखक मुसुक्क हाँस्यो - 'तिमी बारम्बार मलाई दुःख नदेऊ ! यो कथाको अन्त्यपछि तिम्रो हाम्रो भेट हुन्न । कहिल्यै पनि हुन्न, बुझ्यौ तिमीले ?'

कथा अलमल्ल पऱ्यो । ऊ अक्क न बक्क भयो । र, भन्यो - 'हो, कथाको पूर्णता आवश्यक हो, म मान्दछु तर तिमीले त्यस पात्रमाथि अन्याय गर्न पाउँदैनौ । विचार गर !'

'तिम्रो कलमले उसको भावनालाई ननिमोठ ! सक्छौ भने मिलन गराऊ ! कृपया मिलन गराऊ !' उसले फेरि थप्यो ।

'फेरि पनि तिमी त्यही रट लगाउँदैछौ । कत्ति भन्नु यो चरित्रवान् सामाजिक कथा हो । यसमा बहुविवाहले अर्को आपत्ति सिर्जना गर्न सक्छ । तिमी मेरोछेउ नआऊ ! यस्ता कुरा नगर मसँग !' लेखक एक्कासि चिच्याउँछ । ऊ आक्रमकता, निरङ्कुशता र महानतम आक्रोश व्यक्त गर्न पनि पछि पर्दैन ।

लेखकलाई असह्य भइसकेको थियो । ऊ मुरमुरिन थाल्यो । उसलाई त्यस कथासँग सत्रुता बढेझैँ लाग्यो । कथाको त्यस पात्रले निम्त्याएको सत्रुता थियो । साथै लेखकको मौलिक अधिकारमाथि पनि हस्तक्षेप थियो ।

लेखकले यो अतिक्रमण सहन नसक्ने भयो । उसले कथाको खेस्रामाथि आफ्नो कलम दौडाउन खोज्यो । किनकि यो उसको कथाकारिताको सवाल थियो । यसै महिनामा छापिनुपर्ने नौलो कथा थियो । अनि थियो पेटको सवाल । जसले उसलाई पारिश्रमिक दिलाउँथ्यो । ऊ लेख्न थाल्यो । ऊ लेख्दै गयो ।

कथा चिच्याउँदै गयो - 'तिमी अधर्मी रहेछौ, तिमी एक निरङ्कुश लेखक हौ । तिम्रो मन कठोर रहेछ । तिमीभित्र प्रेम छैन ।' यसरी चिच्याइरह्यो । कथा यसरी चिच्याई रह्यो कि ऊ अझ पनि चिच्याउँदै रह्यो ।

कथाको पृष्ठभूमि जे होस्, तर अन्त्य कथाकारकै हातमा छ । कथाको कथाकारिताको नितान्त आवश्यकता हो ।

कथाकार कथा लेख्दैछ । त्यसपछि लेखक कहिल्यै सोच्दैन, ऊ लेखिरहन्छ । लेखिरहन्छ । किनकि उसलाई अतिक्रमण असह्य हुन्छ । ऊ आफ्नो अधिकार प्रयोग गर्न पछि पर्दैन । लेखक आजसम्म कथालाई पूर्णता दिलाउन स्वतन्त्र छ ।

# स्मृतिदंश




त्यही त थियो,
विश्वासको मियो गाडेर छाडेका
यी हृदयका डोबहरू ।

यत्ति छिट्टै कहाँ बदल्न सकिन्थ्यो,
स्मृतिका छाना हुस्सुमा उडिरहेका
माधुर्य सपनाहरू,

कहाँ पुर्न सकिन्थ्यो वर्तमानको गर्तमा
स्मृतिदंशमा चिहाइरहने प्रेमिल आकाश,
कहाँ अलग्याउन सकिन्थ्यो आफैँबाट
निर्भिक स्वछन्दतामा उडिरहेको यो मन ।

आहटका बादलहरूले घेरेका छन्
छुटिगएका प्रत्येक समय,
वर्तमान बाँच्ने जिजीविषा रहेछ,
त्यही तलतलको लतमा जीवन आरोहण गरिरहेछु ।

माटोका कण कणमा भेटिने मादकता
रूख, बुट्यान, चउर, देउराली,
एउटा नबिर्सिने विम्ब रहेछ,
कङ्क्रिटका जब्बरताभित्र पनि
म विगतका सिमानाहरूमा
वर्तमानको प्रत्येक दुर्घटनाबाट दूर्घटित
एउटा पृथक पहिचान खोजिरहेछु ।




भक्तराज न्यौपाने

- बेखसिंग्ले ९, काभ्रे

समालोचना

# रङ्गमञ्चीय दृष्टिकोणमा 'प्रल्हाद'


युवराज मैनाली

सात्विक अभिनयले नाटकमा पहिलो भूमिका राख्दछ। भनिन्छ, नाटकको अस्तित्व रङ्गशालामा निहित हुन्छ, यी दुई अन्योन्याश्रित विषय हुन्। हो, नाटकीय वस्तुरचनाको सजीव अस्तित्व अभिनयमा निर्भर गर्दछ, अभिनयस्थल रङ्गमञ्च भएकोले यहाँ प्रदर्शनका जुनसुकै सार्वजनिक ठाउँलाई पनि रङ्गमञ्च भनिएको हो। नाटक प्रदर्शनीय वा मञ्चनीय हुनु पनि अपरिहार्य छ। वस्तुतः नाटक पूर्ण स्वतन्त्र कला हो, जो अनुभूति र प्रभाव निस्पतिका लागि प्रथमतः सजीवाकृत हुन्छ। मञ्चमा र गतिशीलता धारणा गर्दछ त्यसपछिका क्रियान्वयनमा। साहित्यका अन्य कला माध्यमले भन्दा यसले निसृत गर्ने भावनुभूति प्रबल आधारहरू केके हुन् र ती आधारमा 'प्रल्हाद' कुन रूपमा रहन्छ भन्ने कुराको विवेचना गरिन्छ।

**युग सापेक्षता :** मञ्चनीय बन्नका लागि सर्वप्रथम नाटकमा त्यस युगको चुरो रहनु पर्दछ। मध्ययुगीन नाटक आजको सन्दर्भमा नाटकीय सफलताका लागि अवश्य देखा पर्दैन। मानिस परिवर्त्य जीव भएकोले समयभित्रका यावत् वस्तु र जीवजगत्मा नवीनता प्रवेशित हुन्छ। भूपतिन्द्र मल्ल वा प्रताप मल्लका समयमा चोक, सहर र डबलीमा देखाइने नाटक आज सापेक्षित देखिन्नन् भने अझ पौराणिक कालक दैवीय चरित्र, अलौकिक लोक र तत्सापेक्ष्य परिवेश आजमा ओराल्न सकिन्न। आजका चरित्र मानवीय हुन्छन्। आजको दृष्टिकोण मानवीय हुन्छ। प्रसारण माध्यमहरू स्वभाविक्ताजन्य हुन्छन् र कलान्वयनका अन्य माध्यमहरूमा हिजो र आजमा निहित पृथकताले दुई युगको दातात्मीयता अभिनेस्थलमा देखाउन जटिलता आइपर्छ भने दोस्रो स्वभाविकताजन्य मात्र नहुँदा दर्शकमा कृत्रिमताबोध हुन्छ, निर्देशनमा असफलता र लेखक स्वयम् आफ्ना पात्रसँग खेल्न सक्दैन। अतः नाटकमा

अभियन कुशलताका लागि त्यस युगका कथानकता चयन, परिवर्तित जीवनवादी दृष्टिकोण र यसमा बहुआयामिकता, प्रसारण माध्यममा सरलता, कलाकरण र अन्य सहभूमिका, उप-भूमिका वस्तुहरूमा आजको दृष्टिकोण राखिनु पर्दछ। त्यसपछि मात्र नाटकमा नाटकीय प्रभावोत्पत्ति, स्वभाविकता, मनोरञ्जन, र शास्वता 'स्व' प्रष्टः प्रष्टिन्छ । हो त्यसैले विचारक वर्टेन रसेलले भनेका छन् - 'साहित्यकार बन्न चाहनेले संसार भोगोस्, अनि कलम समाओस् !'

उल्लिखित तथ्यहरूमा 'प्रल्हाद' नाटकलाई हेर्दा, अभिनय सफलतामा यो न्यून नै रहन्छ । हुन त बालकृष्ण समले रसेलले भनेझैं संसारको परिवर्तित जीवनवादी दृष्टिकोणलाई चित्रकला, पद्यसाहित्य र नाटकका माध्यमबाट अनुभूति पजुल्याउने गरेका छन् । उनको प्रल्हादको दर्शनले मानवीय चीर शान्तिको निदानात्मक भूमिका उल्लेख गर्दै कर्मवादको परिणति खोजेको छ । मानवीय 'स्व' रक्षाका लागि त्यसका विपतिर्थाक परिवेशको उछित्तो पार्दै सर्वमान्य नवीनता स्थापना गर्नु पर्दछ। 'प्रल्हाद' पौराणिक प्रयोग भएकोले धार्मिक अस्तित्वको विजय गराइन्छ । 'मानवलाई आत्मशक्ति प्रदान गरेर उसलाई लक्ष्योन्मुख गराउनु नै धर्मको स्वरूप हो । ...सही रूपमा आत्मचिन्तन र यसको स्व-स्वर फिँजिने निस्काम कर्म क्षेत्रमा जिउनसक्नु नै हाम्रो अन्तिम अधिष्ठान हो ।' (*आचारकालका दृष्टिमा धर्मको स्थानः* लक्ष्मण कोइराला) तर नाटकमा विचारलाई सिधै यसरी विचार दर्शन प्रयोग गर्दा अभिनय कुशलताका खातिर जुट्नसक्ने अन्य स्थितिमा बाधा पर्दछ । आदर्शको आग्रह धेरै नाटकमा पाइन्छ । तर तिनलाई पात्रहरूले आफ्नो रूपमा लिने गर्छन् नकि सोअनुसारका पात्र । अतः स्वभाविकता प्रश्नलाई 'प्रल्हाद' ले निकै हदमा छोडेको छ । आजको वैज्ञानिक हठितालाई कशिपुको तुलनामा प्रयोग गर्दा दुई युगका केही मानवीय स्वभावहरू आज मिल्दो रूपमा अवतरित त भएका छन् तर स्थानीयता (Local Colour) प्रल्हाद र कशिपुमा नै निहित छ, जीवनसम्बन्धी बहुआयामी धारणा प्रष्ट छैन, केवल मानव स्वः र ज्ञान-विज्ञान कर्म परिणतिमा सुरक्षित हुनुपर्छ भन्ने विशद क्षेत्र समाउनु पुगेको छ । यदि प्रसारणका माध्यममा आदर्श आग्रहको पहिलो भूमिकाले स्वतन्त्र हैन भने कलान्वयनको प्रश्न परै छ । यो सम्पूर्ण तथ्यहरूले नाटकको शास्वत अभिनयमा प्रतिकूल प्रभाव पर्छ । जसले गर्दा नाटकीय सत्यभन्दा विचार सत्यको नाङ्गो आदर्श देखिन पुग्छ र भाव निस्पति र द्वन्द्वान्मक चरमता निर्वाहमा स्वतः फितला प्रष्टिन पुग्छ ।

**सरलताः** नाटक साहित्यको एक विधा हो । तर मञ्चनीय नाटकमा साहित्यिक पूर्वाग्रह रहनु हुँदैन । भिईसी मोन्टेष्क्यूको कथन सत्य हो - 'नाटक जति साहित्यिक हुन्छन्, त्यति नै बढी ती रङ्गमञ्चको लागि अयोग्य हुन्छन् र जति बढी रङ्गमञ्चको योग्य हुन्छन् उति बढी असाहित्यिक हुन्छन् ।' साँच्चै विजय मल्ल तथा गोपालप्रसाद रिमालका नाकटमा पाइने छरितोपनाको सममा वर्जणा छ, भने 'प्रल्हाद' त्यसको अझ विशुद्ध परिसूत्र हो । कथोपकथनमा वैचारिक प्रगाढता भएकाले पात्रको शिक्षा र युगसापेक्ष भैकन सरल र छरिता हुन सकेका छैनन् । फेरि कथोपकथनको शैली पनि गद्य-पद्यात्मक अनुप्रसारहित हुँदा पात्रले सजिलैसँग खेलाउन सकेन, आफू शैलीसँग स्वभाव-जननी सत्यको सीमामा सस्वरित हुन सक्दैन, जुन नाटकीय Climax का लागि प्रतिकूल सावित छ । कथोपकथन छोटो भएमा त्यसलाई वाचिक र आङ्गिक अभिनयसाथ सहजताजन्य रूपमा पेश गर्न सकिन्छ । 'तानसेनको झरी', 'प्रेमपिण्ड' मा यसको निर्वाह छ । अतः ती मञ्चनका दृष्टिमा सफल छन् । तर सम अभिनयभन्दा विचारका लागि, मनोरञ्जनभन्दा मनोविज्ञानका लागि नाटक लेख्ने गर्छन् । त्यसैले उनका संवादहरू कुनै एक डेढ पृष्ठसम्म लगातार भएका छन् । रङ्गमञ्चमा यसले धेरै असुविधा ल्याउँछ भने प्रवाहशीलता उनको अनुष्टुप छन्दीय शैलीमा पटक्कै छैन । त्यसैले विचार प्रसारणका माध्यममा सरलता, सुबोधता, सम्प्रेषण र कलात्मकताको अभाव छ । नाटकीय 'स्व'लाई नै यसले आघात पारेको छ ।

आधुनिक् जीवन जटिलताग्रस्त भएकोले बहुआयामी दृष्टिकोणबाट विचार प्रक्षेप गर्नु परेमा सोलाई अन्य उद्दीपन सामग्रीको अभिव्यक्ति दिनु मञ्चमा चित्रात्मक परिसूत्रको नयाँ दृष्टि प्रयोग गर्नु जसले गर्दा सञ्चारित विचारभन्दा आर्थिक अनुभूति सम्प्रेषित हुन सक्छ र यस्ता कुरा 'प्रल्हाद'मा पाइन्न ।

**अभिनय प्रभाव पृष्ठभूमि** : ट्रेजेडीमा विरेचन रहनाले नाटकीय र प्रभाव निष्पत्ति दुवैका लागि ट्रेजेडी नै सर्वाधिक छ भन्ने प्लेटो तथा अरिस्टोटलको भनाई छ । उनीहरूको भनाईमा नियतिको खेलौना हुनुपर्ने मान्छेको जीवन दुःखदायी छ । त्यसैले यस किसिमका नाटक नै वास्तविकता र प्रभावका समीप हुन्छन् । दुःखात्मकता साहित्यका अन्य विधिमा भन्दा नाटक दृश्यकाव्य पनि भएकोले साधारणीकृत भएर हामीलाई हार्दिक पीडात्मक मुक्ति दिने गर्छन्, याने पीडा पातलो गरिदिन्छ । त्यसैले दुःखात्मक नाटकमा स्वभावतः रस निष्पत्ति भैदिन्छ । कतिपय संयोग-परक नाटकमा पनि बीचमा विप्रलम्भ सिंगारलाई ल्याउन सकिन्छ । जस्तो 'अभिज्ञान, शाकुन्तला' मा छ । विद्वान् केशवप्रसाद उपाध्यायको भनाइ छ - करुणा र त्रासको उदेकद्वारा मनोविकारको उचित विरेचना गरिन्छ ।

दुःखप्रति हृदयको सहानुभूति स्वतःस्फूर्त हुन मानवीय प्रकृति छ । हृदय संवेदनापुञ्ज हो, उसले संवेदनशील विषयवस्तुमा उसको आभ्यान्तरिक अनुभूतिको विरेचन गर्दछ । त्यसैले सुखप्रति इर्ष्या राख्ने मानिस दुःखमा संवेदनशील भैदिन्छ । कलाले सत्य कुराको उचित उद्घाटन गर्नुपर्छ, हार्दिक परिदृष्टि उसको (यहाँ नाटकको) दोस्रो कर्तव्य हो । पाश्चात्य दृष्टिकोण यस अर्थमा त्रासद (Tragedy) प्रतिको अधिक समर्थन हार्दिक परिसूत्रका आधारमा पनि यथातात्विक नै देखिन्छ । अन्य नाटकहरूमा नाटककार सम पनि ट्रेजेडीजन्य सिद्धान्तमा रहन्छन्, । चाहे नाटकीय फलाप्ति सुखान्त नै किन नहोस्, कुनै विप्रलम्भ श्रृङ्गार निम्त्याउँछन् । तर 'प्रल्हाद'मा मुख्य चरित्र 'प्रल्हाद'प्रति जेजस्तोसुकै क्रुरतादायी व्यवहारको वर्णन गरिए तापनि ती नाटकीय रस निष्पत्तिका लागि कारुणिक र स्वभावीकृत पनि छैनन् । चितामा जलाएको वा भीरबाट खसाइएको कुरा रङ्गशालामा देखाउन सकिन्न । अर्को पात्रको मुखबाट मात्र सोको उद्घाटन (सूचना) मिल्छ । पौराणिक नाटक 'ध्रुव' बरु सुखान्त भए पनि बीचमा करुण भाव उत्पादन गर्छ । उसको तपस्या, दीनहीनता तथा विक्षिप्त मनोजगत्लाई केही हदमा रङ्गमञ्चमा प्रस्तुत गर्न सकिन्छ, तर संवेदन-सूत्रबाट सर्वथा पर रहन्छ । काशिपुरको मृत्यु दुःखदायी भए पनि ऊ खलनायक हो, उसको हठको कारणले उसप्रति रोष भावना सिर्जना गरिसकेको हुन्छ । अतः नाटकीय फलाप्तीकै लागि उसको मृत्यु गराउनु थियो, यहाँ केही सुखानुभूति नै प्राप्त हुन्छ । यस दृष्टिमा चरित्रका दृष्टिमा नाटकीय प्रभाव अभिर्भावका लागि हिरण्यकशिपु नै सर्वथा अधिक छ, प्रल्हाद जसको सानो कारण मात्र हो । तर फिल्मझैँ नाटक पर्दामा प्रदर्शन गरिने नभै त्यो Life Show पनि हो । त्यसैले मृत्युजस्ता कुरा अभिनय कुशलतामा पृथक नै देखापर्ने हुनाले 'प्रल्हाद' नाटकीय रस अविर्भाव र सोको स्थायित्वको भूमिकामा पनि न्यून रहन्छ ।

**गीतात्मक मुक्ति** : नाटकमा गीतात्मक मुक्ति दिने प्रचलन युनानी ट्रेजेडीभन्दा पहिले भएको थियो भन्न सकिन्छ । यसको आदिम स्वरूप कोरस वा समूहगान हो । आधुनिक कालमा आएर गीतात्मक मुक्ति दिने मात्र यसको काम नभई भावलाई हलुका रूपले नै साधरणीकरण गर्दै सर्वसाधारणसम्म प्रेषित गर्न पाउने बाटो पनि भएको छ । गीतात्मक अभिव्यक्तिकै कारण 'मुनामदन' सफल विशिष्ट नाटक बन्न गएको छ । मनबहादुर मुखियाका नाटकमा पनि यसको सफल निर्वाह भएको छ । 'अनि देउराली रुन्छ' तथा 'ऋसमा टाँगिएको जिन्दगी' जस्ता सशक्त दृष्टान्त हुन् ।


बालकृष्ण समका सुखान्त वा दुःखान्त कुनै पनि किसिमका नाटकमा यसको प्रभाव पर्ने प्रयत्नसम्म पनि भएको छैन । कतिपय सामाजिक नाटक जसका आधारस्रोत सामाजिक परिस्थिति र लेखक स्वयम् कल्पना-भूमि हो, तर पनि त्यहाँ गीतात्मक मुक्तिको प्रश्न रहन्न ।

**नाटकको आकार-प्रकार** : नाटक मञ्चनीय हुन संक्षिप्त पनि हुनुपर्छ । लामो एवम् अनावश्यक घटना विधानको नाटक आधुनिक जमानामा अभिनय कुशलताको अनुकूल हुन सक्दैन । थोरै अङ्क, सकेमा एकै दृश्य भएमा अभिनय एवम् रङ्गमञ्च व्यवस्थापनमा सहजता र स्वभाविकता ल्याउन सकिन्छ । जस्तो, विजय मल्लका नाटकहरू र थोरै दृश्य भएका नाटक नाटकीय चरमता र उसको द्वन्द्वात्मक भूमिका निर्वाहका लागि पनि सर्वाथ सफल सिद्ध हुन्छ भन्ने कुरामा जन अस्टिन (Jane Austen) पनि सहमत देखिन्छन् । समको 'प्रल्हाद' नाटक धेरै दृश्य एवम् अङ्कमा विभाजन गरिएको छ । उसको आधार स्रोत नै पुराण कथामा छ, तर धेरै दृश्यले गर्दा मञ्च साज-सज्जामा सहजता ल्याउन कठिनाई पर्छ भने अधिकांश स्थानमा मञ्चबिना नै नाटक प्रदर्शन गर्नु परेमा प्रायः असम्भव नै देखिन्छ । अतः थोरै दृश्य भएको नाटकले आफ्नो नाटकीय सहजता कायम राखी नाटकीय प्रगतिशीलताको अविर्भावसमेत गराउँदछ । एक सिद्धहस्त नाटककार, कुशल रङ्गकर्मी एवम् अनुभवी दिग्दर्शकले यस कुरामा ध्यान पुराउनै पर्छ । भनिन्छ, समका कृति कृत्रिम हुन्छन्, सुक्सुकाउँदा हुन्छन्, कलात्मक हुन्छ र हेरिरहूँजस्तो हुन्छ । त्यसैले त्यो नाटकीय हुन्छ ।

कविता

# मेरो हातको हतियार

*- शशी लुमुम्बू*



थुनेर झ्याल-आँखीझ्याल
ढ्याम्म लगाएर मूलढोका
जाल, झेल र षड्यन्त्रको
भयङ्कर अँध्यारो कोठामा
तिमीहरूले मेरो विरुद्धमा
खुस-खुस साउती मारिरहेको
सबै-सबै सुनेको छु मैले,

पागलचोकहरूमा बिहानतिर
वेश्याओँठहरू थर्थराइरहेका
भट्टीपसलहरूमा साँझतिर
मविरुद्ध तिमीहरू बर्बराइरहेका
सबै-सबै देखेको छु मैले,

कोखामा विषालु दाह्रा भएका
बगलीमा छुरा बोकेर बुद्ध बनिरहेका
यी हेर ओ मेरा मित्रजनहरू
मसँग पनि छ चुम्बनको धारिलो हतियार ...।
जसको एकै प्रहारमा पनि
समाप्त हुनसक्छ तिमीहरूको अस्तित्व ...।

# मंगलादेवी सिंहसँगको सम्बन्ध

*- गोमा*

वि. सं. १९९७/९८ तिर महिलाहरूको लागि खास कुनै रोजगारीको काम पाइन्नथ्यो । उनीहरूले पाउने भन्ने काम अरूको घरमा भान्छे बस्न, भाँडा माझ्नु, धाई सुसारे बन्नु अथवा तत्कालीन उच्च ओहदाको राणाहरूको घरमा नाचगान देखाउने तालिम लिन बस्नु आदि थिए । तैपनि यो बेला धेरै युवाहरूमा नयाँ जोश पलाउन थालेको थियो । नयाँ र पुराना पुस्ताबीचको सङ्क्रमणकाल थियो । त्यसैले समाजसुधार गर्न, राजनीतिमा परिवर्तन ल्याउन शिक्षा विस्तार गर्न केही व्यक्तिहरू अग्रसर भएका थिए, कवि लेखकहरू युग परिवर्तन गर्न जुर्मुराएका थिए । एकतन्त्रीय जहाँनिया राणा-शासन चरमचुलीमा पुगेर ओरालो लाग्न खोजिरहेको थियो । कतिपय आमाबुबाहरू पनि आफ्ना छोराहरूलाई जति नभए पनि छोरीलाई पनि पढाउनुपर्छ भन्ने अवधारणा बनाउन लागेका थिए । यस्तो युगमा मैले पनि जीविकोपार्जनका लागि ट्यूशन पाढने काम सुरु गरें । हुन त आजभोलि त ट्यूशन गर्ने काम त्यति स्थायी हुन सक्दैन भने त्यस बेला झन् खालि रहरले मात्र यसो पढी टोपल्ने, पढाई टोपल्ने धेरै हुन्थे । त्यसैले कति चाहिँ पढ्थे तर पारिश्रमिक माग्यो कि भोलि भोलि भन्दै अरू पाँच छ महिना झुलाउँथे अनि हराउँथे । तैपनि जसोतसो गरेर यसैलाई आफ्नो आर्जनको मुख्य बाटो बनाएर काम गरेकी थिएँ । कति पटक विद्यार्थीहरूले घरपतिहरूको कति विगार गरिदिन्थे, मैले जरिवारना भनौं कि हर्जाना भनौं तिर्नु पर्दथ्यो । तैपति के गर्ने, अरू काम गर्ने आँट थिएन । स्कुल कजेल थिएन, जागिर पाउन र पछि खुलेका एक दुइटा स्कुलमा पनि मौका पाउन सकिएन ।

यही ट्यूशनको सिलसिलामा महिला नेतृ श्रीमती मंगलादेवी सिंहकी बहिनी सरिता श्रेष्ठलाई पढाउन उनको घरमा पुगें । कुन साल हो त्यो अहिले ठीक सम्झन सकिनँ तर २000 सालभन्दा अगावै भन्ने चाहिँ

निश्चय छ । कसले उनको माइतीमा पुऱ्याइदियो, कसले पढाउन कुरा मिलाइदिए, त्यो पनि अहिले कुनै सम्झना छैन । सरितालाई अंङ्ग्रेजी र नेपाली पढाउन भनी म गएकी थिएँ । स्कुले शिक्षा नभएकोले नेपाली लेखपढी गर्ने अथवा चिठ्ठी पत्र गर्नसक्ने र अङ्ग्रेजी पनि केही सिकाउनुपर्छ भन्ने कुरा भयो । मैले सहर्ष स्वीकारें ।

यही बेला श्रीमती मंगलादेवीसँग पनि बराबर भेट हुन्थ्यो । गोरी चिटिक्क परेकी हँसिली मंगलादेवी पनि तपाईं हुनु नपर्ने, सबैसँग मिठासले बोल्ने देखेर मलाई खुब जाती लाग्दथिन् । उहाँको प्रभावकारी व्यक्तित्वले म निकै प्रभावित हुन्थें । उहाँकी आमा पूर्णदिवी श्रेष्ठ पनि अति नै मायालु हँसिली रसिली हुनुहुन्थ्यो । सरल स्वभावकी पूर्णदिवी समयानुसार घरमा केही छ भने खाजा खाएर जाऊ मास्टर्नी नानी भन्नुहुन्थ्यो, कहिले दुःख सुखका कुरा पनि सुनाउनुहुन्थ्यो र विशेष गरेर आफ्नो ज्वाइँ गणेशमान सिंह (सर्वमान्य नेता) को खुब चिन्ता गर्नुहुन्थ्यो । नगर्नु पनि कसरी ? आखिर आफ्नो ज्वाइँ ।

एक दिन सधैंजस्तै म सरितालाई पढाउन पुगें र कोठामा बसेर पढाउन सुरु गर्दै थिएँ । मंगलादेवी त्यही आमासँग हुनुहुन्थ्यो । केही छिनपछि मंगलादेवी जानु भएछ । अनि आमा पूर्णदिवी त्यही पढाउने कोठामा आएर बस्दै भन्नुभयो - 'मास्टर्नी नानी, तिमी मलाई छोरीजस्तै लाग्छ । तिमी कति वर्षकी भयौ ? भन त !' मैले आफ्नो वर्ष भनें ।

'ए तिमी मेरी मंगलाभन्दा एक वर्ष कान्छी रहिछौ । अनि के महिना हो नानीको भनेर फेरि सोध्नुभयो । मैले जेठ महिना भनें । उहाँले मंगला १९८१ मंसिर महिना भन्नुभएकोजस्तो लाग्यो । अनि फेरि उहाँले भन्नुभयो - 'मंगला र तिमी मित लगाऊ है, उमेर पनि मिल्ने । मलाई तिमी आफ्नै छोरीजस्तै लाग्यो ।' उहाँको कुराले म जिल्ल परें । कहाँ मंगलादेवी, धनी घरकी छोरी-बुहारी, कहाँ म बिहान बेलुका हात मुख जोड्न पनि धौधौ परेकी, यस्तै यताउता गरेर दुईचार पैसा कमाएर खानुपर्ने । म एकछिनसम्म चुप लागें । अनि उहाँले फेरि सम्झाउनुभयो - 'डराउनु पर्दैन, केही हुँदैन ।' उहाँले के सम्झेर डराउनु पर्दैन भन्नुभएको हो, आजसम्म मैले अन्दाज गर्न सकेकी छैन । मैले उहाँको मातृत्वमा वात्सल्य प्रेम देखें । साँच्चि नै मायालु आमा पाएझैं मेरो मन पनि प्रफुल्ल भयो । मैले हुन्छ भनी आफ्नो खुशी प्रकट गरें ।

यसको दुई चार दिनपछि मंगलादेवी आउनु भएको मौका पारेर होला हामी दुवै जनालाई दही चामलको रातो टिका लगाइदिनु भयो । अम्बा, केरा, पेडा आदि हातमा राखिदिनु भयो र हामी दुवैको हात समाउन लगाउँदै भन्नुभयो - 'लौ आजदेखि तिमीहरू मितिनी भयो, दुवैले मितिनी भनेर बोलाउनू' भनेर सिकाउनु भयो । बुबा बद्रिलाल श्रेष्ठ पनि त्यहीं हुनुहुन्थ्यो । उहाँले पनि हामीलाई आसीर्वाद दिनुभयो । यसरी आमाको इच्छानुसार हामी मितिनी मितिनी भयौं ।

मितिनीको नाता त गाँसियो तर हाम्रो सम्पर्क भेटघाट उति बढ्न सकेन । उहाँ राजनीतिको बाटोमा हिंड्ने गणेशमान सिंहजीको छत्रछायामा रहेन नेतृ, उहाँकै पाइलामा पाइला चाल्दै, उहाँको निर्देशनमा आफ्नो पनि व्यक्तित्व बढाउन सक्षम हुँदै अगाडि बढ्नुभयो भने म सामान्य नारी । सायद यसैले हो कि हाम्रो सम्बन्ध परिवारमा विस्तार हुन सकेन । सरिताले पनि स्वयेच्छाले विहा गरेर जानुभयो, त्यहाँ पढाउने काम पनि छुट्दै गयो । आमा भने खूब माया गर्नु हुन्थ्यो तर मलाई नै अप्ठ्यारो लाग्दथ्यो, घुलमिल गर्न सक्ने क्षमता ममा अति नै कम थियो । यसैले हाम्रो यो मितिनीको नाता गणेशमानजीलाई बाहेक उहाँको परिवारमा कसैलाई पनि थाहा थिएन होला । पक्कै कसैलाई भन्नुभएन होला ।

उहाँको घरमा पनि २०४६ सालपछि भने यस्तै साहित्यिक कार्यक्रमको आयोजना गर्दा प्रमुख आतिथ्य ग्रहण गरिदिनु हुन निम्ता दिन हामी दुई चार जना गएका थियौं । त्यसैले उहाँको परिवारका कसैले चिन्ने

मौका पनि परेन । हो, गणेशमानजी भने बाटोमा बेला बखत भेट हुँदा 'नानी घर आऊ न, मंगलासँग नभेट्ने ?' भन्नुहुन्थ्यो । म 'हुन्छ आउँछु' मात्र भन्दथैं, मात्र ओठे जवाफ । मंगलाजी पनि जहाँ भेटे पनि राम्रो बोल्नुहुन्थ्यो, भलाकुसारी गर्नुहुन्थ्यो, छोरीलाई पनि कस्तो छ, के गर्छे भनी सोध्नुहुन्थ्यो । त्यस बेला मितिनीको नाता साँच्चि नै गाँसिएको अनुभूति ममा हुन्थ्यो ।

१९९६ सालतिर महावीर इन्टिच्यूटमा पढ्ने र पढाउने दुवै काम पाएकी थिएँ तर चाँडै नै राणा सरकराले शासन विरोधीहरूको स्कुल भनी बन्द गराए र चिनियालाल आदिलाई थुने । हाम्रो मितेरी साइनो जोडिएपछि ममा उक्त स्कुलको सम्बन्धको पनि छनक केही विरोधीहरूले पाएछन् क्यारे । सायद कसैले कतिपयले मलाई कांग्रेसनी पनि भन्दा रहेछन् र कतिले यो कुरा नकार्ने पनि रहेछन् । जसले जे भने पनि राजनीतिसँग मेरा कतै केही सम्बन्ध थिएन, मात्र उहाँसँगको व्यक्तिगत झिनो मित्रता थियो । यो नाता आमा पूर्णदिवीको सदिच्छा र आकाङ्क्षाको भए पनि झाङ्गिन सकेन ।


समयचक्रले मेरो निवासस्थान २०२९ सालदेखि उहाँको निवासस्थानसँग नजिकियो, मात्र चार इन्चको अर्थात् एक इटे पर्खालले छेकेको छ । कुनै पनि क्षण झ्यालबाट अथवा कौसीबाट चाक्सीबारीको घर देखिन्छ, सधैं जेपी स्कुलको बाटो ओहर दोहर गर्दा पहिलेभन्दा बराबर भेट हुन्थ्यो, नमस्कार र मुस्कानको साटासाट बराबर भइरहन्थ्यो । आज मंगलादेवी जानु भएछ । दुई चार दिन अघिदेखि नै धेरै बिरामी हुनुहुन्छ, अस्पतालमा हुनुहुन्छ भन्ने सुनेर एक दुई पटक भेट्न गएँ । त्यस बेला यसरी गइहाल्ने होला भन्ने पनि सोचिनँ । आज मंगलादेवीको पार्थिव शरीर बिसाइएको ठाउँ राम्ररी नै देखिएको छ, शरीर मात्र देखिएको छैन । हाम्रो सम्बन्ध फल्न फुल्न नसकेरै सकियो । कहिल्यै कतै अब त्यो मुस्कान पाउन सकिन्न, अब कहिल्यै बाटोमा भेट हुँदैन । मेरो आँखा उतै फर्किरहेछन्, नहेरौं त्यो भने पनि नसकिने अनि हेरौं भने पनि नसकिने, कस्तो अत्यासलाग्दो परिवेश यो, कस्तो मुटु छुने अवस्था यो ?

हाम्रो हिन्दू संस्कृतिअनुसार आज त मैले एक छाक छोड्नै पर्छ । हिन्दू संस्कृतिले दिएको यो संस्कार । त्यति नजिक नहुँदा पनि आमा पूर्णदिवी, अनि बाबु बदिलाल र सरिताको साथै मंगलदेवीसँग मितेरी साइनो गाँसिएको मनमोहक क्षण झल्झल्ती आँखाअगाडि आइरहेछ । साथै आँखा पनि रसाइरहेछन् - तप्तप् आँसु चुहिरहेछ । चाक्सीबारीमा एकातिर उहाँको पार्थिव शरीर फूलमालाले सजाएर राखिएको छ, वातावरण अति दुःखदायी देखिन्छ भने फेरि त्यही प्राङ्गणमा 'मंगलादेवी अमर रहुन्' भन्ने नारा पनि घन्किरहेछ । यो विरोधभासले म केही जिल्लन्छु, असामयिक मृत्युको दुःखद् क्षणमा पनि अमरताको नारा ? नाराको के आवश्यक थियो र ? उहाँ त यसै पनि अमर हुनुभएकै छ नि ! व्यक्तिलाई नामले हैन कामले जीवन्त बनाउँछ । महिला सङ्घमा र गणेशमानजीको राजनीतिमा उहाँले दिनुभएको योगदान कसले बिर्सने ?

मृत्युपछि कुन बाटो काँ जाने होला,
फेरि भेट होला कि नहोला ?

यसै गरी बिदा हुँदै जान्छौं एक एक गरी तर सबैले यो अमरताको नारा पाउन सक्दैनन्, यस्तो बिदाइको बेला धेरैको आँसु चुहाउन सकिन्न । साँच्चि नै उहाँ नेपाली समाजमा अमर हुनुभएको छ । उहाँको अवसानले नेपाली महिला समाजमा धेरै क्षति पुऱ्याएको छ । यसैले धेरै धेरैको आँखाबाट अविरल अश्रु वर्षा भइरहेको छ ।

भेटौंला फेरि मंगला
भन्दिनँ अहिले बिदा
पोखौंला मनको दुःख
होला प्रगाढ मित्रता ।




के तपाईंको फोन छैन ?

एस.टी.डी./आई.एस.टी.डी. छैन ?

*चिन्ता नलिनुहोस्, तपाईंका लागि*

**EASYCALL**

ANY PHONE ANY WHERE

1650

रू.२००|-, रू.५००|- र रू. १०००|-का प्रिपेड कलिंग कार्डहरू प्रयोग गर्नुहोस् ।

**नेपाल टेलिकम**

# पेसेवर मलामीहरू

- मूल लेखकः *अलागु सुब्रमाण्यम्*



अनु : रामबहादुर पहाडी

र मेरा भाइ बहिनीहरू मस्त निद्रामा थियौं । एउटा शनिवारको मध्यरातमा मेरी हजुरआमाको देहावसान भएछ । हजुरआमाको निवासमा निस्केको ढ्याङ्ग्रोको आवाज र मानिसहरूको रोदन क्रन्दनले एकबिहानै हामीहरूको निद्रा खुल्यो । हत्तपत्त हामीहरू हजुरआमाको निवासतर्फ लाग्यौं । त्यहाँ एउटा ठूलो भीड जम्मा भएको थियो । घरको हातादेखि बाहिर मूलबाटोसम्म मान्छेहरूको ताँती लागेको थियो । हामी आफ्नी हजुरआमाको खोजी गर्दै त्यो भीडलाई चिरेर बल्लबल्ल प्रवेश गर्‍यौं । हामीहरू भयभीत थियौं किनभने हाम्रो जीवनमा यो नै पहिलो पटक कसैको अन्त्येष्टि क्रिया देख्नु परेको दुःखद समय थियो ।

हामीहरू हजुरआमाको निवासमा पुग्दा नपुग्दै यस्तो अवस्थामा जान्ने सुन्ने ठहरिएका बुजुकले कराएका शब्दहरू हाम्रो कानमा ठोक्किन पुग्यो । अलिकति हावा खुस्केका एउटा मामुली स्कूलका शिक्षक ती उपबुजुक हाम्रै काका हुनुहुन्थ्यो । झट्ट बोलिहाल्ने र चिच्याएर बोल्ने उहाँको बानी थियो । आवेशमा आएर बोलेको बेला पूरै गाउँलेहरूले नसुनुन्जेलसम्म चिच्याइरहनु हुन्थ्यो । आज एकाबिहानै उहाँले चिच्याउनुको कारण थियो - पेसेवर मलामीहरू ठीक समयमा आई नपुग्नु ।

'म अहिल्यै गएर तिनीहरूलाई घोक्राएर ल्याउँछु', आफूसँग आफैँ फत्फताउँदै उहाँ घरबाट बाहिर निस्कनुभयो । म पनि भाइ बहिनीहरूलाई त्यहीं छोडेर मैले बराबर सुन्ने गरेका पेसेवर मलामीहरूका बारेमा केही जान्ने र बुझ्ने मनसायले उहाँको पछिपछि लागें ।

हामीहरू बालुवै बालुवाका गल्ली र साँघुरा गोरेटोहरू छिचोल्दै हिंड्यौं । ती बाटाहरूको यताउति कुनै घरद्वार वा शब्दहरू केही देखिन्नथे र सुनिन्नथे तर मलाई यस्तो लाग्थ्यो सर्पहरूको स्वाँस्वाँ र स्यालहरूको ह्वाँह्वाँ

मेरा कानमा बज्रिरहेछ । काकाले धैर्य दिनुहुन्थ्यो, 'आत्तिनु पर्दैन । सर्पहरूले तलाईं डस्ने छैनन् ।'

हामी अहिले समुद्र किनारमा केही माझीहरू उभिएका छन्, कोही आफ्ना पत्नीहरूको सहयोगमा माछा मार्ने जाल बुनिरहेका छन् भने कोही भेडाहरू लिएर समुद्र बाँध्ने तैयारी गरिरहेका छन् ।

'पर्ख बदमासहरू हो' उनीहरूछेउ पुगेर मेरो काका गर्जनुभयो - 'तिमीहरूलाई थाहा छैन, आज मेरो काकीको दाहसंस्कार हुँदैछ भनेर ? तिनीहरूको बुद्धिलाई धिक्कार छ। समुन्द्र किनारमा हुनुको सट्टा तिमीहरू अहिले त्यहाँ हुनुपर्थ्यो ।'

'हामीहरूलाई थाहा भएन हजुर' भन्दै उनीहरूले आफ्नो आफ्नो काम च्याट्टै छोडे । अनि दुवै हात जोड्दै तुरुन्तै त्यहाँ पुग्ने वाचा गरे ।

नसिहतस्वरूप उनीहरूलाई हप्काउँदै काका थप मलामीहरूको खोजीमा लाग्नुभयो । तीभन्दा पनि साना साना छाप्राहरूतर्फ सङ्केत गर्दै काकाले भन्नुभयो - 'यी दरिद्र महिलाहरूको वासस्थान यिनै हुन् ।'

एउटा छाप्रोनिर उभिएर उहाँले भित्र बस्नेहरूलाई हकार्नुभयो । आफ्ना शिर र गर्दन पनि ढाक्न नपुग्ने चिथ्रा साडी लगाएका दुई जना महिला उपस्थित भए । नाडीदेखि कुहिनासम्म जोडिएका चुरा र कल्लीहरू बजाउँदै उनीहरू काकासामु उपस्थित भए । उनीहरूप्रति क्रोधित हुँदै काका गर्जनुभयो - 'मैले मेरी काकीको दाहसंस्कार दुवै छ भनेर खबर पठाएको थिएँ । तर किन तिमीहरू अहिलेसम्म त्यहाँ हाजिर भएनौ ?'

'हामीहरू हिंडने तयारी गर्दै थियौं हजुर । ढिलो भएकोमा क्षमा चाहन्छौं', एउटीले भनी ।

'अरूहरू खै त ?' काका झन् जङ्गिनुभयो ।

'अहिले त दुई जना दिदी बहिनी मात्र छन् । र अरू कहाँ छन् भन्ने हामीलाई थाहा छैन । तर यी बिचराहरू पनि आफ्नै मृत्यु-शोकमा जानुपर्ने भएको हुँदा यो शोक-समारोहमा उपस्थित हुन असमर्थ भएका छन् ।'

'मैले पनि हेरुँला । कहाँ बस्छन् ती अभागिनीहरू हँ ?' उहाँले सोध्नुभयो ।

'त्यति टाढा छैन, हजुर ।'

'लौ मलाई त्यहाँ पुऱ्याऊ !'

ती दुई महिलाले हामीहरूलाई डोऱ्याउँदै लगे । हामी उनीहरूको पछि पछि लाग्यौं । उनीहरू एउटा सानो छाप्रोमा पुगेपछि अडिएर दुई दिदी-बहिनीलाई बोलाए । दिदी-बहिनीहरू पनि आफ्ना चुच्चा चुच्चा वक्षस्थलबाट तल सर्केका सारीका टुप्पाहरू माथि-माथि सार्ने प्रयास गर्दै बाहिर निस्के ।

उनीहरू एक छिन त अत्तालिए । अनि टक्क रोकिदै काकाको अगाडि लम्पसार परेर बिन्ति गर्न लागे - 'हजुर, आजको लागि क्षमा पाऊँ ! आज हाम्रै आमाको मृत्यु भएको हुँदा हामी ठूलो दुःखमा छौं । त्यही कारणले गर्दा अरूको मृत्यु-शोकमा गएर रोइकराई गर्न असमर्थ छौं ।'

'दुष्ट धृष्टहरू !' काकाले उनीहरूलाई हप्काउनुभयो - 'मेरो काकीको मृत्यु-शोकमा दुई जनाले मात्र रोएर पुग्दैन । उनी को हुन् भन्ने कुरा तिमीहरूले सम्झ त !'

मलामीकी प्रवक्ता भएर बोल्ने महिलाले भनी - 'उनीहरूलाई क्षमा गर्नुहोस् ! आफ्नै आमा मरेकी हुँदा अरूकोमा गएर कृत्रिम रूपमा रुनु न्यायसङ्गत भएन नि !'

मेरा आफन्ती काकाको आँखा ठूला-ठूला भएको मैले देखें । प्रवक्ताको रूपमा बोल्ने त्यो विचरी महिलाले आफ्नो शिर निहुऱ्याई । सहानुभूतिस्वरूप मैले टाउको हल्लाएँ । काकाको रिस मतिर खनियो ।

'धेरै मूर्ख नहुनू !' मलाई उहाँले झपार्नुभयो - 'तलाईं के थाहा छ ? तेरो बुबाका वकिल साथीहरू आउँदैछन् । सर्वोच्च न्यायालयका न्यायाधिश र प्रहरी महानिरीक्षकहरू पनि आउँदै हुनुहुन्छ । अहिले अलि धेरै रुने मलामीहरू भएनन् भने उहाँहरूले के भन्नुहोला हामीलाई ?'

दुई दिदी-बहिनी घुँडा टेकेर क्षमा माग्दै थिए - 'हामीले जानी जानी त्यसो गरेको होइन हजुर ।' एउटीले मुख खोली - 'अर्को पटक हजुरको घरमा कोही मर्दा हामीहरू गएर घाँटी नसुकुन्जेल चिच्याएर रोइदिने छौं ।'

**उनीहरू एक छिन त अत्तालिए। अनि टक्क रोकिँदै काकाको अगाडि लम्पसार परेर बिन्ति गर्न लागे - 'हजुर, आजको लागि क्षमा पाऊँ ! आज हाम्रै आमाको मृत्यु भएको हुँदा हामी ठूलो दुःखमा छौं। त्यही कारणले गर्दा अरूको मृत्यु-शोकमा गएर रोइकराई गर्न असमर्थ छौं।'**

'अलिकति मर्यादाको ख्याल छैन तिमीहरूलाई ?' काका झन् जङ्गिनुभयो - 'यसको अर्थ तिमीहरू मेरो परिवारको अर्को सदस्य पनि मरोस् भन्ने चाहन्छौ, होइन ? सायद तिमीहरूले मेरै मृत्यु होस् भन्ने मनसाय व्यक्त गरेका होउला। यस्तो धृष्टता गरेवापत म तिमीहरूमाथि दण्डाधिकारीद्वारा कोर्रा बर्साउन लगाउनेछु।' यति भन्दै उहाँले ती विचरीहरूको सारी समातेर घिसार्दै अलि परसम्म लानुभयो।

'तपाईं हाम्रो हात छोडिदिनुहोस् हजुर ! हामीहरू जान तयार छौं', उनीहरू विलाप गर्दै खुब रोए।

काकाले उनीहरूलाई छोडिदिनु भयो। अनि चार जना मलामी र मलाईसमेत पछाडि लगाएर अगाडि बढ्नुभयो।

हजुरआमाको घर पुगेपछि ती महिलाले हावाको तालमा हात लहराउँदै कपालका झाँक्रा फिँजाएर रुन कराउन थाले। उनीहरू दुई वा तीन जनाको समूह बनाएर एक-आपसको पीठमा शिर अड्याएर अन्य महिला-साथी र नातेदारहरूसँग मिस्सिए। पेसेवर मलामीहरू अन्य मलामीहरूबाट अलिक टाढा बसेर हावाको तालमा हात लहराउँदै टाउको छाती ठोकेर अलाप-विलाप गर्न थाले। उनीहरू हजुरआमाको नाना तरहले बखान गर्ने खालका शब्दहरू फलाक्दै रुन थाले। आफ्नो पेशाअनुकूल कर्तव्य पालन गर्ने क्रममा उनीहरूले कताकता मृतकका साँच्चिकैका आफन्ती मलामीहरूले खासखुस गरेका सुनेका थिए - हाम्री हजुरआमा भगवान् श्री शिवका आशिर्वादले गर्दा धन्न आफ्नो प्यारो थाम्पु मलायाबाट घर फर्कनुअगावै मर्नु भएन। यसले गर्दा उनीहरूलाई नयाँ उर्जा प्राप्त भयो। उनीहरू आफूहरू बसेको सुकुलबाट जराकजुरुक्क उठे र आपसमा आफ्ना-आफ्ना पाखुरा टाँड पारेर काँध ठोक्दै झाँक्रा फिँजाएर न्वारानदेखिको बल झिकेर रुन थाले।

'ए हजुरआमा, उठ्नुहोस् ! तपाईंको प्यारो नाति आइपुगेका छन्।'

'हाम्री प्यारी हजुरआमा, उठ्नुहोस्! तपाईंको प्यारो नाति आइपुगेका छन्।'

त्यति बेला शोक-समारोहका हर्ताकर्ता भएका मेरो काका आफ्ना साथीभाइहरूबाट आफूले त्यत्रो बहादुरी गरेवापत ठूलो स्यावासी पाउने आशा गर्दै हुनुहुन्थ्यो। तर उहाँको क्रूर व्यवहार देखेर उनीहरू भने उल्टै आतङ्कित भएका थिए। उनीहरूले काकाको अमानवीय व्यवहारको घोर निन्दा गरे जसले गर्दा सबै मलामीहरूको सामु उहाँले क्षमा माग्नुपऱ्यो। धेरै जसो पाहुनाहरूले पनि दुई दिदी-बहिनीहरूप्रति गहिरो सहानुभूति प्रकट गरे। र, मेरो बुबाले उनीहरूलाई उचित रूपमा क्षतिपूर्ति दिने आश्वासन दिँदै घर जाने अनुमति दिनुभयो।

गल्तीका लागि काकालाई नसिहत दियो। तर रमाइलो कुरो के भयो भने ती महिलाहरूले शोक-समारोह विसर्जन नहुन्जेल अझ बढी सेवा गर्ने अभिलाषा प्रकट गर्दै त्यहीं नै बस्ने निधो गरे।

अर्कातिर काका पनि आफूले गरेको कामको धेरै आलोचना भएको हुँदा पहिलेभन्दा पनि बढी जोश र जाँगरका साथ अतिरिक्त क्रियाकलाप प्रदर्शन गर्न लाग्नुभयो। उहाँले ढोल बजाउनेहरूलाई मलामीहरू रोएकोभन्दा पनि सुस्त र सानो आवाजमा बजाएको भनेर हप्काउँदै अलि छिटो र चर्को आवाजमा बजाउने आदेश दिनुभयो। त्यसपछि उहाँ अक्षताको थैलो, धुपका बट्टा र अरू आवश्यक सामग्रीहरूसमेत बोकेर लास

सुताएको स्थानतिर लाग्नुभयो । तर थकाइले गर्दा स्वाँस्वाँ गर्दै हुनुहुन्थ्यो ।

वास्तवमा मलामीहरू जम्मा गर्ने क्रममा उहाँलाई निकै नै परिश्रम परिसकेको थियो । अचानक उहाँ बेहोस हुनुभयो र लडेर भुइँमा लम्पसार पर्नुभयो । आगन्तुकहरूमध्ये केहीले डराएर चित्कार छोडे । कोही उहाँलाई सहयोग गर्न दौडे । कसैले पङ्खा हम्कन लागे भने एक दुई जनाले उहाँलाई उठाएर एउटा कुनातिर लगे । केही क्षणपश्चात् उहाँको होश खुल्यो । अनि अब म ठीक हुन्छु भन्दै सबैसँग क्षमा माग्नुभयो । उहाँका केही हितैषीहरूले पनि उहाँलाई आवश्यक सहयोग गर्ने आश्वासन दिँदै केही समय आराम गर्ने सल्लाह दिए ।

मलामीहरूमध्ये दुई दिदी-बहिनीहरू, जसको स्वर त्यतिञ्जेलसम्म सुकिसकेको थियो, जुरुक्क उठेर यसरी रुन लागे कि उनीहरूले काकाको विरामी अवस्थाप्रति वास्ता नै गरेनन् । त्यसपछि चार जना मलामीहरू एकैसाथ मिलेर बाँसको भ्याङ हावामा कटकटाएझैँ एकै स्वरमा रुन लागे :

दीन-दु:खीहरूले तिमीलाई गुमाए हे दानी हजुरआमा !

अब हामीहरूलाई चाडपर्वमा कसले दया गर्छ ?

तिम्रो प्यारो नाति आइपुगेका छन्, अब तिमी उठ !

प्यारी हजुरआमा ! तिम्रो नाति आइपुगेका छन्, अब तिमी उठ !

केही क्षणपछि उनीहरूको अलाप-विलापको क्रम कम हुँदै गयो । तर मूल पुरोहित आइपुग्दा एउटा बेग्लै प्रकारको कोलाहल सिर्जना भयो । त्यसपछि दाह-संस्कारसम्बन्धी धार्मिक विधान परिपूर्ण गर्न समर्थ गराउने हेतूले पुरोहितलाई विश्राम गर्न दिइयो ।

शोक-समारोहको अवसरभरि 'नाति'सम्बन्धी व्याख्याले पुरोहितलाई खुब उत्सुकता जगाएको थियो । त्यसैले उनले थाम्पुलाई हजुरआमाको लासछेउ धुप बालेर प्रार्थना गर्न बोलाए । थाम्पु जो दिनभरिको क्रियाकलाप देखेर पनि धैर्यता वरण गरेर बसेका थिए, प्रार्थना गरिसकेपछि एक्कासि भक्कानो छोडेर रोए ।

'यतिका वर्षसम्म तपाईंले मेरो बाटो हेरेर कसरी बस्नुभयो हजुरआमा ? तपाईंबाट धेरै टाढा रहनुपर्ने मेरो कर्म नै खोटो रहेछ । त्यसैले होला जब म तपाईंछेउ आइपुगेँ तपाईं अचेत अवस्थामा बिछ्यौनामा हुनुहुन्थ्यो । मैले दुई शब्द बोल्ने अवसर पनि पाउन सकिनँ ।'

मलामीहरूले पनि थाम्पुका तिनै शब्दहरू टिपेर विलाप गर्न लागे:

महान वकिलकी महान् आमा तिमी !

प्रियजनका निम्ति एक शब्द त बोलिदेऊ !

माछा आकारका तिम्रा आँखाहरू एक पटक त खोलिदेऊ !

तिम्रो नाति आइपुगेका छन्, एक पटक त उठिदेऊ !

तिम्रो नाति आइपुगेका छन्, हजुरआमा एक पटक त उठिदेऊ !

---

**लेखकको परिचय:**

*अलागु सुब्रमण्यम उत्तरी जाफनाका बारेमा अङ्ग्रेजी भाषामा विशिष्ट परिकथाहरू रचना गर्ने एक तामिल-लेखक हुन् । उनको जन्म सन् १९१५ मा र मृत्यु १९७१ मा भएको थियो । १५ वर्ष इङ्गलैण्डको प्रवासपछि सन् १९४८ मा उनी श्रीलङ्का फर्केका थिए । उनको सर्वोत्कृष्ट कृतिमध्ये सन् १९६४ मा प्रकाशित* The Big Girl *कथासङ्ग्रहलाई मानिन्छ । प्रस्तुत कथा* ***पेसेवर मलामी*** *त्यही कथाबाट उद्धरण गरिएको हो । यो कथामा उनले जाफनामा प्रचलित जातिवाद अर्थात् उच्च र निम्न वर्गको अन्तरलाई चित्रण गरेका छन् ।*

*- अनुवादक*

कविता

# मैले नलाएको माया





शर्मिला खड्का (दाहाल)

मैले नलाएको माया उसलाई
मुटुभरि र मस्तिष्कभरि
मेरा भावानासँग
लुकामारी खेल्दै
कहिले साउनेझरी बनेर
कहिले शरदको प्रीतको थोपा बनेर
बर्सिरहन्छ, बर्सिरहन्छ ।

मैले नछोएको माया उसलाई
कर्कलोको पानी बनेर
मेरो जीवनको
उकाली ओरालीमा छायाँ बनेर
कहिले चौतारीमा,
कहिले धौरालीमा
पछ्याइरहन्छ, पछ्याइरहन्छ ।

मैले नदेखेको माया उसलाई
क्षितिजपारिको मधुरो दृश्य बनेर
मेरो आकृतिलाई
कहिले उषाको किरणमा,
कहिले गोधुलि साँझमा
स्नेहले अनावृत गरेर
मेरो हृदयभरि
हराउने एउटा सालिक
उभ्याइरहन्छ उभ्याइरहन्छ ।

मैले नसुनेको माया उसलाई
नबुझिने चराको भाषा बनेर
सल्लाको सुसेलीसँगै
मीठो सङ्गीतको धुन बनेर
मेरो कानभरि पवित्र आत्माको सारेगम

प्रत्येक पल, प्रत्येक क्षण
गुञ्जाइरहन्छ, गुञ्जाइरहन्छ ।

मैले नलेखेको माया उसलाई
कहिले कथा बनेर
कहिले कविता बनेर
बाँच्नुको सार्थकतालाई जीवन्त पारेर
मेरो जीवनको गाथालाई
विम्ब र प्रतीकको परिभाषामा रूपान्तरित
गरिरहन्छ, गरिरहन्छ ।

मैले नलाएको माया उसलाई
कहिले शीत बनेर
कहिले गीत बनेर
कहिले काया बनेर
कहिले छायाँ बनेर
कहिले सङ्गीत बनेर
कहिले सुभाष छरेर
हरपल मेरो जीवनको अमूल्य क्षणभरि
एउटा जिउँदो इतिहासको चित्र
कोरिरहन्छ, कोरिरहन्छ ।

# युगको फैलावट

- *दामोदर पुडासैनी 'किशोर'*



तिम्रो फैलावटले
आकार ग्रहण गरेको क्षण
सम्झ,
नयाँ जीवनमा प्रवेश गर्दैछ्यौ तिमी

किरिङ्गमिरिङ्ग रेखाहरू
र, क्रसमा फैलिएका तरङ्गहरू समातेर
दिँदैछ्यौ आवाज तिमी तिम्रा आकारहरूमा
भरिँदै फक्रिरहेछन् अनुपम स्वर र इन्द्रेणी रङ्ग

तिमीले च्याप्यौ समयलाई
समयको क्यानभासमा
मनको कुचीले पोत्यौ रङ्ग
कुन्नि के के कोरें भन्थ्यौ तिम्रा चित्रहरूमा
तर मैले त देखें
तिमी पो उचाई चढिरहेकी हरेक चित्रहरूमा

हुने भए म
मान्छे हुन छाडेर
तिम्रा चित्र पो हुन्थें
तिम्रा चित्र हुन सके
कमसेकम
मर्दिनथें म युगका अनन्त फैलावटहरूमा ।

# रमैया हेगडे एस.एम.



विनोद दीक्षित

दिउँसोदेखि हस्पिटलको भित्र-बाहिर गर्दा अर्थोपेडिक डिपार्टमेन्ट पनि रहेको बिल्डिङको मूल गेटमा सुकिलो लुगा लगाएको एक मानिस सानो गलैंचामा बसेर आफ्नो अगाडि ठूलो भुवादारी रुमाल ओछ्याएर तथा आफ्नो छेउमा कालो रङ्गको टाउकोमा चाँदीले बेरेको हाफ साइजको दुई लठ्ठी राखेर बसिरहेको थियो । ओछ्याइएको रुमालमा पाँच, दस र पचासका नोटहरू बढी देखिन्थे भने दुई-दुईका नोट एक दुई वटा पनि देखिन्थे । उसको कुनै संस्थाको लागि चन्दा मागेको मैले ठानें । अहिले म बाहिरबाट हस्पिटलमा आउँदा के देख्छु भने ऊ लबीको एक सोफामा बसिरहेको छ र एक डाक्टर तथा अन्य दुई जना ऊसित कुरा गरिरहेछन् स्थानीय भाषामा । मैले केही बेर हेरिरहें अनि खाना ट्रलीमा राखेर बिरामीहरूलाई दिन जान लागेको ट्रलीम्यानलाई रोकेर लबीमा बसेर कुराकानी गरिरहेको बूढोतिर सङ्केत गर्दै 'गेटमा बसेर त्यस बूढोले केको लागि चन्दा माग्छ ?' भनी सोध्दा उसले 'केको चन्दा हुनु, आफ्नो लागि भीख माग्छ' भनेर अगाडि बढ्यो ट्रलीम्यान । उसको जवाफ सुन्दा आश्चर्यमा परें किनभने मैले कुनै पनि भिखारीलाई पचास, दश, पाँचका नोटहरू भीखमा दिने गरेको कतै देखेको छैन । मैले ठानें, त्यो ट्रलीम्यानले पनि त्यस बूढोको मिसनको लागि चन्दा हाल्नु परेकोले उसमा चिढचिढाहट उत्पन्न भयो, त्यसैले उसलाई भिखारी भनेको होला ।

माथि आएँ र ड्यूटीमा बसिरहेको एक नर्सलाई पनि यही प्रश्न सोधें । त्यो नर्सले छेउमा बसेकी अर्की नर्सलाई मुसुमसु हाँस्दै स्थानीय भाषामा मैले सोधेको प्रश्न भनी । अर्की नर्सले पनि मुस्कुराउँदै भनी - 'ऊ कुनै बेलाको धनी मानिस हो, सके अहिले पनि धनी नै छ होला, तर प्रबल स्वाभिमानी ! परिवार त्यागेर यहाँ बसेको छ, एक पटक उहीसित कुरा गर न !'

सुरेन्द्रजी आफ्नो बेडमा पल्टिएर अखबार पढिरहनुभएको थियो । मैले केही म्यागाजिन पनि ल्याएको थिएँ, सुरेन्द्रजीलाई हेर्न दिँदै त्यो भिखारीबारे भनेँ । उहाँले 'कुरा एक पटक त्यसैसित गरिहेर न !' भन्नुभयो ।

बिहान साढे सात बज्नुभन्दा अघि सुरेन्द्रजीलाई गुडाउने ट्रलीमा बसाएर ट्रलीम्यानले प्याथोलोजी डिपार्टमेन्टतिर लग्दा म पनि लिफ्टबाट सँगै झरेँ । यसबीच होटलबाट हाम्रा दुई अन्य मित्र डा. रुद्र र शुक्र पनि आइसकेका थिए । हामीले सबै खाले परीक्षण गराउने भएका थियौँ आ-आफ्नो शरीरको । मेरो उठ्नेबित्तिकै बिहान चिया खाने बानी भएकोले चियाको तलतल लागिरहेको थियो । त्यसैले चारै जनाको कागजात डा. रुद्रलाई दिएर 'म चिया खान हिँडेँ' भनेँ । अरूले भने रगत झिकेपछि मात्र चिया खाने विचार गरेका थिए ।

क्यान्टिनमा भिखारी बूढोलाई देखेँ जो एक कुनामा बसेर आलु-परौठा खाँदै थियो अनि गिलासमा भएको चिया सेलाउँदै थियो । ऊनजिक गएर उसलाई अभिवादन गरेँ । उसले अभिवादन फर्कायो र स्थानीय भाषामा मलाई बस्न भन्यो । मैले काउन्टरमा बस्नेलाई 'कफी पाइन्छ ?' भनी सोध्दा उसले सकारात्मक रूपमा टाउको हल्लाएको हुनाले कफी ल्याउन भनेँ । अनि बूढोलाई पनि अङ्ग्रेजीमा भनेँ - 'तपाईंबारे रोचक कुरा सुनेँ, एक पटक तपाईंसित कुराकानी गर्न पाए हुन्थ्यो ।'

उसले पनि अङ्ग्रेजीमै मलाई सोध्यो - 'तपाईं बिहार, यूपी, राजस्थान, पञ्जाब कहाँबाट आएको ?'

मैले भनेँ - 'नेपालबाट आएको हुँ, तपाईंको सुन्दर देश हेर्न । हाम्रो एक साथी बिरामी हुनुभयो, माथि चार जना बस्ने क्याबिनमा राखिएको छ, अरू दुई मित्र पनि हुनुहन्छ ।' यसो भनेपछि उसले 'अहिले यो क्यान्टिनमा दिनदिनै खाजा खाएको मैले तिर्नुपर्ने बील तिर ! अनि साँझ रक्सी ख्वाऊ, त्यही बेला सबथोक भन्नेछु' भन्यो । मैले उसको दस दिनको बील तिरेँ, तीन सय पनि पुगेको थिएन ।

उसले मेरो अगाडि हात पसार्दै मेरो हात तानेर आफ्नो परिचय दियो - 'रमैया हेगडे एस.एम.।' मैले पनि आफ्नो परिचय दिएँ - 'सरल कुमार ।' एकैछिनको अन्तरालपछि उसले भन्यो - 'मेरो नाउँको पछाडि रहेको एस.एम. के हो भनेर तिमीले किन सोधेनौ ? ल भैगो भै भन्छु, एस. भनेको सेल्फ र एम. भनेको मेड अर्थात् 'रमैया हेगडे सेल्फ मेड ।' यति भनेपछि ऊ जोडजोडले हाँस्न थाल्यो । ठीक त्यही बेला शुक्रजी आएर ' रगत हामी सबैको लिइसक्यो अब तिम्रो पालो' भनेपछि म उठेँ अनि हेगडेलाई 'सात बजे बेलुका यही बिल्डिङको लबीमा भेटौँ' भनेँ ।

सुरेन्द्रजीको घाटी एकाएक अररो भएर नचल्ने भयो तथा ढाड पनि बेस्सरी दुख्न थालेपछि उहाँलाई हामीले हस्पिटल ल्यायौँ । डाक्टरले जाँचिसकेपछि भर्ना गऱ्यो र रगतलगायत सबै कुराको परीक्षण गर्न भन्यो ।

हामी चारै जनाको परीक्षणको रिपोर्ट आयो । सबैको फैट्टी लिभर, सबैको प्रेसर अलिअलि बढी देखियो । सुरेन्द्रजीलाई डाइबेटिजको सिम्टम पहिले पनि देखिएको हो, अहिले पनि देखियो । उहाँको डाढ घाँटीको एक्स-रेले केही देखाएन । सुरेन्द्रजीलाई हेर्ने डाक्टर अब भोलि मात्र आउँछ, त्यसैले हस्पिटलमा बस्न पर्छ वा पर्दैन उसैले भन्छ ।

सात बजेतिर हामी तीनै जना तल झऱ्यौँ । डा. रुद्र र शुक्र होटलतिर लागे । म भने सुरेन्द्रजीलाई खानाको निम्ति क्यान्टिनमा अर्डर गर्न जाँदा लबीको एक सोफामा क्रिम कलरको कुर्ता र रातो किनार भएको नेती (धोती जसलाई दक्षिण भारतीयहरू लुङ्गी लगाएको जस्तो गरी लगाउँछन्) को पहिरनमा देखेँ । उसले स्यान्डल पनि नयाँ लगाएको थियो । मैले हेगडेलाई 'एक मिनेट' भनेर क्यान्टिनमा गएँ र सुरेन्द्रजीको निम्ति खानाको अर्डर गरेँ ।

ऊर्वशी रेष्टुराँ लग्न टेम्पोचालकलाई भनिएकाले उसले त्यहाँ लग्यो । रेष्टुराँका म्यानेजर र केही वेयराले बूढोलाई अभिवादन गरे । हामी एउटा कुनामा गएर बस्यौँ । बूढो हेगडेलाई पञ्जाबी खाना खुब मन पर्दो रहेछ । तसर्थ महिनामा एक वा दुई पटक ऊ यहाँ आउने गर्दो रहेछ । मैले दुई लार्ज पेग मैकडोवेल मगाएँ । बूढाले सोडा, मैले

मिनरल वाटर भनें अनि वेयरा जाने बेलामा चिकेन टिक्का पनि ल्याउन भनें ।

वेयराले एउटा ट्रेमा ड्रिङ्क, सोडा, मिनरल वाटर ल्यायो । बूढोले आफ्नो ड्रिङ्कको गिलास सोडाले भऱ्यो । केही बेरपश्चात् चना साँधेको र पापड ल्याएर टेबुलमा राख्दै वेयराले 'कम्प्लीमेन्ट्री' भन्यो ।

दोस्रो लार्ज पेग आधी जति खाँदा बूढोलाई अलिकति लागेको आभास पाएँ । खानाको रुचि राम्रै रहेछ अनि मन परेको परिकार थप्न ऊ लाज नमानी अर्डर गर्ने गऱ्यो ।

उसले आफ्नो कथा सुनाउँदा कुनै बेला ऊ उत्तेजित हुन्थ्यो, कुनै बेला उसका आँखाभरि आँसु नअटाएर बग्थे ।

मैट्रिक सकी नसकी पास गऱ्यो रमैयाले । उसको बिहे भइसकेको थियो । दुई छोराहरू जन्मिसकेका थिए । इन्टरमिडिएट पढ्न थाले पनि उसको पढाइमा मन लागेन र खेतीबाट कसरी बढी अन्नबाली उत्पादन गर्ने भन्ने कुरामा उसको ध्यान केन्द्रित हुन पुग्यो । यसो हुनुको कराण के थियो भने समग्र रूपमा पैसा पुग्दैन थियो - बदलिंदो समाज तथा परिवारको आवश्यकता पूरा गर्न । ऊ कृषिमा बढी तल्लीन हुन थाल्यो जसले गर्दा इन्टिरमिडियट पूरा गर्न सकेन । अचानक उसको पिताको मृत्यु भएकोले परिवारको जिम्मेवारी उसको काँधमा आइपुग्यो ।

छोराहरू ठूलो हुँदै गए, नयाँ-नयाँ आवश्यकता सिर्जना भए । यही सब कारणले गर्दा उसले एकाएक आलुको खेती गर्ने विचार गरेर केही जग्गामा खेती गऱ्यो । नाफा राम्रो भएकोले अब उसले आलुको खेती मात्र गर्न थाल्यो र नजिकको सहरमा आफ्नो ठूलो गोदाम खोल्यो । आलुको व्यापारले उसको जीवनशैली नै बदलिदियो । आम्दानी बढ्दै गएर ऊ त्यस सहरमा आलुको सबभन्दा ठूलो होलसेल व्यापारी बन्यो ।

जेठो र माहिलो छोरो किशोर अवस्थामा हुँदा रमैयाको तेस्रो छोरो लामो अन्तरालपछि जन्मियो । तर दुर्भाग्य ! छोरो जन्मिनेबित्तिकै श्रीमतीको देहान्त भयो । कान्छोमा उसले आफ्नो माया-प्रेम सबै खन्यायो र आमाको अभाव भन्ने वातावरण नै उत्पन्न हुन दिएन । यद्यपि अलि टाढाको नाताबाट दिदी पर्ने जो वर्षौंदेखि रमैयाकै घरमा आफ्नो कोही नभएकोले बस्ने गर्थी, उसैले कान्छोको स्याहार-सुसार गर्ने गरी ।

रमैयाको पसलमा नासिक सहरको एक प्याजको व्यापारी आई प्याजको व्यापार गर्ने सल्लाह दिएपछि उसले प्याजको व्यापार के सुरु गरेको थियो, ठूलाठूला बैजनी रङ्गका नासिकी प्याज उसको लागि सुनको अण्डा दिने कुखुरीजस्तो देखियो जसले गर्दा उसको व्यापारले कोल्टे फेऱ्यो । थोत्रो घर बेचेर महलजस्तो घर किन्यो, व्यापारमा छोराहरूको पूरै सहयोग लिने मनसायले ती दुवै छोराको निम्ति मोटर साइकिल र आफ्नो निम्ति एउटा जिप किन्यो । कान्छो छोरालाई आफू बसेको सहरको सबभन्दा महँगो बोर्डिङ स्कुलमा राख्यो उसले ।

समय बित्दै जाँदा रमैया हेगडे सहरकै एक प्रतिष्ठित व्यापारी मात्र होइन प्रतिष्ठित नागरिकको रूपमा देखियो । सामाजिक कार्यको लागि ऊ आफैंले चन्दा दिने गर्थ्यो ।

तर, यता दुवै छोराले व्यापारमा साथ दिनु त कहाँ हो कुलतमा लागेर पैसा उडाउन थाले । जेठो चौबीसै घण्टा कि गाँजा कि रक्सी खान्थ्यो भने महिला नगरबधुहरूका प्रेमी बन्न पुग्यो, उसको बसाई प्रायः तिनीहरूसँगै हुने गर्थ्यो ।

रमैया दुःखित भयो ती दुवै छोराका आचरण देखेर । विवाह नै गरिदिएपछि सुध्रिन्छन् कि ? बिहेपछि पैसा उडाउने मामिलामा जेठो सुध्रिएको जस्तो देखियो किनभने श्रीमती अत्यन्त कडा स्वभावकी भएकीले उसलाई आफ्नो नियन्त्रणा राख्ने गरी । माहिलाले ठिटीबाजी गर्ने आफ्नो आचरण सुधार्न सकेन यद्यपि दुवै श्रीमतीहरूका इच्छाअनुसार पिताको व्यापारको पैसा हबन गर्नमा दुवै छोराबीच प्रतिस्पर्धा नै चल्यो । ती दुवै नालायक देखिए भने तिनका श्रीमतीहरू दुवै दुष्ट !

कान्छो छोरोप्रतिको प्रेम झन्-झन् बढ्यो । उसका प्रत्येक आवश्यकता आफ्नोतर्फबाट झन् बढाएर पूरा

**उसले मेरो अगाडि हात पसार्दै मेरो हात तानेर आफ्नो परिचय दियो - 'रमैया हेगडे एस.एम. ।' मैले पनि आफ्नो परिचय दिएँ - 'सरल कुमार ।' एकैछिनको अन्तरालपछि उसले भन्यो - 'मेरो नाउँको पछाडि रहेको एस.एम. के हो भनेर तिमीले किन सोधेनौ ?**

गर्थ्यो रमैया । सम्भ्रान्त कुलीन परिवारको छोरोजस्तो देखिन्थ्यो कान्छो । र, त्यस्तो देखिँदा कसैले आश्चर्य मान्दै कान्छोलाई 'तपाईंको छोरो ?' भनी प्रश्न गर्दा ऊ गौरवान्वित हुँदै मुसुमुसु हाँसेर टाउको हल्लाउँथ्यो ।

एक समय यस्तो आयो - अब ऊ नासिकका प्याजका व्यापारीहरूभन्दा ठूलो व्यापारी भयो, उसको व्यापार विस्तार हुँदै गएर ठाउँ-ठाउँका माग पूरा गर्न नसक्ने देखेपछि नासिकका व्यापारीलाई प्याजको खेती व्यापक गर्न जग्गा किन्नका निमित्त बैङ्ककै दरमा ब्याज लिएर पैसा लगानी गर्न थाल्यो ।

स्कुल सिध्याएपछि म्यानेजमेन्ट पढ्न कान्छो छोरो अर्कै ठूलो सहरमा केही वर्षदेखि बस्ने गर्थ्यो । एक दिन घर आएर त्यही सहरमा बस्ने आफ्नो क्लासफेलो केटीसित विवाह गर्ने इच्छा आफ्नो पितासित व्यक्त गर्दा रमैया झन् खुशी भएर छोरालाई अँगालो मार्‍यो । ठूलो कुलीन र पढलेखेको प्रतिष्ठित परिवारकी छोरीले आफ्नो छोरोलाई मन पराएको कुरा आफ्नो इष्टमित्रहरूलाई गर्वका साथ सुनाउने गर्‍यो ।

छोरोको बिहेमा धेरै पैसा खर्च गर्‍यो रमैयाले । बिहेपछि बुहारीका कुरा सुनेर केही बेर ऊ चिन्तित भयो तर आफूलाई सम्हाल्दै उसले स्वीकृति दियो । कुरो के भने बुहारीलाई ससुरोले आलु र प्याजको व्यापार गरेको मन परेन, साथै त्यहाँको वातावरण पनि मन परेन, त्यसैले उसले 'हामीलाई धेरै पढ्नुछ, हामी उतै गएर बस्छौं' भनेकी थिई ।

जेठो छोराले तीस लाख र माहिलो छोरोले दुई चरित्रहीन केटीलाई नासिकको व्यापारीकहाँ लगेर एउटीलाई श्रीमती र अर्कीलाई साली भनेर चिनाएर हिसाब मागी एक्काईस लाख लिएको थियो । दुवै छोराले हिसाबमा उक्त रकम नजनाएर हबन गरेको थाहा पाएपछि रमैया आगो भयो । जति गर्दा पनि सुधिएनन्, अब यिनलाई सबक सिकाउन पर्छ भन्ने ठानेर एक दिन रक्सी खुबै खायो उसले । रक्सीको प्रत्येक चुस्कीसँगै उसको रिस बल्झिँदै गयो अनि लठ्ठी लिएर जेठो र माहिलो छोरोको कोठामा गई तिनीहरूले गरेका बेइमानीका सबूत दिँदै दुवैलाई पालैपालो निर्घातसित कुट्यो । तिनका श्रीमती र छोराछोरीहरू हतप्रभ भएर हेरिरहेका थिए, कसैले एक शब्द पनि बोलेनन् ।

अनि रमैयाले आफ्ना सबै व्यापारिक मित्रलाई व्यापारसम्बन्धी लेनदेनका काम छोराहरूसित नगर्नू भन्ने निर्देशन दियो ।

यसबीच कान्छो छोरोले छोरो पाएको कुरा आफ्नो पितालाई खबर गरेन । रमैयाले धेरै समयपछि थाहा पाएपछि निकै गम्भीर भयो । उसको मनमा 'कान्छो के कारणले मसित रिसायो, म त उसलाई आफूभन्दा बढी माया गर्छु तर छोरो जन्मिएपछि खबर गरेन, पक्कै मैले उनीहरूको चित्त दुखाएँ' भन्ने कुराको उसको मनमा आइरह्यो । एकाएक आफ्नो गाडी लिई छोरो बस्ने गरेको सहरका निम्ति प्रस्थान गर्‍यो रमैयाले । सहर पुगेपछि त्यो सहरको सबभन्दा ठूलो 'चिल्ड्रेन हाउस' मा गई बच्चालाई चाहिने सबै प्रकारका सामान तथा अनगिन्ती खेलौना किनेर ऊ घर पुग्यो नातिलाई हेर्न । दुई दिन बसेर बिदा हुने बेला रमैयाले छोरासँग कुरा गर्दै अन्त्यमा 'मैले केही गर्नुपर्छ ?' भनी सोध्दा 'भाडाको घर भनेपछि आफूले चाहेको सबै प्रकारको सुविधा हुँदैन, यदि मिल्छ भने मलाई यो सहरमा एउटा घर किन्न मन छ' कान्छो छोरोले भन्यो । रमैया एक छिन चुप लाग्यो, अनि बोल्यो - 'हिँड मसित म तिमीलाई घर किन्न पैसा दिन्छु, मैले कमाएको तिम्रै लागि हो ।

समाजले विरोध गर्दैन भने म आफ्नो सारा सम्पत्ति तिमीलाई मात्र दिन चाहन्छु ।'

समय निकै बित्यो । यसबीच रमैयालाई डाइबिटिज भयो, दमले पनि लक्षण देखाइसकेको थियो ।

निकै पैसा जम्मा गरेका रहेछन् ती दुवै छोराहरूले । त्यसैले व्यापारीहरूबाट पैसा नपाए पनि राम्रैसित घर चलाए यी वर्षहरूमा तिनले । पैसा सिद्धिन थालेपछि दुवैले अंश मागे, रमैयाले वास्ता गरेन । एक दिन झगडा गर्ने उद्देश्यले तिनीहरू दुवैले अंशको कुरा चलाउँदा रमैयाले 'यी सबै सम्पत्ति मैले रगत-पसिना एक गरेर कमाएको हुँ, म तिमीहरूलाई दिन्न' भनेपछि दुवै र तिनकी श्रीमतीहरूको कराउँदै र फतफताउँदै 'हेर्छौं कसरी सम्पत्ति दिँदैनौ' भनेर चुनौती दिए ।

एक दिन रमैयालाई अदालतले पुर्जी थमायो, बुझ्दा त दुवै छोराले अंशका लागि पिताविरुद्ध मुद्दा हालेका रहेछन् । त्यो दिन रमैया ज्यादै दुःखित भयो र बेस्सरी रक्सी खायो । मातेपछि गएर दुवै छोरालाई हप्काउँदा ती दुवै मात्र होइन तिनका श्रमिती पनि बूढोमाथि खनिए । बूढोले रिस थाप्न सकेन, अगाडि देखा परेको माहिलो छोरोमाथि थप्पड हान्दा सबैले बूढोलाई लछारपछार पारे र भऱ्याङतिर उसलाई घच्याडे, ठाडो रहेको तीन तले भऱ्याङबाट बूढो खुरमुरियो । बूढोलाई छिमेकीहरूले अस्पताल भर्ना गरे । दुवै खुट्टा चार-पाँच ठाउँमा फ्रयाक्चर भएको रहेछ ।

अस्पतालमा उसका दुवै खुट्टा टाँगिएर दुई महिनादेखि बेडबाट उठ्न नसक्ने गरेर साह्रै सकसपूर्ण समय बिताइरहेको बेला एक व्यापारीले आएर उनलाई सुनाए - 'दुवै छोराहरूले मुद्दा जिते । जे सम्पत्ति छ सबै चार भाग बराबरी लगाउनू भनेर अदालतले फैसला गरेको छ ।' रमैयाले भन्यो - 'म यदि बाँचे भने मेरो पुनर्जन्म हुन्छ, म नाङ्गो भएर जन्मिन्छु ।' व्यापारीले उसको कुरो केही बुझेन, ऊ चुप लागिरह्यो । किनभने रमैया छटपटाउँदै आइया-आत्था गरिरहेको थियो ।

रमैया शान्त भएपछि व्यापारीले व्यापारबारे सोध्यो । रमैया चुप लाग्यो र केही बेरपछि भन्यो - 'जिन्दगीमा आरोह र अवरोहले मेरो जिन्दगी समाप्त गऱ्यो रामकृष्णन् ! म कहिल्यै नहार्ने मानिस यो पटक भने हारेँ ।'

यसबीच हस्पिटलका खर्च रमैयालाई हेर्न आउने गरेका व्यापारीहरूले बेहोरे । कान्छो छोरोका झण्डै एक वर्षपछि एउटा चिठी र दुई लाखको चेक आयो जसमा उसले उक्त रकम उपचारार्थ पठाएको र छिट्टै भेट्न आउने कुरा उल्लेख गरेको थियो । रमैया झन् दुःखित भयो, कान्छो छोराको व्यवहार देखेर जसलाई आफ्नो प्राण र मुटु अर्पण गरेको थियो, उसले पनि कुनै खोजखबर नलिईकनै आफू नआएर रजिस्ट्री गरेर पैसा पठायो । रमैयाले उक्त रकम अर्थोपिडिक डिपार्टमेन्टलाई ठूलो मेशिन किन्न चन्दा दियो ।

एक दिन कान्छो छोरो आफ्नो चार-पाँच वर्षको छोरोलाई लिएर आयो । दुवै खुट्टामा रड हालिएको कारण हिँड्न गाह्रो हुने भएकोले प्रायः बेडमै हुन्थ्यो रमैया । बिहान-बेलुका लठ्ठीको साहाराले नर्सहरू झण्डै पन्ध्र मिनेटजति हिँडाउने गर्थे । छोरोलाई देख्यो रमैयाले तर बोलेन । आफ्नो पितातर्फ सङ्केत गर्दै 'तिम्रो ग्रान्डपा' भनी आफ्नो सानो छोरोलाई चिनायो कान्छो छोराले । फुच्चेले 'हेलो ग्रानपा, हाउ आर यू ?' के भनेको थियो रमैयाले त्यो बच्चोलाई तानेर पटापट म्वाई खान थाल्यो र टाउकोमा हात फेर्दै धेरैबेरसम्म च्यापिरह्यो । यसबीच छोरोले 'सबै सम्पत्ति दुवै दाज्यूहरूले बेचे, तपाईंको भागमा पैंतालीस लाख रुपैयाँ पऱ्यो' भनेर आफ्नो बैगबाट पैसा झिक्न लाग्दा 'मलाई पर्दैन, जम्मै पैसा यो बाबुको नाउँमा बैङ्कमा राख्नू ।' भन्यो र चुप लाग्यो । केही बेरको अन्तरालपछि मौनतालाई भङ्ग गर्दै रमैयाले छोराको अनुहार नहेरी भन्यो - 'दुई वटा मोबाइल किनेर ल्याऊ !'

छोरो उठ्यो मोबाइल किन्न जान । फुच्चे पनि आफ्नो बाबुसित जान लाग्दा रमैयाले जान दिएन । फुच्चे नगए तापनि उसलाई उकुसमुकुस भइराखेको थियो । उता रमैया नातिलाई च्याप्दै 'म तिमीलाई तिम्रो मम्मी-डैडीभन्दा बढी माया गर्छु बाबु, मलाई हरेक दिन फोन गर है, फोन गरेनौ भने म मर्छु,

आफ्नो ग्रान्डपालाई देख्न पाउँदैनौं' लगायत अनेक कुरा बर्बराइरह्यो । फुच्चे बूढोसित बल गरेर छुट्टियो र अति टाढा गई अरू थोक हेर्न थाल्यो । बूढोले धेरै पटक बोलायो तर ऊ आएन ।

छोरोले दुई वटा मोबाइल किनेर ल्यायो । रमैयाले दुवै फोन नम्बर नोट गऱ्यो र एउटा नातिलाइ दिँदै 'मलाई हरेक दिन फोन गर है !' भन्यो । बाबु-छोरा जान लाग्दा बूढोको आँखाबाट बर्बर्ती आँसु बगिरह्यो धेरै बेरसम्म ।

बूढो रमैया र नातिबीच दुई वर्षमा जम्मा तीन पटक कुरा हुन पायो । ऊ बोर्डर भएकोले तथा मोबाइल घरमै दराजमा थन्किएर रिचार्ज नभएकोले त्यस्तो हुन गयो । महिनाको एक शनिबार घरमा आएर आइतबार साँझ फर्किन्थ्यो फुच्चे ।

यता आफ्नो स्वाभिमानले गर्दा र हस्पिटलको दयामायामा बस्न नचाहने आफ्नो जिद्दी सोचाइले गर्दा ऊ अर्थोपिडिक डिपार्टमेन्टको बिल्डिङको मूल गेटमा बसी भीख माग्न थाल्यो, एउटा रुमाल ओछ्याएर ।

नातिको पछिल्लो पटक ऊसित कुरा हुँदा 'ग्रान्डपालाई भेट्न र पापा आउँदैछु अर्को आइतबार, दुई दिनको बिदा छ हाम्रो' उसले भनेको थियो र आयो पनि ।

कान्छो छोरोलाई बाबु रुमाल ओछ्याएर भीख मागेको देखेर लाज लाग्यो र भेट्ने वा नभेट्ने भन्ने दोधारमा भइरहँदा फुच्चेले ग्रान्डपलाई देख्यो र दौडँदै नजिक गयो । बूढोले अँगालो माऱ्यो र धेरै बेरसम्म च्यापिरह्यो, अनि रुमाल झिक्दै त्यसमा रहेका रकम खल्तीमा हाल्यो र नातिलाई 'आऊ' भन्दै आफ्नो दुवै लट्ठीको साहाराले हिँड्दै लबीमा रहेको सोफामा आफू बस्यो र नातिलाई पनि बसाल्यो । दुवैबीच निकै कुरा भए, कुरा पढाइसम्बन्धी थियो, लण्डनकै एक स्कुलले जाँच लिन्छ भनी नातिले भनेको सुन्दा बूढो छक्क पऱ्यो ।

पछि नातिले ग्रान्डपालाई हस्पिटल छोडेर आफैंसित बस्न बारम्बार अनुरोध गऱ्यो । रमैया प्रेम, माया र स्नेहको भोको थियो, एकाएक सुरिएर डाक्टरनिर गई 'मलाई सदाको लागि डिस्चार्ज गर्न मिल्छ ?' भनी सोध्दा दिनमा झन्डै पाँच-छ पटक लामो समयसम्म अक्सिजन लिनुपर्छ, त्यसमाथि ब्रोन्काइटिस र डाइबिटिज दुवै भएकोले डाक्टरको रेखदेखमा बस्नुपर्छ, त्यसैले डिस्चार्ज गर्न मिल्दैन' भन्ने जवाफ पाएपछि रमैया निराश भयो ।

बिदा हुने बेलामा नातिलाई रमैयाले प्रत्येक दिन, अझ मिल्छ भने दिनको दुई-तीन पटक फोन गर्न भन्यो, नातिले 'हुन्छ ग्रान्डपा म पक्कै फोन गर्छु' भनेको थियो, मोबाइललाई प्रत्येक रात सुत्ने बेला चार्ज गर्थ्यो । अरूको मोबाइल बज्दा आफ्नो हो कि भनेर खल्तीबाट मोबाइल झिकेर हेर्ने गर्थ्यो ।

तर नातिको फोन आएन विगत पाँच वर्षदेखि ।

...रमैयाले आफ्नो कथा सिध्याएपछि बाँकी रहेको कागती पानी खायो । एकछिनपछि हामी निस्क्यौं । टेम्पोबाट ओर्लेर मैले सहारा दिँदै लगें ।

हिँड्दाहिँड्दै उसले सोध्यो - 'सबै आ-आफ्नो घर फर्किसके, होइन ?' अनि केही बेरपछि भन्यो - 'अरू बेला त होइन राती सुत्ने बेला मलाई डर लाग्ने गर्छ र शरीर पसिनाले निथ्रुक्क हुन्छ ।'

छुट्टिने बेलामा मैले 'मलाई छोराजस्तै ठान्नोस्, आफ्नै ठान्नोस्' के भनेको थिएँ ऊ पड्किँदै 'म नातागोता भन्ने कुरालाई घृणा गर्छु, कोही आफ्ना हुँदैनन्' भन्दै मेरो हात हुत्याइदिएर लट्ठीको सहाराले आफ्नो बेडमा गयो सुत्न ।

दुई वर्षपछि म त्यो सहर पुगें । मलाई रमैया-बूढोलाई भेट्न मन लाग्यो । अर्थोपिडिक बिल्डिङको मूल गेटमा उसलाई मैले देखिनँ । म क्यान्टिनमा गएँ अनि एउटा कुनामा बसें । क्यान्टिन मालिक व्यस्त थियो ।

कफी निकै बेर लगाएर खान थालें अनि अलि होलो भएपछि क्यान्टिन मालिकनिर गई रमैयाबारे सोध्दा उसले भन्यो - 'रमैयाको डेढ वर्षअघि नै निधन भयो । ऊ नातिलाई भेट्न अत्यन्त इच्छुक थियो तर नाति भने अमेरिकामा निकै वर्षअघिदेखि पढ्न गएको थियो । डाक्टरहरूले यो कुरा उसलाई नभनेर लुकाए । किनभने रमैया यो कुरा सहन सक्दैन थियो ।'

# यी अभेद्य सपनाहरू



एक ताँती सपनाहरू
जुलाईको कुनै एक दिनझैँ
अनुहार बोकेर
मेरो प्रदेशमा बास माग्न आइरहेछन्
बेमौसमका फूलभन्दा सुन्दर अनुहारहरूमा
फिक्कापन पोखिएको छ
- गोधुलीको घामझैँ
गुराँसझैँ सुन्दर सजावट
कसरी पहिरो गयो ?
- मेरो उत्तरपुस्तिका खालि रहन्छ ।

सपना सपना नै हो
सपनालाई सपना नै बनाउनुपर्छ
सपनाको अस्तित्व सपनामा मात्र छ
- यस्तै भन्नेहरूविरुद्ध
नाराबाजी गरिरहेका
उनीहरूको अनुहार
ज्वालामुखी फुट्नै लागेको पहाडझैँ देखिन्छ

सपनाका विपक्षीहरूले
थुप्रै स्वर्ग निर्माण गर्ने सपनाहरू
जन्मन नपाउँदै तुहाएका छन्
सहिद सपनाहरू
ढुन्मुनिदै उठ्न खोज्दा
कन्चटमै प्रहार गरेका छन् बज्रमुक्का
सपना सफल भएका अभिलेख छैनन्

आफ्नै प्रदेशमा प्रवासी हुनुको
बेचैन खप्न नसकेर
अज्ञात भविष्यको बाटो टेकेका छन् - सपनाहरूले
जून हराएको पूर्णिमाको रात हेर्न अप्ठेरो हुन्न
उनीहरूको अनुहारभन्दा



सुवास खनाल

यस बखत
मेरो बस्तीमा आइपुगेका सपनाहरू
यस बस्तीमा बास बस्दैछन् - एक रात


कोही हुनुहुन्छ भने
कोही सक्नुहुन्छ भने
फर्काउनुस् सपनाहरूलाई आफ्नै प्रदेशमा
र सपनाहरूलाई साकार हुन दिनुहोस्
सपनाहरूलाई सफल हुन दिनुहोस्
ख्याल गर्नुहोस्,
सपनाहरू भएनन् भने तपाईंको प्रदेशमा
हर विपनाहरू अपूरा/अधुरा रहनेछन् ।

*- छतिवन ८, मकवानपुर*

कविता

# सत्तालाई कहिल्यै दुख्दैन

*- श्रीरामसिंह बस्नेत*



देशमा आँसुको भेल जति बगोस्
निमुखा रङ्गतको आहाल जति कटकटियोस्
सत्ताको अनुहार कहिल्यै निन्याउरो हुँदैन
किनकि सत्तालाई कहिल्यै दुख्दैन ।

सत्तासँग मुटु हुँदैन, धडकन हुँदैन
सत्तासँग आँखा हुँदैन, दृष्टि हुँदैन
सत्तासँग बल मात्र हुन्छ, विवेक हुँदैन
त्यसैले सत्तालाई कहिल्यै दुख्दैन ।

मुलुकमा कति विधवा बने
कति लालावाला टुहुरा बने
सत्ताको लागि
त्यो नियमित समाचारभन्दा बढी केही होइन
त्यसैले सत्तालाई कहिल्यै दुख्दैन ।

हरेक पटक सत्तामा नयाँ अनुहार फेरिँदा
एउटा झिनो आशा सायद सबैमा पलाएको हुन्छ
तर त्यो आशा सायद सधैं निरासामा तुहिन्छ
किनकि सत्तालाई कहिल्यै दुख्दैन ।

५

# डिभाइन भ्यालीमा नास्तिक अनुभूतिहरू


भूपिन व्याकुल

जुन २००४ ई.स.मा मैले नारायणगढदेखि भैरहवाको लागि बस पक्रिदा मध्यान्हको चर्को घाम नारायणीको पानीमाथि ठीक समकोण पारेर मध्याकाशमा हिँडिरहेको थियो । त्यही घामलाई समुद्रमाथि किरणहरूले टेकेर उभिएको हेर्न म दक्षिणी भारतको पाण्डिचेरी यात्रामा निस्किएको थिएँ ।

क्याम्पसमा पूरै एक महिनाको लागि वर्षे बिदा सुरु भएको थियो । यो एक महिना म समुद्रका निर्जन किनारहरूमा बिताउन लालायित थिएँ । म पानीको पुजारी, म समुद्रको प्रेमी । ठहर थियो - समुद्रको किनारमा उभिएर त्यसको विस्तृति हेर्न र पानीको रङ्गहीन सुन्दरताभित्र डुबुल्की मार्न । कालगण्डकीको जीवन्त गीत सुनेर मैले आधी बैंस बिताएको छु । रहर थियो समुद्रको गर्जन सुन्न ।

देवेन्द्र दाइ समुद्रले गीत गाउने सहरमा हुनुहुन्थ्यो । दाउन्नेको बाक्लो जङ्गल काटेर बस बुटवल पुग्दासम्म म सोचिरहेको थिएँ - ट्रेनको टिकट र यशोधा दिदीको बारेमा । टिकट रिजर्वेसनको जिम्मा लिएको एउटा व्यापारी ठिटोले दिएको धोकाले मेरो बनिरहेको मानसिकतालाई कसरी हथौडाले झैं जबरजस्ती हिर्काएको थियो र कसरी यशोधा दिदीले गोरखपुर फोन गरेर मेरो लागि टिकट मिलाइदिन उनको परिचितलाई अनुरोध गरेकी थिइन् ? म त्यो सम्झिरहेको थिएँ । त्यो साँझ यशोधा दिदीसँग मेरो भेटघाट नभएको भए यात्रा स्थगित गर्ने विचार पनि आउन सक्थ्यो । र नजाने कति समयको लागि समुद्र-दर्शनको मेरो उग्र चाहना ज्वालामुखीझैं मेरो मनको भित्री भागमा छट्पटाउँदै बसिरहेको हुन्थ्यो ।

त्यो रात मैले राधा दिदीसँग बिताएँ । लामो समय भारतीय सेनामा सम्बद्ध भएर त्यसको भूमिमा जीवन बिताउनु भएका चक्र दाइले मेरो सहज यात्राका लागि विभिन्न जानकारीहरू दिनुभयो ।

भोलिपल्ट बिहान मलाई सुनौली पुऱ्याएर चक्र दाइ फर्कनुभएपछि मात्र म यात्रामा छु भन्ने आत्मबोध भयो । गोरखपुरको सत्यम होटलमा यशोधा दिदीको परिवारले मलाई पर्खिरहेको थियो । श्रीमान् रायमाझी गम्भीर तर सहयोगी सवभावका रहेछन् - दिदीझैँ । म उनीहरूको परिवारसँग चामलमा धानझैँ मिसिएँ ।

उनीहरू साई-भक्त थिए । उनीहरूको सुन्दर छोराको नाम साईबाबाको समर्पणमा 'साईरस' राखिएको रहेछ । पुट्टपर्तीमा साईबाबाको प्रत्यक्ष दर्शन गर्न र अवसर प्राप्त भए त्यहीं साई स्कूलमा छोरालाई भर्ना गर्ने उनीहरूको उत्कट इच्छा रहेछ ।

आत्मिक सन्तुष्टिका छुट्टाछुट्टै प्रयोजनको लागि हामीहरू यस यात्रामा भेटिएका थियौं । हाम्रा छुट्टाछुट्टै यात्राहरू थिए । दर्शन गर्ने छुट्टाछुट्टै स्थल थिए । साईबाबा र समुद्र ।

मेरो टिकट अझै कन्फर्म भैसकेको रहेनछ । भरतपुरबाट फोन गरेर यशोधा दिदी टिकट लिइदिन आग्रह गरेको होटल-मालिकले एउटा टिकट हातमा थमाइदिँदै भन्यो - 'कन्फर्म टिकट अब पाउन सम्भव छैन । यो वेटिङ-लिस्टको टिकट लिनुस् र टिटीलाई सय पचास हातमा थमाइदिनुस् । कन्फर्म हुन्छ ।'

असमञ्जसमा मैले त्यो टिकट लिएँ अतिरिक्त पैसा तिरेर । मसँग अर्को भरपर्दो विकल्प थिएन ।

वेटिङ टिकट लिएर लगभग पचास घण्टा ट्रेनमा बिताउनुका विविध कठिनाइहरूको मलाई उतिसाह्रो हेक्का थिएन । यो मेरो दोस्रो रेलयात्रा थियो । सन् १९९० तिर गणेश दाइसँग दिल्ली जाँदा मैले पहिलो पटक यस्तो यात्रा गरेको थिएँ ।

टिकटको सन्दर्भमा मलाई हल्का चिन्ता लागिरहेको थियो ।

साढे दुई घण्टा ढिला गरेर समर स्पेशल एक्प्रेसले गोरखपुरको रेलवे स्टेसनमा अन्तिम हर्न बजाउँदा साढे सात बजेको थियो । रायमाझी परिवार र म स्लिपर क्लासका छुट्टाछुट्टै डिब्बामा गएर बस्यौं । आधी पृथ्वीलाई निलिसकेको अँध्यारोलाई चिर्दै विविध साङ्गीतिक धुनहरूमा लिकमाथि ट्रेन चिप्लिरहेको थियो । गोरखपुर रेलवे स्टेसनमा किनेको सार्त्रको जीवनी पढ्दै थिएँ - हल्लाहरूको माझैमाझ टिटी आएर मेरो टिकट माग्यो ।

निरीहझैँ मैले उसको हातमा डेढसय भारु थमाइदिएपछि उसले मलाई पछिपछि आउन भन्यो । उसको पछिपछि लाग्ने मानिसहरूको भीडमा मिसिएर मेरो ज्यानले तताइसकेको वर्थ छोडी म अर्को डिब्बामा छिरेँ । डिब्बाको अग्रभागमा देखाउँदै उसले मलाई त्यहाँ बस्न आग्रह गऱ्यो । मेरो टिकट कन्फर्म भएको रहेछ । त्यति बेला रातको बाह्र बजिसकेको थियो ।

सम्बन्ध विस्तार गर्ने उद्देश्यले वर्थको सम्मुखमा सुस्ताइरहेको गोरे युवकलाई मैले उसको गन्तव्यको बारेमा सोधेँ । मेरो अङ्ग्रेजी प्रश्नको नेपाली जवाफ पाएपछि भने म राम्ररी नै जिल्लिएँ । उनीहरू पनि चितवनबाट नै आएका रहेछन् - पुट्टपर्ती साईबाबाको दर्शन गर्न । उनीहरू चार जना थिए । गोरे युवक दीपक भट्टराई र अमर बाँनिया कृषि विकास बैङ्कका कर्मचारी रहेछन् । अधबैसे लीलाराज पाण्डे र उनकी छोरी माया सर्पझैँ गुडुल्किएर सुतिसकेका थिए, आ-आफ्ना वर्थमा ।

अप्रत्यासित ट्रेनमा नेपालीहरू नै भेटिएपछि मैले बढी सुरक्षित महसुस गरेँ र चुपचाप निदाएँ ।

७ जुनको बिहान म ब्यूँझिदा नेपाली मित्रहरू तास खेल्दै थिए । हामीहरूले सँगसँगै चिया पियौं । भोक व्यवस्थापनको लागि हामीहरू ट्रेन रोकिनासाथ ओर्लिने र स्टेसनमा प्रायः खानेकुरा खोज्ने गर्न थाल्यौं । त्यो स्वस्फूर्त समझदारीले हामीहरूलाई एउटै परिवारका सदस्यहरूमा रूपान्तरण गरिदियो ।

मध्यान्हमा उत्तर प्रदेश काटेर ट्रेन मध्य प्रदेशको तातो हावामा पस्यो ।

मेरो यात्राको रहस्य थाहा पाएपछि मायाले प्रतिक्रिया व्यक्त गऱ्यो - 'जाबो समुद्र हेर्न यति टाढा आउनुपर्ने - एक्लै ?'

'मेरो साईबाबा समुद्र हो ।' मैले मायालाई भन्न चाहरे पनि भनिनँ । त्यो किशोरी अत्यन्त कमजोर, हरदम जीवनदेखि प्रशस्त थोकेकी जस्ती महसुस हुन्थी ।

भोपाल काटेपछि नरम तुवालोभैंm झर्न सुरु गरेको साँझमा डिब्बाको ढोकामा आमने-सामने बसेर दीपक र म गीत गाउन थाल्यौं -

'.... माया साथैमा, उडायो रैलैले !'

गीत गाएर थाकेपछि दीपकजीले मायाको बारेमा जुन रहस्य मलाई सुनाए त्यसले मलाई स्तब्ध पऱ्यो । पलक्षणको लागि मानौं दौडिरहेको ट्रेन लिकबाट चिप्लियो ।

माया क्यान्सरको बिरामी रहिछ । धेरै अप्रेसनपछि उसको क्यान्सर झन् बल्झिएछ र मायाको मृत्यु निश्चित भएको अप्रिय घोषणा डाक्टरले गरिदिएको रहेछ । मायाको अन्तिम इच्छा पूरा गर्न लीलाराजजीले छोरीलाई साईबाबाको प्रत्यक्ष दर्शन गराउन पुट्टपर्ती लिएर जादै रहेछन् । साई-दर्शनपछि चमत्कार हुनसक्ने विश्वासको मायाको जीवनको सम्भवतः अन्तिम विश्वास थियो ।

त्यसपछि मैले तुरुन्तै आफ्नो यात्रागत खुशीलाई बाँध्न थालेँ । मृत्युले लेखिरहेको मानिसको अगाडि खुसी हुनु पनि ठूलो पागलपन हुँदो रहेछ । असभ्यता हुँदो रहेछ ।

भोलिपल्ट बिहान म ब्यूँझदा सम्मुखमा एक इण्डियन युवती रोइरहेकी थिई । उसको 'रुकस्याट' राती चोरी भएछ । अन्तर्वातामा पेश गर्न अब ऊसँग कुनै प्रमाणपत्र थिएनन् । जागिर फुत्किने चिन्ताले ऊ रोइरहेकी थिई ।

आन्ध्रप्रदेशको राजधानी हैदरावाद काटेपछि यदलापुरमा रोकिएको ट्रेनमा एउटा अपरिचित महिलाले अप्रत्यासित मलाई समाई र भनी - 'अरे सलमान !'

उसको एउटा हात मेरो पछिल्लो पकेटमा पुगिसकेको थियो । म उसको अँगालोमा थिएँ ।

जीवनमा पहिलो पटक यसरी अपर्झट हिजडासँग मेरो भेट भएको थियो । त्यो अपरिचित हिजडा भन्ने बोध भएपछि डरले म बाथरुमभित्र पसेँ । त्यो नामर्दपन सम्झन योग्य थियो ।

ट्रेन दौडिरहेको भूमिमा साँझतिर पानी पऱ्यो । दीपकजी र मैले हिजो साँझमा झैं गीतहरू गाउन थाल्यौं । हाम्रो विपरीत ढोकामा बसेर दुई जना तमिल युवतीहरूले पनि गीत गाउन सुरु गरे । उनीहरू हाम्रो गीत बुझ्दैनथे । हामीहरू उनीहरूको गीत बुझ्दैनथ्यौं ।

हाम्रो गीत गाउने प्रस्तावलाई उनीहरूले स्वीकार गरिदिएकाले उनीहरूलाई धन्यवाद दियौं ।

रेलको डिब्बामा बसेर सिमसिम पानी परिरहेको साँझमा गीत गाउनुको आनन्द अत्यन्त गहिरो थियो ।

मध्यरातमा धर्मवरममा उत्रिंदा हामीहरूले पूरै त्रिपन्न घण्टाहरू ट्रेनमा बिताएका थियौं र लगभग चौबीस सय किलोमिटर भारतीय भूमि छिचोलेका थियौं ।

म बेङ्लोरको लागि टिकट लिएको मान्छे, धर्मवरमा नै किन उत्रिएँ ? त्यसको नेपथ्यमा पनि यसोधा दिदीको नै भूमिका थियो । दिउँसो उहाँको डिब्बामा छलफल हुँदा दिदीले भन्नुभएको थियो, 'भाइ तपाईं पनि धर्मवरम नै झर्नुस् ! तपाईंलाई साईबाबाले बोलाउनुभएको हो । उहाँको दर्शन गर्नुस् !'

दिदी र मेरो अवस्थामा पुरै एकसय असी डिग्रीको फरक थियो । तापनि मैले सोचेँ - 'म त एक घुमक्कड । ठीक छ, यस पटक पुट्टपर्ती पनि घुमौं न त !' धर्मवरमबाट त्यही रात मैले देवेन्द्र दाइलाई फोन गरेँ । भनेँ - 'म तिन दिनपछि मात्रै पाण्डिचेरी आइपुग्छु ।'

राती दुई बजे हामीहरूलाई लिएर एउटा बस त्यहाँबाट पुट्टपर्ती गुड्यो । घण्टाभरमा पुट्टपर्तीको बस स्ट्याण्डमा पुगेर त्यो रोकियो । त्यही बिहान साईबाबाको दर्शन मिल्ने भएपछि यशोधा दिदीको परिवार र अन्य मित्रहरू खुशी देखिए । नयाँ अनभूतिको प्रतीक्षा मेरो लागि पनि निःसन्देह प्रिय थियो ।

समयान्तरमा प्रशान्ति निलयमको गेट खुलेको हल्ला आयो । अनिदा आँखाहरू मिच्दै हतारहतार हामीहरू गेटभित्र पस्नेहरूको पङ्तिमा उभियौं र हलभित्र पस्यौं ।

हल अत्यन्त भव्य थियो । सयौं बत्तीहरू पहेलों धातुले बनेको सिलिङमा झुण्डिएर टिम्टिमाइरहेका थिए । पुरुष र महिलाहरूले प्रार्थना-कक्ष खचाखच थियो ।

## रोग निदान, प्रेम, परिवारिक सन्तुष्टि, अमेरिका जाने भिसा इत्यादि याचना पत्रजस्तो त्यो ढुङ्गा लाखौं मानिसहरूले त्यसको प्राकृतिक स्वरूपमाथि गरेको कायर हस्तक्षेपको ज्वलन्त कथा बोकेर नजाने कुन युगदेखि चुपचाप बसिरहेको थियो ।

बस्ने व्यवस्था पुरुष र महिलाहरूको लागि छुट्टाछुट्टै । व्यवस्थापनको लागि यत्रतत्र साईरामहरू अनुशासनपूर्वक उभिरहेको थिए र शान्तपूर्वक निर्देशन दिइरहेका देखिन्थे ।

मायालाई लिएर यशोधा दिदी महिलाहरूको भीडतिर लाग्नुभयो ।

ॐ ॐ ॐ

हल 'ॐ' ध्वनीले लामो समयसम्म गुञ्जायमान भयो । सबै दर्शनार्थीहरू उच्च खरमा 'ओम' 'ओम' भनिरहेको थिए । त्यो समय मैले हर्मन हेस्सेको विख्यात उपन्यास 'सिद्धार्थ' सम्झिरहेको थिएँ ।

त्यसपछि भित्र कतै नेपथ्यमा भजन गुञ्जियो । अब सबैलाई साई-ईश्वरको प्रतीक्षा थियो । मानिसहरू आँखा चिम्लिएर ध्यानी साधुझैँ पद्मासनमा लीन थिए । उल्लेख्य के थियो भने लामो समयसम्म उनीहरू चुप रहे । तर प्रतीक्षा असह्यजस्तो हुन थालेपछि उनीहरू यताउता चल्मलाउन र खोक्न थाले ।

प्रतिक्षा लामो थियो तर सकियो । आठ बजे सस्यानो गाडीमा चढेर बाबा हलभित्र प्रवेश गरे । महिलाहरूको पङ्क्ति कटेपछि सभाहलको बीचोबीचमा उनी ह्विल-चेयरमा बसालिए । साईबाबा बूढो भैसकेका रहेछन् ।

उनको प्रवेशसँगसँगै हल पुनः गुञ्जियो । उच्च स्वरमा ऋचाहरू पढिए । शङ्खको आवाज हलका भित्ताहरूमा ठोक्किए ।

प्रत्यक्ष-दर्शन दिने क्रम अघि बढ्यो । उनको सम्मुखमा बसेर भजन गाउनेहरूले मात्र त्यस्तो अवसर प्राप्त गरे । जीवनको भिक्षा माग्न त्यति टाढाबाट उनको शरणमा पुगे कि मायाले त्यस्तो सौभाग्य पाउन सकिन ।

बाबा मन्दिरभित्र पसेपछि हामीहरू बाहिर निस्कियौं । मायाको अनुहारमा गाढा निराशाका भावहरू गड्यौलाझैँ चिप्लिरहेका थिए । प्रत्यक्ष दर्शनको लागि बाबाले मायालाई बोलाउन् भन्ने साथीहरूको इच्छामाथि सगरमाथाजत्तिकै अग्लो र चिसो पहाड तेर्सिएको थियो ।

प्रशान्ति निलयमको ठीक बाहिर मूल-गेटनजिकै हामीले दुई वटा कोठाहरू खोज्यौं ।

एउटा रायमाझी परिवारको लागि र एउटा हाम्रो लागि ।

कोठामा पस्नासाथ बानियाजीले भन्नुभयो - 'मलाई त दर्शन गर्ने समयमा डायरियाले खत्तमै पाऱ्यो । दर्शन दिन बाबा ढिला आउँदा मैले सोचें - बाबाको दर्शनभन्दा ठूलो त मेरै शरीर रहेछ ।'

बानियाजीको अस्तित्वबोध वास्तवमा जीवनमुखी र मूल्यवान् थियो । ईश्वरको नाममा आफ्नो सम्पूर्ण स्वतन्त्रता र शरीर अर्पिनु कम खतरनाक कहाँ हुन्छ र ?

प्रेम छोटा दाइले केही वर्षअगाडि यस स्थानको चर्चा गर्दा भन्नुभएको थियो, 'भाइ, त्यसको वास्तविक वर्णन हजार वटा टाउका भएका शेषनागले पनि गर्न सक्दैनन् ।' म विचारपूर्वक त्यस अनुभूतिलाई पुष्टि गर्ने आधारहरू त्यसवरपर खोजिरहेको थिएँ । खाना खाने हलभित्र त्यसको एक झिल्को प्रमाण फेला परेको मान्न सकिन्थ्यो । हल अत्यन्त ठूलो र सफा थियो । जम्मा छ रुपैयाँमा खाना उपलब्ध हुने । भान्सा-घरभित्र पाका साईरामहरू सिंगमरमरका टेबुलहरूमा खानाका थालहरू राख्न, पानी राखिदिन, थप्न र अन्तमा थाल माझ्न अत्यन्त व्यस्त देखिन्थे । त्यति धेरै मानिसहरूलाई एकैसाथ भोजन गराउनु व्यवस्थापकीय दृष्टिकोण उत्कृष्ट मान्न सकिन्थ्यो ।

स्वयम् रायमाझी परिवार र अन्यान्य साथीहरू साईकेन्द्रभित्र कोठा उपलब्ध नगराइएकोमा असन्तुष्ट

थिए । उनीहरूले त्यसलाई संयुक्त रूपमा नेपालीहरूलाई हेप्ने परिपाटीको उदाहरण भनिरहेका थिए ।

बाबाको बाल्यकाल बितेको चित्रावती नदी सुख्खा थियो । उनले चौध वर्ष ध्यान गरेको कल्पवृक्ष पुग्न अलिकति उक्लिनुपर्ने रहेछ । ढुङ्गाले घेरिएको स्थान, ध्यान गरिएको स-सानो ओडार र इमलीको रूख । यही रूखमा बाबाले जे चाहन्थे त्यही फल्थ्यो भन्ने आमविश्वास रहेछ । कल्पवृक्षको फेदमा एउटा ढुङ्गा थियो, अक्षरै अक्षरले पुरिएको । त्यहाँ जे लेखिन्छ त्यो पूरा हुन्छ भन्ने विश्वास साईभक्तहरूमा रहेको प्रमाणित गर्न त्यो ढुङ्गा पूरापुर सफल थियो ।

साथीहरूले के के लेखे थाहा भएन । मैले चाहिँ केही पनि लेखिनँ । त्यो ढुङ्गा पढेर साईबाबाले मेरो अधुरो सपनाहरू विपनामा पुऱ्याइदिन्छन् भन्ने विश्वासले मैले त्यस ठाउँको भ्रमण गरेको थिइनँ ।

तर त्यस ढुङ्गालाई मैले कुनै मन छुने कविताझैँ नै पढेँ । त्यहाँ जीवनका रङगी-विरङ्गी झलकहरू थिए । रोग निदान, प्रेम, परिवारिक सन्तुष्टि, अमेरिका जाने भिसा इत्यादि याचना पत्रजस्तो त्यो ढुङ्गा लाखौँ मानिसहरूले त्यसको प्राकृतिक स्वरूपमाथि गरेको कायर हस्तक्षेपको ज्वलन्त कथा बोकेर नजाने कुन युगदेखि चुपचाप बसिरहेको थियो । एक नेपालीले 'देशमा छिट्टै शान्ति आओस्' भनेर लेखेको थियो, सुन्दर अक्षरमा ।

साईकेन्द्रभित्रको पार्कमा साँझ बिताउनुको मज्जा छुट्टै थियो । इमली र निमका रूखहरूमा चिर्बिराइरहेको चराहरूको गुञ्जन बिहान प्रशान्ति निलयमभित्र गुञ्जिएको 'ॐ' आवाज जत्तिकै मोहहर्षक थियो । राती साईरामहरूले लगाउने सेतो वस्त्र र माला लगाएर म एक्लै सहर घुम्न निस्किएँ ।

आम नेपालीहरू कर्फ्यूको कारण सम्साँझै घरका साघुँरा कोठाहरूभित्र सीमित हुनुपर्ने त्यो समयमा स्वतन्त्र रूपमा रात्रीकालीन सुन्दरता पिउन पाउनु ठूलो उत्सवजस्तो लागिरहेको थियो । पुट्टपर्ती मलाई कुनै दैवीय उपत्यकाजस्तो नै लागिरहेको थियो जहाँ कुनै ईश्वर बस्दैन । सहरमा एउटा गहन शान्ति र व्यवस्था व्याप्त थियो । रेस्टुरेन्टहरू होटलहरूमा रक्सी थिएन । सहरमा कहीं कतै मासुको गन्ध थिएन । सार्वजनिक स्थलहरूमा चुरोट पिउनेहरू थिएनन् । पिउनेहरूलाई कैद सजायको प्रावधान रहेछ । त्यो मैले जीवनमा पहिलो पटक भेटेको आदर्श सहर थियो जहाँ रक्सी, मासु र चुरोट वर्जित थियो ।

भोलिपल्टको बिहान पनि त्यसै गरी हामीहरू साईकेन्द्रभित्र छिऱ्यौं । भजन गाउँदै प्रशान्ति निलयमलाई परिक्रमा गरिरहेका सयौँ मानिसहरूको आध्यात्मिक भीडभित्र छिरेर मैले पनि थपडी बजाएँ, गीत गाएँ । चारैतिर एक लय, अनुशासन र प्रशान्ति व्याप्त थियो ।

साईबाबा त्यसरी नै हलभित्र पसे, उनको भजन गाउनेहरूलाई मात्र आशिर्वाद दिए र मन्दिरभित्र पसे । साई-स्कूलका विद्यार्थीहरू थपिएकाले भीड हिजोभन्दा अझ बढी बाक्लो थियो ।

हामीहरू संग्रहालय हेर्न गयौँ । तीनतले त्यो आकर्षक भवनभित्र विश्वका प्रमुख धर्महरूको संक्षिप्त जानकारी दिने कलाकृतिहरू राखिएको थियो । साईदर्शनको विशेष तरिकाले कलात्मक प्रस्तुतीकरण गर्ने प्रयत्न त्यहाँ थियो । त्यहीं गएर थाहा पाएँ - साईधर्मले सबै धर्मलाई उत्तिकै मूल्य दिंदो रहेछ । त्यो कुराले मलाई प्रभावित गऱ्यो । त्यसले डरलाग्दो धार्मिक कलहलाई दुरुत्साहित गर्थ्यो ।

'प्लोनेटोनियम' हेर्ने सदिच्छा पूरा हुन पाएन । अग्रिम टिकट लिनुपर्ने रहेछ ।

अपरान्हतिर हामीहरू 'चैतन्य ज्योति' गयौँ । त्यो कलात्मक भवनभित्र प्रमुखतः प्रवृत्तिको सहायताले साईबाबालाई ईश्वर सिद्ध गर्ने जबरजस्त प्रयत्न थियो । उनलाई ईश्वरहरूका ईश्वर भनेर प्रमाणित गर्ने चरम महत्वकाङ्क्षी कोशिस गरिएको थियो । क्रियसन कक्षामा धर्मग्रन्थहरू सहायताले उनलाई देवादिदेव भनिएको थियो । मिनी थिएटरमा उनको ईश्वरीय-अवतारको धार्मिक व्याख्या थियो ।

मेडिकल कलेजलाई गेट बाहिरबाटै नियाल्यौँ । सुनिन्थ्यो - त्यहाँ मुटुका रोगीहरूको निःशुल्क

उपचार गरिन्छ । साईबाबाको प्राइवेट एयरपोर्टको धावनमार्ग सिमेन्टले ढाकिएको थियो । चिप्लो र चिल्लो सडक सानो पहाड उक्लिएछि त्यहाँ पुग्न सकिन्थ्यो ।

साईबाबाको जन्मस्थल, जसलाई पुरानो पुट्टपर्ती भनिँदो रहेछ - अवलोकन गरी होटलतिर फर्किंदा म सोचिरहेको थिएँ, एउटा व्यक्तिको विचार साधनाले कसरी पूरै सहर र वस्तीलाई प्रभावित गर्न सक्दो रहेछ । कसरी उनीहरूको भौतिक र आध्यात्मिक जीवनलाई समृद्ध बनाउने सक्दो रहेछ ।

होटल रेष्टुरेन्टका नामहरूमा - साई
यातायातका साधनहरूमा - साई
बाटाका नामहरूमा - साई
पसलका ठेगानाहरूमा - साई
इमेल/इन्टरनेटका बोर्डहरूमा - साई

पूरै सहर साईमय लाग्थ्यो । एउटा व्यक्तिको गुरुत्व केन्द्रतिर यसरी जबरजस्त घुमिरहेको मेरो जीवनको यही पहिलो सहर थियो ।

ईश्वरमाथि यमानको हसिया जत्रो प्रश्नचिह्न बोकेर हिँडिरहेको मेरो मनमा साईबाबाको ईश्वरत्वप्रति पनि त्यत्रै प्रश्न थियो । तर पूरै सहरलाई साईमय बनाउने उनको बेजोड आध्यात्मिक चेतलाई मैले निकै उँचो मानिरहेको थिएँ ।

आज बेङ्लोर पुग्ने योजना थियो । योजनाका साँघुरा सडकहरूमा कहाँ जीवनका सवारीहरू चलाउन सकिन्छ र ? ती हिँड्दाहिँड्दै अल्भिन्छन् बीच सडकमै । म आज पुट्टपर्तीमै अल्भिएको छु । भोलि त मित्रमण्डली नै बेङलोर जाने भएको छ । एक्लै बाटो सोधी सोधी नयाँ बाटो हुँदै समुद्र पुग्न हिँडेको म बेङ्लोरसम्म पनि एक्लिन नपाउने भएको छु ।

तर एक्लै हिँड्न नपाउनुको कुनै पीडा छैन ।

कविता

# देशको कविता

*- विमला तुम्खेवा*

शिरमा देश बोकेर ऊ
वर्षौदेखि यसरी नै उभिरहेछ यस जमिनमा

फुलेको केश
डढिरहेको सपना
र, भाग्दै गएको आफ्नै जीवन
के सोचेर आएको थियो यस जमिनमा ?

धाननाच हाक्पारे गीतहरू
राकेबजारको सम्भना र बर्माको घना जङ्गल
सिङ्गै उमेरभन्दा लामो जीवन
अभै पनि सपनाको खात बाँकी छ उसमा ।

किन, बिर्सियौ आफ्नो देशलाई
बिर्सिएर गयौ आफन्तको माया
सायद यही सोच्यो
जहाँ गए पनि जिन्दगी भोग्नु हो
जहाँ गए पनि सपना साँच्नु हो
तर, यहाँको बोट विरुवा मानिस र चराहरूले
कहिल्यै गाएनन् उसको निम्ति खुशीको गीत ।

यो, पहाडको फेद हुँदै बगेको खोलामा
उसको बेहिसाब आँसु बगेर गएको छ
तर, कहिल्यै भनिएन
यहाँ बगेको खोलाको पानीसँगै
तिम्रो तिर्खा पनि समाहित छ
कुन माटोले बनेको उसको मुटु
त्यहाँ के के लेखिएको छ
जिन्दगीको माया
वा भ्रममुक्त मैले बुभ्न सकिरहेको छैन
तर, किन बिर्सियो उसले
यो ब्रह्मापुत्रको धमिलो पानीसँगै
आफ्नो देशलाई ?

# सात साल र म

*- नृपेन्द्र पुरुष 'यादि'*

दुई हजार सात सालमा म एघार वर्षको हुँदो हुँ, आजकलका बालकजस्तो फूर्तिलो (Smart) म थिइनँ। आजको जति पनि बुद्धि त्यस बखत थिएन। अहिले पनि म आफूलाई बुद्धिहीन नै ठान्छु।

आजकलका त बालक भुइँमा न भाडामा...

अर्काले उचालेको भरमा ठूलठूला कुरो गर्ने, चर्को गर्ने र काम चाहिँ आफैँलाई सिध्याउने गर्ने।

मान्छेले आफूले आफूलाई नै सिध्याउने त अबको र यो युगको विशेषताः हो, विशेष बुद्धि हो।

अबका विद्यार्थी कुरा गर्न कति तेजिला देखिन्छन् - आकाश पाताल एक गर्लान्जस्ता, तर गन्तव्य छैन।

अब त झन् अन्धकार व्याप्त हुँदै गएको छ, उज्यालो हुनै सक्दैन, कसले के भेउ पाउने ? म आफ्नो लागि त केही गर्न नसक्नेले अवला, अलपत्र स्वास्नीमान्छेजस्ता अरू के चाहने ?

हुने बिरुवाको चिल्लो पात भनेझैँ नै भइनँ, दैव नै लागेको हो, जन्मदै जन्मै खोसिएको...

म पाँच क्लासमा पढ्ने सानो छँदाको त्यो अवस्था र अहिलेको उग्र अस्तित्ववादअन्तर्गत 'मै हुँ' भनेर हिँडनुपर्ने 'मको' तुलना गर्नेले थाहा पाउँदो हो, मेरो भाग्य !

कति त यत्तिकै हो, यस्तै हो भनेर मप्रति टारिदिन्छन्। विचराहरूको बुद्धि छैन - मर्न मात्र जन्मेकाजस्ता ...!

मेरो सोचाइमा त अबको मान्छे पराजित प्राणी, केवल मर्न जन्मेको भन्ने छ।

अब झन्झन् मान्छेको स्थान के होला, पुराणले त मान्छेलाई गनेकै छैन, दर्शनले पढ्न पाएकै छैन, मार्क्सवादले पनि असफल भनेको छ, वेपत्ता भएको भनेको छ - मान्छे, मिथ्या !

मार्क्सवाद आफै असफल भएको छ।

जनयुग के त एकाङ्की नाटक, त्यसै अन्त्य हुने ?

र अहिलेको गल्लीहल्ला चाहिँ - मान्छे, क्रान्तिकारी रे ।

खिस्स हाँस्छु...

त्यो समय देश अशान्त, अस्थिर एउटा स्थितिबाट अर्को स्थितिमा जान लागेको । तर मेरो बुद्धिले ठम्याउन चाहिँ सकेन, के हुँदैछ देशमा ?

सडकमा मान्छे जुलुस भएर निस्कन थालिसकेका थिए ।

यो त फाट्टफुट्ट सहिद शिरोमणि गुरु शुक्रराज र गंगालाल, धर्मभक्त माथेमा, दशरथ चन्दलाई फाँसीमा मारेपछि सुरु भयो ।

यी चार जनाबाट राणा शासनको विरोध गरी जनता उठाएर क्रान्तिको वीजारोषण गरेको आरोपमा फाँसी दिइयो ।

यो घटना हो १९९६ सालको, देशमा श्री ३ जुद्धशमशेर थिए । सडकमा मान्छे निस्कन थालेथे ।

त्यो समय देशमा एउटा ठूलो सङ्ख्याका मान्छे अलपत्र ।

अहिले पनि त देशभर चार पाँच लाख मान्छे मात्र बाँच्न पाउनेमा छन्, राणा गएरै के भो ?

मान्छेको भीडमा लाठी प्रहार भएको र भीडले ढुङ्गा प्रहार पुलीस मिलिटरीमाथि गरेको, जहाँ जहाँ पायो, त्यहाँ त्यहाँ मान्छे मारिन थालेको पनि सुनें ।

तर मान्छेलाई चासो थिएन भोलिको, भोलिको प्रधानमन्त्री बदमास र घुस्याहा हुने नहुनेको ...

सबै म सुन्थें आमा-बाबाट । अरूकै माध्यम ! त्यस बखत, कि त अलइन्डिया रेडियो कि त बाटाका मान्छेको हल्ला अनि आमा र बाको सधैंको भेटघाटको बैठकको कुरा । धेरैपछि यसैबाट क्रान्तिको खबर प्रकाशित हुन थाल्यो, सबै यो पनि सुन्थें ।

आमा-बा, दाइहरू कहिले कहिले अन्य रेडियो पनि सुन्थे । बा उपेन्द्रपुरुष त्यस क्रान्तिको ताका राणा शासकको सरदार पदमा पुगेर शासनको जम्मै काम गर्थे । राणा शासनका यान्त्रिक राजा श्री ३ मोहन शमशेरलाई चाँडै विश्वासमा लिन सफल भएका थिए ।

बालाई हर तरहले सफल पार्ने मेरी आमा इन्द्रलक्ष्मी थिइन् । यिनलाई यिनको भाग्यले पनि साथ दियो । अनि यिनका काहिला बा तपस्वी, ठाहिला बा ज्योतिष दुर्भर्षणपुरुष, त्यो समयका एउटै ज्योतिष जसको वचन अन्तिम हुन्थ्यो र निर्णय पनि अन्तिम ।

श्री ३ जुद्धशमशेर दुर्भर्षण ज्योतिषको निर्णय सुनेपछि मात्र कुनै पनि कार्य गर्दथे । ज्योतिषी जिवाकहाँ टाढा टाढाका मान्छे चिना देखाउन र साइत हेराउन आउँथे, राम्रै आम्दानी थियो । ध्यान, जप, पाठ यिनको नित्य क्रिया थियो । यिनको मृत्यु मस्तिष्क चर्केर भयो, जप गर्दागर्दै ।

त्यस बखतको समय असल मान्छे र विद्वानको कदर हुन्थ्यो समाजमा, शासनमा ।

सहिद शिरोमणि शुक्रराज, अनि गंगालाल, धर्मभक्त, दशरथ चन्दलाई फाँसीको सजाय दिन हुँदैन पाप लाग्छ भनेर निकै बल गरेका रे, उपेन्द्रपुरुषका ठाहिला बा हुनाको कारणले यस्तो दुर्घटना हुन पुग्यो ।

दुर्भर्षण र उपेन्द्रले किन यसको विरोध गरे ? अनुसन्धान हुन थाल्यो पो ।

बा काम असाध्य जान्ने, कानुन लगाउन जान्ने, निर्णय गर्न सक्ने, नेतृत्वकै खुबी भएकाले कम पढेका तर पढेकाहरूलाई रन्थनाउन सक्ने भएकाले कसैसँग झुक्दैनथे ।

एक पटक विश्वेश्वरप्रसाद कोइरालासँग पनि विवाद परेछ, विश्वेश्वरले बालाई कर्मचारीको स्थानमा राखेर कुरा गरेछन् ।

बासँग त्यस समयका सरदार, काजी, बडाकाजी, जर्नेलहरूसँग राम्रो उठ्बस् थियो - सोमप्रसाद, भूपध्वज, ईश्वरीमान, चन्द्रबहादुर जर्नेल, रुद्रराज आदि ।

राणा शासनको सरकारमा टिम-वर्क ज्यादै राम्रो थियो, यिनको मूल उद्देश्य देश बनाउनु पर्छ र नुनको सोझो गर्नु भन्ने ।

अहिलेको सरकारले आफू पनि केही गर्न नसक्ने र गर्ने अर्कालाई सामन्ती भनेर चोथालो चलाउनुले प्रजातन्त्रको मात्र होइन आफ्नै इज्जत फ्याँकेका छन् । समाजको अहिलेसम्मको विशेषता नै यही हो, आँखामा पट्टी बाँधेर

अन्धाधुन्ध निर्लज्ज भै अन्याय गर्नु। संसार पापतिर छ, नासतिर !

२००७ सालसँगै नेपालमा पनि पापले प्रवेश पाएको र सुरु भएको भन्न म पछि पर्दिनँ।

शासनका लागि राणा पोख्त थिए, मान्छेको योग्यता राम्रैसँग जान्दथे र काम लगाउन जान्दथे। कर्मचारी र देशलाई राम्रैसँग पालेका थिए।

२००७ पछि बालाई जागिरबाट हटाएरपछि पेन्सन नदिने सरकारका डा. तुलसी गिरी भन्थे रे, राणाका मान्छेलाई केको पेन्सन ?

अहिले पनि स्थिति अझ चर्को छ, धेरै संस्थान र बैंक-कम्पनीहरूले आफ्ना कर्मचारीहरूलाई शोषण गरिरहेका छन्।

कैयन्ले त देशै छोडेर हिंडे। देशमा सबै अधमरा, मृतवत्! देशमा अनुशासन छैन, नेतृत्व छैन। लाग्छ, देशको माया राणा र शाहलाई जति पनि अहिलेसम्मको कसैलाई पनि भएन।

म किन न भनौं, राणा उचित शासक हुन्, राणालाई हटाएर नेपालीले ठूलो गल्ती गरे। अहिलेको प्रशासन र देश कुहिएको फर्सीजस्तै छ, जुनसुकै बेला फट्ट फुट्न सक्छ, छ्यालब्याल हुन्छ।

राणाले देश लुटे भन्नेले अहिलेका आफूलाई क्रान्तिकारी भन्नेले आफूले देश लुटे र बरवाद गरेको कुरा छोप्न, अपराध छोप्न कि त राणालाई कि त राजालाई तल्लो स्तरले गाली गर्छन्।

अहिलेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नाङ्गिएका छन्, २००७ का एउटा कमाण्डर !

बाको काम थियो राजाको हुकुमको कार्यन्वयन गराउने, मान्छेको नियुक्ति गर्ने। त्यसै कारण धेरै मान्छेले जागिर पाए, बदमासलाई सजाय दिलाए। कैयन् यस्ता निर्णय गरेका थिए जसबाट यिनको उचाइँ बढ्यो नै।

बाले उच्च दर्जामा पनि नियुक्ति गरे, जसको बदर कसैले गर्न सक्दैनथे।

एउटा दुर्घटना भयो। बाका एउटा मामा भुवनेश्वरप्रसाद भुडभरी रौटहट गौरको हाकिम थिए। यिनले सरकारलाई त्यहाँको रिपोर्ट गरे भनेर काङ्ग्रेसले मारे।

जुनसुकै शासन र शासकको गुप्तचर विभाग हुन्छ, जो पनि गुप्तचर भएर काम गर्न पाउँछ भन्ने कुरो काङ्ग्रेसले थाहा पाएकै हुन् तर मारे, यो अपराधको परिणति काङ्ग्रेसले भोग्नै पर्छ ...यस्ता अपराध काङ्ग्रेसले कति गरे कति !

बा अड्डाबाट राती अबेर आउँदा बालाई आमा कुरेर बस्थिन्, बा आएपछि सारा बेलीविस्तार गरेपछि दुवै बूढाबूढी भान्सामा जान्थे। यसअघि आफ्नै घरमा सेवाका लागि रहेका उनका आफ्ना काइला बा तपस्वी प्रभु दीग्विजय पुरुष बसेका कोठामा दर्शन गर्न जान्थे।

प्रभुको पाउमा दर्शन, दण्डवत गरेपछि, 'चिरञ्जिवी र निरोगी भए, हरतरहमा आफ्नो कर्ममा सफल रहे बाबु !' भनेर आर्शिवाद दिनुहुन्थ्यो। बालाई सबै बाहरू ठूलो बाबु नै भन्थे, बा सबैभन्दा जेठा पण्डित महापुरुषको जेठो छोरो, सबैभन्दा जेठो हुनुभएकाले।

'बाबु, गृहस्थी जीवन भनेको सङ्ग्रह हो, यसमा बुद्धि पुग्यो भने यसबाट त्यति दुःख र क्षति हुन पाउँदैन नत्र त बाबु पाटीबास हुनेले भन्दा बढ्ता दुःख झेल्नुपर्छ र वरत्र न परत्र...'

कहिले त बा आउन ज्यादै अबेर हुँदा आमा मात्र पर्थिन् र प्रभु सोध्थे - 'बाबु आएका छैनन् ?'

'सवारी भएको छैन।' आमा भन्थिन्।'

'बाहुन र गाईलाई दुःख दिने शासन धेरै दिन टिक्दैन। राजधर्म प्रजा पालन हो, देशको रक्षा गर्ने हो। देशको रक्षा नगर्ने, प्रजा पालन नगर्ने शासन नास हुन्छ। जागिर यस्तै हो।' प्रभु भन्थे - 'जागिरलाई देश सेवा मनाउन सक्ने काम समाजको हो, नेताको हो। धर्म क्षय भएपछि सबैतिर अन्धकार हुन्छ, समाजले गन्तव्य पाउँदैन अनि नास हुन्छ नै ...।'

यी तपस्वीको त पूर्ण कथा नै मैले लेखेको छु।

एक दिन बा राती अड्डाबाट फर्केर आएपछि सदाझैं एकआपसमा कुरा गरिरहेको बेलामा आमाले सोधिन्। बाले भने - 'अब मन्त्रीमण्डल बनेपछि मात्र फूर्सद पाइन्छ।

'हुकुम' भन्ने सिद्धिन्छ, प्रजातन्त्र आउँछ रे ...। प्रजातन्त्रमा 'हुकुम' भन्न नहुने रे ! मन्त्रीलाई हजुर भन्ने कि नभन्ने ?'

'हजुर, 'हुकुम' सभ्य शब्द हो । प्रजातन्त्रको अर्थ नबुझे अनि अपव्याख्या भए के हुने ? राणालाई हटाउनेले आफैँ पनि हट्नु पऱ्यो भने ? राणाले जति पनि स्थान अबकाले पाएनन् भने ?' आमाले भनिन् ।

बाले भने - 'समय नै लागेपछि के गर्ने !'

'हजुर, शासन गर्न जान्ने र सक्नेले त सकेनन् भनेर शासन छोड्नु पऱ्यो, यी अबका अल्लारे सडकरामबाट हुन्छ र !' आमाले भनिन् ।

बाले भने - 'राणाले आफू दरबारमा बसेर छाप्रोमा बस्नेलाई हेरेनन्, यो कुरा त साँचो हो ।'

'हजुर, अबकाले पनि हेरेनन् र आफैँले ढुकुटी रित्याउन थाले भने, विदेश घुम्न थाले भने ...'

कहिले त म पनि बैठकमा वा आमा-बा सुत्ने कोठामा बस्थेँ । सुन्ने दाइहरू पनि हुन्थे, बाका भाइहरू, बुहारीहरू, दाइ-भाउजूहरू आए गएकाहरू ...।

म बाहिर सुन्थेँ, मोहनशमशेरले बालाई रातारात चाकरी गरेको भरमा सुब्बाबाट मीर-सुब्बाबाट सरदार बनाए भन्थे, बा राणाका मान्छे रे ।

मान्छेको उन्नति उसकै, उसकै भाग्यको कुरा। यहाँ भाग्य अबको औषधी पो भएको छ ।

यो जनवादको युगमा, मान्छेको युगमा ! संसारभरि भाग्यमानीकै रजाइँ देख्छु ...। के माओ, लेनिन विश्वनेता हुन सके ? अभागी कार्लमार्क्सले, महात्मा सुकरातले आफूलाई त्यतिकै मार्नु पऱ्यो !

...राणा शासक मान्छे चिन्दथे, मान्छेको कदर गर्न जान्दथे । बदमासहरू यीबाट फुत्कन सक्दैनथे । शासन धर्ममा आश्रित थियो, प्रजाको रक्षा गर्नु, प्रजा पालन नै आफ्नो धर्म ठान्थे भने दुष्टको संहार गर्नु पनि राज्यधर्म ठान्थे राणाहरू । उत्पादन र उन्नतिले धर्म छोडेको थिएन, जब कि अब कलि सुरु भैसकेको थियो ।

कलि नीचहरूको शासन, पापीको समय, समाज पापको खाडल !

सस्तो बेसाहा भएपछि जो कोहीले पनि आफूलाई बनाउन सकिहाल्छ । तलब जोगाएर पनि घरबार जोड्थे । अपराध धेरै कम हुन्थ्यो, दण्ड नीति ज्यादै बलियो भएकोले झै-झगडा थिएन ।

बैज्ञानिक प्रजा पालन भएपछि विवाद के को !

एक पटक हेलिकोप्टरले आकाशबाट पर्चा फ्याँक्यो । एउटा पर्चा मैले पनि पाएँ ।

त्यसमा लेखिएको थियो, अब हामी शासन गर्छौं र यो काम गर्छौं । देशमा निःशुल्क शिक्षा र उपचार दिन्छौं । अहिलेलाई घरका दुई जनालाई जागिर दिन्छौं । राणाले कमाएको सम्पूर्ण अनैतिक कमाइ देशको बनाउँछौं । उद्योग खोल्छौं । विदेशी सबैसँग राम्रो सम्बन्ध राख्छौं । खेत जोत्नेलाई दिन्छौ, खेत मालिकलाई पनि पाल्छौं । चाकरी उन्मूलन गर्छौं । देशमा अनुशासन स्थापित गर्छौं । म बुद्धुले पनि त्यो पढेर बुझेको जस्तो गरें - आहा, कति राम्रो काम !

काङ्ग्रेसले भने अब फुटेको आँखाले पनि राणालाई हेर्न चाहने भएनन् । भोलिको कुरा भोलि हुन्छ, जे जे हुन्छ ।

देशमा श्री ५ रहेका राजा त्रिभूवनले देशको गद्दी छोडेर काङ्ग्रेलाई सहयोग गर्न भारततिर लागेपछि देशै उचालियो ।

जतातते जुलुस, गोली, टियर-ग्याँस । सबैतिरबाट ढुङ्गा प्रहार, नारा - 'लुटेरा राणा, गद्दी छोड् !

सामन्ती राजा मोहनशमशेर, देश छोड् !'

...अब फेरि जहानिया शासन हुन्न र ! काङ्ग्रेस-कम्युनिष्टका जहान छैनन् ?

एक दिन काम गर्दागर्दै मोहनशमशेर र बाको कुरा भएछ । मोहनशमशेरले भनेछन् - 'अब समाज निम्नस्तरको हुन्छ, नीचतातिर देश र समाज गइसकेको छ । मान्छेलाई कमाउँदैमा फूर्सद छैन । राम्रो सोचाइ होला र अब ? ...हामीले त नेपाल र नेपालीको स्थान राख्यौं । हेरौं अब, अबको शासन र देशको अवस्था ! अबको मान्छेलाई नाङ्गा र भोकाको अल्लारे, सडकरामको शासन चाहिएको छ, जसले दुइटा मात्र काम गर्छ । शासकले आफ्नो मात्र पेट भर्छ र जनतासँग जबरजस्ती लिन्छ ।'

उनले अझै भनेछन् - 'जनता जनता होलान् ? चुनावमा मतदान गर्दैमा जनता भइन्छ र ! अबको सरकारले जनता पाल्ला ! देश स्वतन्त्र त हाम्रो शासनमा थियो । हामीलाई कसैले यो गर ऊ गर भन्दैन'थ्यो, होइन र बाजे ?'

बा 'हो महाराज' भन्थे ।

'इतिहासलाई कसैले छोपेर छोपिन्छ ? छेकिन्छ ?? मान्छेले नपढुन्जेलसम्म त हो, थाहा नपाउन्जेलसम्म हो, अनि ? बिचरा जनता रोएरै मात्रै, लाचार भएर मात्रै रहन्छन् ।' राजाले भने - 'भारत हेर त बाजे, अहिले पनि भारतमा एउटा ठूलो भीड बाँच्न पाइरहेको छैन । दुनियाँ भन्छ, त्यहाँ प्रजातन्त्रमा छ'रे , गणतन्त्र रे, त्यस्तै अमेरिका ...'

बाले भने - 'संसारमा परिवर्तन कसैले रोकेर रोकिन्न, आजको भोलि हुँदैन । आजको राम्रो भोलि ज्यादै नराम्रो र नराम्रो ज्यादै राम्रो हुनसक्छ । ...तर परिवर्तन हुन्छ ।'

'अब हाम्रो समय रहेन हामी काम नलाग्ने, भोलि सबै ध्वस्त भए पनि । अब हुने कुरा टारेर टर्दैन, बिग्रनु छ बिग्रेर जान्छ । देश नरहने नै हुन्छ भने पनि यहीं भएर छाड्छ । कसको तागत् रोक्न परिवर्तन ? मान्छेलाई परिवर्तन चाहिएको छ, परिवर्तनको राम्रो नतिजा चाहिएको छैन ।'

बाले भने - 'नीचको, पतीतको शासन भए पनि यो अबको आवश्यकता हो ।'

म दिउँसो मैरै कोपुण्डोल कामदेवतास्थानमा पुलीसले मान्छे रोकेको तमाशा हेर्न जान्थें ।

म पनि २०२५ सालदेखि राजनीतिको नेपाली काङ्ग्रेसमा भर्ना भएको मान्छे !

आजसम्मका नाटक नजिकबाट हेरिरहेको छु । देशले सुवर्णशमशेर र लक्ष्मीप्रसाद देवकोटाजस्ता व्यक्तित्व पाएकै हो । ...२००७ देखि अहिलेसम्म मान्छे उचालिएको उचालिएकै छन् । न त मान्छेले बाँच्न पाएका छन् न जनता हुन पाए, न आफूलाई पाल्ने नेता न देशका नेता पाएका छन् ।

मलाई विचित्र लागेको छ, मेरो देशको समाजको जीवनस्तर र सोचाइको स्तर किन पतन हुँदै गएको छ ?

गीत

# मेरो दुःख

*- रमेश दाहाल*



आज मेरो हृदयमा ठूलै दुःख पार्‍यौ
आवाजको गोली हानी मेरो सुख मार्‍यौ

आफ्नै उमेर काटी तिम्रो उमेरमा थपें
लडाइँमा अभर पर्दा तिम्रै नाम जपें
त्यही बेला मेरो मनमा बिषै-बिष पार्‍यौ
आवाजको गोली हानी मेरो सुख मार्‍यौ

तिम्रै खुसी बन्न भनी दुःख गर्दा पनि
पर्खाईमा भावनाका फूल छर्दा पनि
तिमीले चाहिँ बाटोभरि काँडै-काँडा छर्‍यौ
आवाजको गोली हानी मेरो सुख मार्‍यौ ।



महान् चाड शुभ-दिपावली-२०६४ को अवसरमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सु-स्वास्थ्य र दीर्घायूको
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**Dr. Ishwar Lal Shrestha**
M.D. (PGIMER), F.I.S.H, M.B.B.S (Cal)
Consultant Haematologist

**SIDDHI POLY PATHLAB**

**Dillibazar, Kathmandu**
**Phone No.: 4410604**
**NMC Regd. No. 691**
**E-mail: ilshrestha@healthnet.org.np**
**Website: www.ilshrestha.com.np**

# उत्तरआधुनिक चकचके बच्चो

– डा. खगेन्द्रप्रसाद लुइटेल

बच्चो भन्नेबित्तिकै ठूलो होइन सानो भन्ने स्वतः बुझिन्छ । बच्चो स्वभावैले चकचके हुन्छ र ठाउँ-कुठाउँ रोइकराई गरिहाल्छ । यो बच्चाको नैसर्गिक बानी नै हो । संसारका यावत् जीवजन्तु, प्राणी सबका बच्चा हुन्छन् नै । माउबाट बच्चो जन्मने र बच्चो बढेर माउ हुने प्राकृतिक नियमै हो, तर यहाँ कुरो गर्न लागिएको बच्चो त्यस्तो होइन । यो प्रसङ्ग तारेमाउबाट घट्दै गई पछिल्लो समयमा बच्चो भएको अतारे उत्तरआधुनिक बच्चाको हो । यो बच्चो कुनै मानव वा पशुको जीवित सन्तान नभएर ठाउँ-कुठाउँ नहेरी रोइकराई गर्ने निर्जीव बच्चो हो । निर्जीव बच्चो पनि कतै रोइकराइ गर्छ ? यो त ढाँट कुरा हो भन्ठान्नु होला, तर धरोधर्म कुरा साँचो हो । आजको तथाकथित उत्तरआधुनिक विनिर्माणवादी भनाउँदो युगमा जे पनि हुन्छ, नहुने कुनै कुरै हुँदैन ।

जीवित बच्चाहरू क्रमशः बढ्दै ठूला हुन्छन् । ती भोकाएपछि रोइकराई गर्छन् र खुवाइपियाई गरेपछि खेल्न थाल्छन् वा मस्तसँग सुत्छन्, तर यो बच्चो त बढ्नाको सट्टा दिनानुदिन खिइएर झन्झन् सानो हुँदै जाँदोछ । यो अघाउन्जेल कान निमोठ्नेबित्तिकै खुब कराउँछ र भोकाएपछि चुप लाग्छ । यसलाई बोल्न खाना खानै पर्छ । नअघाई यो बोल्नै सक्दैन, तर यसको खानेकुरा जीवित बच्चाको भन्दा पूरै फरक छ । यसले ठोस वा तरल वस्तु नखाएर बिजुली मैँयालाई नै खाइदिन्छ । खान पनि निकै बेर लगाउँछ । एकडेढ घन्टा बिजुलीमा मुन्टो जोताएर निकालेपछि कराउन सुरु गर्छ । भरखर जन्मेका बेला एकडेढ घन्टा खाएपछि बाह्र चौध घन्टा फेरि खान माग्दैन । पछिपछि त्यसको खाने समय बढ्दै जान्छ र भुँडी पनि बिग्रँदै जान्छ ।

अब भन्नु होला यो कसको र कस्तो बच्चो हो भनेर ? चिन्ता नगर्नुहोस् ! यो अरू कसैको नभएर तपाईं हाम्रै

बच्चो हो । जथाभावी कराउँदै हिँड्ने यस बच्चाको जन्म गर्भाधानबाट भएको होइन । यो त बजारमा जताततै किन्न पाइन्छ । फुटपाथमा समेत सुताइराखिएको हुन्छ । तपाईं आफ्नो क्षमताअनुसारको मोल तिरेर यसलाई किन्न सक्नुहुन्छ । मोटो, नाके आदि अनेक नामधारी यस मोइ खाने बालकको मोल पनि केही सयदेखि लाखौंसम्म पर्छ । बच्चो किनेपछि त्यसलाई रुवाउन तँछाडमछाड गरी लाइनमा बसेर हल्का लाठीचार्जसमेत बेहोर्दै केही प्रक्रिया पूरा गर्नुपर्छ । त्यसपछि त सुरु भइहाल्छ उसको करामत । तिनका सङ्ख्या जति भए पनि रुवाउने मूल थलोचाहिँ एउटै खास ठाउँ हुन्छ ।

यस बच्चाको लिङ्गभेद हुँदैन, जसले बोक्यो त्यही लिङ्गको हुन्छ । प्रतिगामी कालमा यसलाई मूल ठाउँमै बिर्को लगाएर नबोल्ने बनाइयो भने लोकतान्त्रिक कालमा पूरै बिर्को खोली अति गरेर खति गरियो र नसुनिने बनाइयो । नबोल्नु र नसुनिनु कुरा झन्डै उस्तैउस्तै भए पनि नबोल्नु प्रतिगमन हो भने नसुन्नु लोकतान्त्रिक अभ्यास हो ।

यसका रूपरङ्ग र कामबारे पनि तपाईं परिचितै हुनुपर्छ । सुरुमा पल्ला मुलुकबाट यहाँ आइपुग्दा यो बच्चो सीमित व्यक्तिका पहुँचमा मात्र थियो । हातैमा बच्चो बोकेर बडो ठाँटका साथ देखाउँदै हिँडिन्थ्यो । जब यसको जन्ममा परिवार नियोजनको प्रक्रिया हटाइयो, तब यसको सङ्ख्या अत्यधिक बढ्यो र रातदिन बढ्दैछ पनि । मेरो, तेरो, टेली, झेली आदि अनेक नामबाट बच्चाहरू बढ्दा छन् । बाबुआमाविनै जन्मिने आयातित सन्तान भएपछि यस्ता बच्चा अझ कति जन्मिने हुन् टुङ्गो छैन । सहरबजारमा त यो छ्याप्छ्याप्ती नै भइसक्यो भने अलिअलि गर्दै गाउँघरतिर पनि छिर्दैछ ।

यतिखेर यो बच्चो नरुवाइ हिँड्ने मान्छे असभ्य र पाखे हुने स्थिति छ । अहिले जोसुकैलाई पनि बच्चो बोकेर रुवाउँदै हिँड्नु प्रतिष्ठाको विषय बनेको छ । हाल यो फेसन-सो वा सुन्दरी प्रतियोगिताजत्तिकै बन्नपुगेको छ । एउटै घरमा पनि उमेरदेखि खुमेरसम्मका सबलाई यो चाहिने भइसक्यो । घरझगडाको बीउ पनि बनिसक्यो । लेखपढ, कमाइधमाइ शून्य, परिवारभित्रै एकअर्कामा 'एसएमएस' भन्यो, के भन्यो, ट्वाइँटुइँ गर्‍यो, करामत देखायो बस्यो बस ! यति मात्र कहाँ हो र ? स्वास्नीले लोग्नेलाई बेला न कुबेला सताउन र फोनको बिल बढाउन पनि यसले चौपट्टै मद्दत पुर्‍याएको छ । यसरी बच्चो रुवाउने होडबाजी जतातत्तै व्याप्त...!

दैनिक गुजारा चलाउन धौंधौ पर्ने आयस्रोतविनाका अर्थात् दुई पैसाको आम्दानी नहुने लन्ठुलाललाई समेत यो बच्चो नभई नहुने भयो । सङ्ख्या वृद्धिसँगै बच्चो हराउने र लुट्ने काम पनि बढ्दो छ । अहिले यसलाई बच्चा पाइसकेका माउले भन्दा बच्चा नपाएका ठेउकाठेउकीहरूले बढी माया गर्न थालेको देखिन्छ ।

यतिखेर यो लभेरियाको अचुक साधन बनेको छ र यसले लभालभमा समेत पर्याप्त सहयोग पुर्‍याएको छ । यसले लभोलोजीको विकास मात्र होइन कहिलेकाहीँ त कुटान-पिसानसम्मको स्थिति पनि पैदा गराएको देखिन्छ । एक ठाउँमा हुँदा अर्को ठाउँमा छु भनेर ढाँट्न र मुटु साट्न पनि खुब सजिलो बनाएको छ यसले । अब यो स्थिति धेरै समय नरहने हल्लाले मुटु साट्नेको मुटुमा ढ्याङ्ग्रो बज्न पनि थालिसकेको छ । जे होस् अहिलेलाई कतै निस्कने बेला बच्चो गोजीमा हाल्यो हिँड्यो । ड्रिङ्किङ र किसिङका बेला मिटिङमा भनिदियो बस अनि काम दनादन...!

यस बच्चाले बोलेर मात्र होइन, लेखेर पनि कुरा ओसारपसार गर्छ । त्यसमा कुनै सीमा छैन । एकैछिनमा संसारभर पुग्छ । सुनिँदैछ अब त यसले मान्छे नै ओसार्न थालिसक्यो रे ! हेरौं अलि पछि केके ओसार्ने हो ? यसको पेटभित्रै फोटो खिच्ने, 'मेल' गर्ने साधन पनि घुसिसकेकाले यो कसैका लागि भरपर्दो त कसैका लागि डरमर्दो पनि छ । कहिलेकाहीँ अचानक कराएर एकाग्रता भङ्ग गरी झस्काउने र मस्काउने छुट्टै पीर पनि छँदैछ ।

गेमसेम भनी बाटामा एकसुरले बच्चो खेलाउँदै हिँड्दा र गफ हाँक्दै गाडी चलाउँदा हुने दुर्घटना र यमलोकको यात्राबारे कुरो गरी साध्यै छैन ! सुरुसुरुमा मानिसहरूको जमात देख्नेबित्तिकै बच्चै नकराई मोटरसाइकल, बस वा पैदल यात्रामा पनि यताउति हेर्दै ठूल्ठूलो स्वरमा मस्किँदै एकोहोरो फत्फताउने चलन व्याप्त थियो । अहिले त्यो क्रम सभा-समारोहमा व्याप्त छ । अझ भनौँ यतिखेर यस बच्चाले बढी चकचक गर्ने ठाउँ सार्वजनिक सभा-समारोह, बैठक आदि भएका छन् र त्यस्ता ठाउँमा यसलाई रुवाउनै पर्छ । कुनै सभा-समारोह वा सार्वजनिक भेलामा जानुभन्दा अगि श्रीमान्, श्रीमती वा अरू त्यस्तै कसैलाई खास समयमा 'मिसकल'बाटै भए पनि बच्चो रुवाउने सर्त गरेर हिँड्यो, बस् बच्चो रुन थालेपछि फूर्ती नै अर्को ! उताको आवाज सुन्नु पऱ्या छैन, हलो... हलो... गरी चिच्यायो, सबैलाई आफूतिर फर्कायो, सभ्यताको प्रदर्शन गऱ्यो, बस !

यसको व्याप्ति अहिले विद्यालय, विश्वविद्यालयका कक्षाकोठामा समेत भइसकेको छ । यतिखेर कक्षामा पढाउँदा पढाउँदै अनेकतिर ठिटाठिटीका गोजी-बच्चाहरू रुन-कराउन थाल्छन् र तिनीहरू एकएक गर्दै बाहिरिन्छन् । कक्षा सिद्धिँदा शिक्षकका अगाडि डेस्कबेन्च मात्र हुने स्थिति पनि आइसक्न लाग्यो । यसले डेटिङ र भेटिङमा मात्र होइन चिटिङमा समेत खुब सहयोग पुऱ्याउन थालेको छ । यसमा बिजुली हुलाकसमेत भएका कारण यसबाट चिट ओसारपसार गर्न खासै टचाम लाग्दैन ।

विद्यालयमा मात्र होइन यसले न्यायालयमा समेत प्रत्यक्ष प्रभाव पार्न थालेको सुनिन्छ । यही बच्चामार्फत न्यायालय शौचालयमा पुग्नासाथ लेनदेन पक्का, मुद्दा हारको जित र जितको हार ! अनि गरिन्छ निष्पक्ष न्यायको वकालत ! यतिखेर बपौती र क्षतिपूर्ति मात्र हैन फिरौती, तिरौती, मरौती, भरौतीसम्मका सब काम यसैबाट सुसम्पन्न हुने गर्छन् । सर्तअनुसार 'मिसकल'बाटै पनि काम तमाम हुन थाल्या छ । धन्य छ यस फिस्टे बच्चाको करामत । माउ हुँदासम्म यसले यति बिघ्न चर्तिकला त गर्न सकेको थिएन । माउहरू लहरामा बेरिएर कोठाभित्रै बस्थे । अहिले खिइएर फिस्टे बच्चो हुँदा त यत्रायत्रा चर्तिकला गर्न थालिसक्यो भने अझ झिँगे नै भएपछि यसले केके करामत देखाउने हो, हेर्दै जाऔँ । नमरी बाँचे कालले साँचे ती दिन देख्न पनि उति धेरै कुर्नु नपर्ला ! यस्तो पराक्रमी र करामती उत्तरआधुनिक चकचके बच्चाको सदैव जय होस् ।

तपाईं ठान्नुहोला यो त बच्चाको विरोधी प्रतिगामी रहेछ भनेर । कुरा त्यसो पटक्कै होइन । जरुरी काम परेका बेला यो बच्चो आवश्यक पनि छ, तर जुनसुकै बेला हामी जोसुकैलाई त्यत्तिकै जरुरी पर्ने भए हाम्रो हविगत यस्तै हुन्थ्यो त ? कामै भएर बच्चो कराएको भए त यतिखेरसम्म हामी यहीँ हुन्थ्यौँ र ? साँच्चिकै काम परेका बेला बच्चाबाट कुरा गर्नुभन्दा सम्बन्धित ठाउँमा पुगेरै आउनु छिटो हुने स्थिति पनि त छँदैछ नि ! कहिलेकाहीँ रुवाइमा इधरउधर भएर *फलानाको सरुवा भयो* भनेको *फलानाको स्वर्ग भयो* भन्ने सुनेर रुवाबासी मच्चिने र काजक्रिया थाल्ने स्थिति पनि छ ! यति हुँदाहुँदै जमानाअनुसारको बच्चो मलाई पनि मन पर्छ ।

मैले पनि देखासिकीबाटै एउटा बच्चो किनेको छु । सुरुमा लिन कत्रो सकस परेको थियो । अलिक बूढो भएकाले होला मसँग हुँदा त यो उति कराउँदैन । तपाईंकहाँ पुग्नेबित्तिकै यसले उत्पात मच्चाउन सक्छ । यसमा मेरो चाहिँ रहर पुगिसक्यो । त्यसैले म बच्चो बेच्ने सुरमा छु । कसैलाई चाहिएको भए त्यही बच्चामार्फतै तुरुन्त सम्पर्क गर्नुभए हुन्छ । बरु सस्तैमा दिउँला । त्यसपछि त तपाईंको लभालभसम्बन्धी चलखेल फटाफट चालु गरे भइहाल्छ...!

प्रवासबाट संस्मरण

# स्व. हरिभक्त कटुवालद्वारा अनुष्ठित लखीपथार अधिवेशन

*- गोपाल बहादुर नेपाली*

आजभन्दा ३० वर्षअघिको कुरा हो । स्व. हरिभक्त कटुवाल दाइ काठमाडौँबाट असम आउनुभयो र उहाँले यहाँको विभिन्न साहित्यिक-सामाजिक गतिविधि गर्न थाल्नुभयो । यसै क्रममा उहाँले नेपाली माध्यमका प्राथमिक विद्यालयमा पाठ्यपुस्तक आदि बनाउने काममा प्रा. लीलबहादुर क्षेत्रीको घरमा बसेर काम गर्न थाल्नुभयो । उहाँसँग मेरो गुवाहाटीको नेपाली मन्दिर र दिसपुरमा भेट हुने गर्थ्यो ।

एक दिन उहाँसँग श्री चन्द्रबहादुर क्षेत्री (भूतपूर्व विद्यायक)को दिसपुरस्थित घरमा भेट भयो । उहाँले मलाई लिएर गुवाहाटीबाट धेरै चीजविजहरू किन्नुभयो र मलाई 'डिब्रुगढ जिल्ला नेपाली साहित्य तथा सांस्कृतिक परिषद्'को प्रथम अधिवेशनमा आउन अनुरोध गर्नुभयो । कतिपय कारणले उहाँले गुवाहाटीका अन्य कसैलाई नबोलाउने कुरा भन्नु हुँदा म छक्क परेँ । मैले यो कुरा श्री शिशीरकुमार गुरुङ दाइ र भाउज्यूलाई भनेँ । उहाँहरूले पनि मसित त्यस कार्यक्रममा जाने निर्णय गर्नुभयो । मलाई निकै खुशी लाग्यो ।

हामी तीनै जना रेलद्वारा ३० अप्रिल १९७५ को दिन तीनसुकिया पुग्यौँ । निकै राती पुग्दा हामी होटेलतिर जान सकेनौँ र तीनै जना प्लेटफर्ममा नै पल्टियौँ । बिहान उठी हामी डिगवोइस्थित गुवाहाटीका स्व. नारायण शर्माज्यूको घरमा पुग्यौँ । त्यहाँ नित्यक्रम आदि गरी उहाँको सल्लाहनुसार हामी लखीपथार भन्ने ठाउँमा पुग्यौँ । घोर जङ्गलबीचबाट जानु पर्दा हामीलाई निकै अप्ठयारो लाग्यो तर त्यहाँ पुगेपछि निकै रमाइलो लाग्यो । गाउँमा प्रशस्त नेपाली घर-मानिस देख्दा खुशी लाग्यो । त्यहाँ स्व. हरिभक्त कटुवाल दाइसँग भेट भयो । उहाँ निकै व्यस्त हुनु हुन्थ्यो । हामीलाई त्यहाँ माननीय अतिथिको रूपमा

राखियो । हामीहरूले त्यहाँका मानिसहरूसँग परिचय साटासाट गऱ्यौ । श्री गुरुङ दाइ-भाउज्यू त्यहाँका मानिसहरूको व्यवहार आदिबाट साह्रै प्रभावित हुनुभयो ।

१ मई १९७५ बेलुका प्रतिनिधि शिविर उद्घाटन, केन्द्रीय तदर्थ समितिको बैठक तथा खानपिन भयो । २ मई १९७५ को दिन डिब्रुगड जिल्ला नेपाली साहित्य तथा सांस्कृतिक परिषद्को झण्डोत्तोलन वयोवृद्ध समाजसेवी स्व. भक्तबहादुर प्रधानद्वारा भयो । यसपछि प्रतिनिधिसभामा परिषद्को आश्यकता, संविधानको रूपरेखा कार्यप्रणाली आदिमाथि विचार-विमर्श भयो । हामीलाई पनि त्यस सभामा बस्ने मौका दिइयो । त्यहाँ स्व. कुलबहादुर क्षेत्रीदाइसँग भेट भयो । उहाँको एउटा गीत - 'उठ-उठ हे दाजु भाइ अब हामी सुतेर हुँदैन' भन्ने गीत गुवाहाटी रेडियोको पूर्वाञ्चल नेपाली कार्यक्रममा म प्रायः सुन्न पत्र लेखी पठाउने गर्थे । उहाँसँग त्यहाँ प्रत्यक्ष भेट भयो र निकै कुराकानी भयो । उहाँले डिब्रुगडका नेपालीहरूको सङ्ख्या, स्थान र साहित्यिक-सांस्कृतिक गतिविधिबारे जानकारी गराउनुभयो । त्यही दिन प्रदर्शनीको उद्घाटन र राती लोकगीत तथा लोकनृत्य प्रतियोगिता एवम् एकाङ्की नाट्क प्रतियोगिता सम्पन्न भयो ।

३ मई १९७५ को दिन श्री भरत यादवको सभापतित्वमा एउटा संगोष्ठी आयोजना गरिएको थियो । संगोष्ठीको विषय थियो -'भाषामा स्थानीयताको प्रभाव' । यसमा दार्जीलिङका डा. कमला सांस्कृत्यायन, इन्द्रबहादुर राई, ईश्वर वल्लभ, हरिभक्त कटुवाल, प्रा.गोपीनारायण प्रधान आदिहरूले सारगर्भित वक्तव्यहरू पेश गरे । दिउँसो आधुनिक गीत तथा लोक-वाद्यवादक प्रतियोगिता तथा एकाङ्की नाटक प्रतियोगिता भयो ।

राती कवि विरही सुब्बाको सभापतित्वमा आयोजना गरिएको कवि गोष्ठीमा गोपालबहादुर नेपाली (गुवाहाटी), भवानी शंकर (धौला), प्रा.गोपीनारायण प्रधान (शिलाङ), ईश्वर वल्लभ (दार्जीलिङ), स्व. हरिभक्त कटुवाल, भरत यादव (दार्जीलिङ), के.वी. नेपाली (लामडिङ), श्याम लिवाङ (पावै), दिल सुवेदी (डिमापुर, नागालैंड), भविलाल लामिछाने (डिगवोई), स्व. कुलबहादुर क्षेत्री (माकुमकिल्ला), युद्धवीर राणा (डिगवोई), लालविन क्षेत्री (डिमापुर, नागालैंड), स्व. गुरुभक्त धिताल (डिगवोई), स्व.मनबहादुर क्षेत्री - डिगवोई) आदिले भाग लिनुभयो ।

४ मई १९७५ को दिन बिहान पुनः प्रतिनिधिसभा भयो जसमा संविधान पारित भयो तथा केन्द्रीय समितिको गठन भयो । सर्वक्षी देवीप्रसाद घिमिरेको अध्यक्षतामा ३० जनाको केन्द्रीय समितिको गठन भयो । पदाधिकारीहरूमध्ये उप-सभापति स्व. हरिभक्त कटुवाल, रत्नकुमार गुरुङ तथा सचिव प्रा.भीमकान्त उपाध्याय चुनिनुभयो । यसबाहेक प्रतियोगिताहरूको परिणाम घोषणाका साथ अन्य कार्यक्रम पनि सम्पन्न भयो ।

बेलुका श्री चन्द्रबहादुर क्षेत्री (भूतपूर्व विधायक)को सभापतित्वमा एउटा आमसभा अनुष्ठित भयो । जसको उद्घाटन स्व. हितेश्‍र सहकिया तथा स्व. हरेन्द्रनाथ तालुकदार एवम् अन्य उपस्थित अतिथिहरूबाट भयो । उक्त कार्यक्रममा स्व. नरसिंह थापाज्यूको सम्बर्धना तथा श्रीमती अरुणा लामालाई 'मित्रसेन पुरस्कार' प्रदान गरियो । यसमा उहाँहरूको वक्तव्य साथै इन्द्रबहादुर राई, भरत यादव, ईश्वर वल्लभ, प्रा. गोपीनारायण प्रधान आदिले वक्तव्य दिए । नेपाली साङ्गीतिक क्षेत्रमा बहुमूल्य योगदान भएकालाई यो पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाइएअनुरूप त्यस समय अखिल भारतीय स्तरमा प्रदान गरिने 'मित्रसेन पुरस्कार' प्रथम पल्ट स्व. लामालाई दिइयो । पुरस्कारका साथ एक हजार एक रुपियाँ पनि प्रदान गरियो । सभामा प्रस्तावहरूको पाठ, अतिथि, विशिष्ट अतिथि, पदाधिकारीको नामावली तथा सभापतिज्यूको भाषण इत्यादि भयो तथा अन्तमा धन्यवाद ज्ञापन गरियो ।

राती सांस्कृतिक कार्यक्रमको मुख्य अतिथि डा. भूपेन हाजारीका हुनुहुन्थ्यो । सो कार्यक्रममा हिमालोक परिवारका स्व.अरुणा लामा, बद्री दुर्गा खरेल, पेमा छिरिङ आदिको कार्यक्रम सुन्न पाइयो ।

यस कार्यक्रममा दार्जीलिङबाट आउनुभएका सर्वश्री इन्द्रबहादुर राई, डा. कमला सांस्कृत्यायन, भरत यादव, अरुणा लामा, बद्री दुर्गा खरेल, प्रकाश धवन तथा ईश्वर वल्लभहरूसित भेटघाट र परिचयको आदानप्रदान भयो । भरत दाइ र अन्यसँग धेरै गफ आदि भयो ।

यसप्रकार मैले लखीपथार अधिवेशनमा उपस्थित हुने सौभाग्य पाएँ । धेरै व्यक्तिहरूसित भेट-परिचय सम्पर्क भयो । दार्जीलिङका नयाँ-पुराना अतिथिहरूसँग धेरै सम्पर्क बढ्यो । उहाँहरूसँग धेरै लामो पत्रचार आदि सम्पर्क बढ्दै गयो । यसले मलाई साहित्यिक गतिविधि गर्ने प्रेरणा दियो ।

आज स्व. हरिभक्त कटुवाल दाइ बिर्सनु भैसकेको छ । तर उहाँले दिनु भएको मौकालाई म कहिले बिर्सन सक्दिनँ ।

कविता

# चरा र मानिस





रामहरि बञ्जारां


चराहरू घाम सहन्छन्
चराहरू पानी पनि सहन्छन्
उनीहरू शीतमा पनि रमाउँछन्
उनीहरू जूनमा पनि निदाउँछन्

मानिसहरू चरा त हैनन्
तर चराको पखेटाझैं
मनलाई बोकेर उनीहरू
भुर्र...भुर्र उड्दै/रमाउन चाहन्छन्

चरा र मानिसको तुलना
कसरी गर्न सकिन्थ्यो र !
तर पनि मानिसले चरासँग
सिक्नुपर्ने पाठहरू धेरै नै भेटिन्छन् !

एक दिन चरा मानिसकै अधिनमा हुन सक्छ
एक दिन चरा मानिसकै पिँजडामा पनि थुनिन सक्छ
आखिर चरा चरा नै हो
कैद फुत्केपछि भागि हाल्न पनि सक्छ
साँच्चै, चराले मानिसले धेरै कुरा सिकाउन सक्छ ।

# 'सीताहरू-२५'मा नारी-समलैङ्गिक चेतना



ज्ञानु अधिकारी

आमुख :

साहित्यका विविध विधामा कलम चलाएर विभिन्न कृतिहरू प्रकाशित गरी आधुनिक नेपाली साहित्यमा महत्वपूर्न योगदान दिँदै आएका परशु प्रधान विशेषतः कथाविधामा सशक्त कथाकारका साथै समकालीन नेपाली कथासाहित्यका शिखर व्यक्तित्वसमेत हुन् । नवीन चिन्तनका साथै युगचेतना र समसामयिक चेतना झल्काउने कथा यर्थाथको गहिराइसम्म पुगेर वास्तविकताको उद्बोदन गर्न सफल छन् । कथाकारिताकै क्रममा उनको बहुचर्चित कृति/विधा 'कथा र रचनागर्भ' रचनागर्भको प्रथम नमुना मात्र नभएर नेपाली साहित्यकै इतिहासमा उत्कृष्ट नवआयाम पनि हो । कथामा नै आफूलाई सम्पूर्ण रूपमा अभिव्यति गर्न रुचाउने प्रधान समष्टिगत रूपमा नेपालीहरूको विविध परिस्थिति र मनोदशालाई आफ्नो कथामा उजागर पार्न सफल देखिन्छन् । त्यस्तै गरी शृङखलाबद्ध *सीताहरू* कथा विविध नारीहरूका जीवनका विविध चरित्र र पक्षलाई हरेक कोणबाट नियालेर लेखिएको प्रयोगधर्मी कथा हो ।

नेपाली परिवेशमा चर्चामा नआएको, समाज र राज्यले नस्वीकारेको र आम मानिसले नकारात्मक रूपमा सोच्ने गरेको विषयवस्तुलाई कथामा प्रवेश गराएर एउटा सम्भावित दिशातर्फ औँल्याएको *सीताहरू-२५* (***शारदा***, वर्ष १, अङ्क २) कथा उत्तरआधुनिकताको छहारीमा हुर्कंदै गरेको नारीवादकै चरम प्रवृति समलिङ्वादलाई प्रस्तुत गरेर लेखिएको कथा हो । यस कथामा आजको आधुनिक तथा खुल्ला समाजमा प्रभाव पार्न सक्ने जीवनको एउटा अर्को पाटोको रूपमा नारी-समलिङ्गवादलाई प्रस्तुत गरीएको छ । सहरीया वातावरणमा हुर्की आधुनिकताका प्रभावलाई ग्रहण गरेको दुई नारीपात्रको केन्द्रीय भूमिका रहेको यो कथा नारी-समलिङ्गवादलाई केन्द्र बनाएर लेखिएको सशक्त कथा पनि हो ।

## नारीवादः समलिङ्गीय दृष्टिकोण

आज विश्वव्यापी रूपमा अगाडि बढ्दै गरेको नारीवादी स्वर विद्रोह बनेर चर्किएको छ । नारीवाद विशेषतः यौनवादी दमनलाई ध्वस्त पार्न गरिएको सङ्घर्ष मात्र नभई नारीहरूलाई माथि उठ्न प्रेरित गर्ने उद्देश्यले अविर्भाव भएको एक चिन्तन हो । युगौंदेखि लिङ्गकेन्द्रित, सिद्धान्तहरूको आडमा नारीहरूमाथि गरिएको यौन-शोषणलगायत अन्य शोषणबाट मुक्ति दिलाउनका साथै जीवन, धर्म, साहित्य तथा संस्कृतिमा परेको पुरुषप्रधान दृष्टिकोणलाई तोड्नका लागि नारीवादीहरूले नारीस्वतन्त्रताको आन्दोलन अघि बढाएको देखिन्छ । नारीवादी आन्दोलनको सुरुवात धेरै पहिलेदेखि भए तापनि दोश्रो विश्वयुद्धपछि मात्र यो आन्दोलनले गति लिएको हो । दमनात्मक असमान नरनारी सम्बन्धमा मजबुत बनेको मौनताको षड्यन्त्रलाई भङ्ग गर्ने साहस गरेका कयौं नारीहरूले यस आन्दोलनलाई विश्वव्यापी रूपमा अगाडि बढाए । साइमन द बुभाको 'द सेकेन्ड सेक्स' (१९४९) नामक पुस्तक नै नारीवादी चेतना र जागरणको महत्वपूर्ण दस्तावेज बन्न पुग्यो । यसैबाट प्रभावित भएर विश्वका अन्य नारीहरू पनि यस आन्दोलन अभियानमा लाग्न थालेका देखिन्छन् । समग्रमा नारीवादी आन्दोलनको प्रमुख उद्देश्य यौन समानता रहे तापनि यसले पुरुषाश्रित र पराधिनताको अस्वीकार गर्दै पुरुष जातिमा अन्तर्निहित एकाधिकारमाथि आक्रमण गर्दछ । यसरी नारीवादले चिन्तन र अध्ययनको एउटा नयाँ क्षेत्र इतिहास बोकेर साहित्यमा प्रवेश गरेको देखिन्छ ।

नारीवादी चिन्तनको चरम प्रवृत्तिगत अवधारण नै नारी समलिङ्वाद हो । आज कतिपय देशमा समलिङ्गवाद (होमोसेक्सुअलिज्म)ले औपचारिक मान्यता नै पाउन थालेपछि नारी–समलिङ्गीय प्रवृत्ति तथा साहित्य अहिले धमाधम झाङ्गिदो आवस्थामा पुगेको देखिन्छ र विश्वसाहित्यमा यसको राम्रो विकास भएको पाइन्छ । अङ्ग्रेजीका होमोसेक्सुअल (Homosexual), गे (Gay), लेसबियन (Lesbian) तीन शब्द 'समलिङ्गी' शब्द नजिकैको अर्थमा प्रयुक्त हुने गरे तापनि विशेष गरी 'लेसबियन' शब्दले नारी-समलिङ्गीलाई बुझाउँछ । नारी-समलिङ्गवादको अवधारणा तथा यसका सङ्केतहरू धेरै अगाडिबाट देखिए तापनि १९७० को दशकदेखि यता यसको बारेमा चर्चा-परिचर्चा हुन थालेको हो । विज्ञानप्रविधिको कारणले विश्वमा आएको परिवर्तन तथा भौतिक विकासले ल्याएको मानसिक परिवर्तनबाट यस प्रवृतिप्रति चासो बढ्न थालेको देखिन्छ । नारी-समलिङ्गवादीहरू विषय यौनवादलाई पितृसत्ताले निर्धारित गरेको नैतिकता मानेर त्यसलाई अस्वीकार गर्दछन् । नारी र पुरुषको बीचमा मात्र यौनसम्बन्ध उचित हुन्छ भन्ने परम्परावादी संस्कृतिलाई तोडेर नारी-समलिङ्गीहरू आफ्नै लैङ्गिकताको मान्छेसँग यौनसम्बन्ध कायम राख्न रुचाउँछन् । पुरुषकेन्द्री मान्यता, दृष्टिकोण र नैतिकताका पर्खाललाई भत्काएर एक स्वैच्छिक तथा स्वतन्त्र जीवन बाँच्न रुचाउने नारी-समलिङ्गीहरूको प्रभाव नेपालमा पनि पर्न थालेको देखिन्छ । नेपाली साहित्यमा यसका प्रवृतिलाई अँगालेर लेखिएका कृतिहरू सङ्ख्यात्मक रूपमा केही कम मात्रामा पाइए तापनि यस्ता केही कथा र उपन्यास निकै चर्चित छन् । यस्ता केही नारी-समलिङ्गीय विषयवस्तुमा कथा लेख्ने कथाकारहरूमा परशु प्रधान, ध्रुवचन्द्र गौतम, पद्मावती सिंह, सीता पाण्डे, मीरा प्रधान रेम आदि प्रमुख रहेका छन् । यसको प्रभाव सहरी क्षेत्रमा बढी देखिनाका साथै यसका विभिन्न संस्था खुल्नुबाट पनि समलैङ्गिक प्रभावको बारेमा प्रत्यक्ष अनुमान गर्न सकिन्छ ।

## नारी-समलिङ्गवाद र 'सीताहरू-२५'

*सीताहरू-२५* नारी-समलिङ्वादलाई केन्द्रीय वस्तु बनाएर लेखिएको एउटा सशक्त कथा हो । यस कथामा मुख्य भूमिका निर्वाह गर्ने दुवै नारीपात्र शिक्षित, सभ्य तथा अविवाहित युवती हुन् । उनीहरूको बाल्यकालदेखि कायम हुँदै आएको सुमधुर मित्रतात्मक सम्बन्धले अन्त्यमा गएर समलिङ्गीको रूप लिएको छ । यी दुवै पात्रको विस्तारित सम्बन्धको परिधिभित्र देखापर्ने आन्तरिक तथा बाह्य घटनाहरूबाट नै कथाको आकार तयार

भएको छ। सामान्य र स्वाभाविक रूपमा कुनै पनि मानिस विपरीतलिङ्गीप्रति आकर्षित हुनाको साथै आसक्त हुनु कुनै नौलो कुरो हुँदैन तर अस्वाभाविक रूपमा समानलिङ्गीप्रति आकर्षित हुनाको साथै आसक्त हुनु कुनै नौलो कुरो हुँदैन तर अस्वाभाविक रूपमा समानलिङ्गीप्रति आकर्षित हुनु एवम् एउटी नारी अर्की नारीप्रति आसक्त रहनु र आजन्म पति-पत्नीका रूपमा रहन स्वीकार गर्नु झट्ट हेर्दा सान्दर्भिक देखिँदैन तापनि यस्तो स्वैच्छिक जीवन बाँच्ने चाहनामा पनि निश्चय नै आफ्नै मान्यता र धारणाहरू रहेका हुन्छन्। यस कथामा सीता र रीता समलैङ्गिक प्रवृतिका परिचायक पात्र हुन्। उनीहरूभित्र फैलिँदै गएको पितृसत्तात्मक अवधारणाप्रतिको प्रतिशोध, मनभित्र बल्दै गरेका आत्मसम्मान र स्वाभिमानको आगो र उनीहरूको जीवनमा आएको परिस्थिति र स्वतन्त्यको परिणामको रूपमा सशक्त बनेको समलैङ्गिक प्रवृति नै यस कथाको केन्द्रीय कथ्य हो। कथामा समलैङ्गिक प्रवृतिको रहस्योद्घाटन अत्यन्त रमाइलो तथा अनौठो पारामा गरिएको छ। कथाको प्रारम्भिक चरणमा पूरै छोपिएको मुख्य कथावस्तु कथाको मध्यतिर गएर बल्ल उद्घाटित भएको छ।

**अन्तर्वस्तुको संरचनात्मक पक्ष**

पाठकलाई सम्बोधन गरेर लेखिएको यस कथामा 'सीता' पात्रको एकालापीय वा आत्मालापीय प्रस्तुतीकरण रहेको छ। प्रथम दृष्टिबिन्दुको वर्णनात्मक शैलीमा लेखिएको यस कथामा कथावस्तुका दुई वटा पक्षहरू रहेका छन्। अखबारमा प्रकाशित भएको घटनालाई बाह्यसन्दर्भका रूपमा लिन सकिन्छ, जसमा पाठक र श्रोतालाई विश्वासै नलाग्ने अनौठो घटना प्रस्तुत गरिएको छ भने अर्कोतर्फ आन्तरिक सन्दर्भको रूपमा कथाको केन्द्रीय वस्तु रहेको छ। यसरी समग्र कथालाई संरचनाको आधारमा दुई सन्दर्भमा छुट्याएर हेर्न सकिन्छ।

**बाह्यसन्दर्भ**

अखबारको पहिलो पाना 'फ्रन्ट पेज' मा छापिएको समाचार नै यस कथाको बाह्यसन्दर्भ हो। समाजमा सनसनी फैलाउन सफल उक्त समाचार यस कथाको आन्तरिक पक्षलाई उद्घाटन गर्ने एउटा पृष्ठभूमि हो र पनि कथाको प्रारम्भिक चरणमा यही घटना नै अन्तर्वस्तु बनेर देखापरेको छ। एउटी तीस वर्षीय शिक्षित युवतीले पैंसठी वर्षको बूढो व्यापारीसँग मिडियासमेतलाई बोलाएर धुमधान विवाह गर्नु नै प्रमुख रूपमा जनचासो बनेको देखिन्छ। एउटी नर्स पेसामा आबद्ध आधुनिक युवतीले ब्लडप्रेसर र सुगर रोगले ग्रसित बूढो व्यापारीसँग भव्यसँग विवाह गर्नुलाई कथाको बाह्यपक्ष मान्न सकिन्छ। किनकि कथाको आन्तरिक सन्दर्भसम्म पुग्नुअगावै अर्थात् 'सीता' पात्रले आफ्नो कथाको रहस्योद्घाटन गर्नुअगावै पाठकले यस घटना वा सन्दर्भलाई नै एउटा कथाको रूपमा स्वीकारिसक्ने अवस्था सिर्जना भएको छ। यहाँ 'सीताले यो सब किन गरी होला ?' भन्ने प्रश्नको उत्तरमा पाठक स्वयम्ले आफ्नै प्रकारका दृष्टिकोण र विचारहरूको माध्यमले कथालाई पूरा गरिसकेका हुन्छ। आन्तरिक अन्तर्वस्तुलाई पुष्टि गर्नका लागि बाहिरी कथा अर्थात् घटनाको आयोजना भएको यस कथामा पहिले नै प्रकाशित भइसकेको समाचार-कथा नै कथाको बाह्यसन्दर्भ हो।

**आन्तरिक सन्दर्भ**

*सीताहरू-२५* कथा एक यौनकेन्द्री कथा हो। यौनचाहना मानिसको लागि शारीरिक आवश्यकता तथा प्राकृतिक नियम हो। मानिस सधैं तृषित रहन्छ र ऊ त्यसकै प्राप्तिको कल्पना गर्दछ। यस कथामा समाचार बनेर बाहिर आएको कथावस्तु अपत्यारिलो र 'हट न्युज' बन्नाका पछाडि पनि यही यौनवृतिकै कारण रहेको छ। एउटी अविवाहित युवतीले एउटा रोगी बूढोसँग कसरी आफ्ना यौनेच्छा पूरा गर्न सक्छे ? यही प्रश्नले गर्दा नै समाचार सनसनीपूर्ण बनेको हो। तर यथार्थ अर्कै छ। त्यो प्रायोजित घटना केवल समाजमा देखाउनको लागि मात्रै थियो। अझ भनौं समाजलाई एउटा चुनौती थियो। आफ्नै समलिङ्गी साथीको बाबुसँगको यो विवाह 'सीता' को लागि त्यस घरमा प्रवेश गर्ने तथा परिवारको सदस्य बनेर रहनको लागि बैधानिक मान्यता मात्र हो। नेपाली समाजमा समलैङ्गिक सम्बन्धलाई सहज रूपमा नहेरिने र यसप्रति आम मानिसको सकारात्मक धारणा नभएको

यस परिप्रेक्ष्यमा सामाजिक मर्यादालाई नाघ्न नसकेर देखावटी वा बाह्य प्रदर्शनको रूपमा यो विवाहको आयोजना भएको छ । एउटै घरमा बसेर सीता र रीताका बीच यौनसम्बन्ध रहे पनि उनीहरू वैधानिक रूपमा एउटै परिवारको सदस्य बनाई आफ्नो समलैङ्गिक सम्बन्धलाई मजबुत पार्ने रीताको प्रयत्नमा कथावस्तु गतिशील बनेको छ । सीता र रीताको समलैङ्गिक सम्बन्धका साथ जीवनयापन गर्ने सन्दर्भ नै यस कथाको आन्तरिक सन्दर्भ हो । सामाजिक, पारिवारिक, वैचारिक तथा अन्य कारणहरूले निकट भएको सीता र रीताबीचको सम्बन्धलाई कानुनले, समाजले स्वीकार्दैन र पनि त्यसैमा रमाउने र त्यही सम्बन्धमा बाँच्ने प्रण गरेका यी दुई नारीपात्रका आन्तरिक कथा नै यस कथाको आन्तरिक सन्दर्भ हो ।

**पात्रको मनोदशा र स्थिति**

यस कथामा दुई नारीपात्र सीता र रीता केन्द्रीय भूमिका गर्ने पात्रमा उपस्थित छन् भने अन्य पात्रहरू गौण रूपमा आएका छन् । समान परिवेश र समान वातावरणमा हुर्किएका यी दुई पात्रको विचार र मान्यता एउटै देखिए तापनि जन्मजात रूपमा आउने मानवीय गुण र स्वाभाव भने भिन्न रहेको देखिन्छ । कथामा यी दुई पात्रका बीचमा रहेको फरक वैयक्तिक स्वभाव र व्यवहारको पृष्ठभूमिमा नै समलिङ्गी प्रवृति अङ्कुराउन थालेको स्पष्ट हुन्छ । त्यसो त कथामा देखिएका सीताकी आमा र रीताकी आमा पनि नारीपात्र नै हुन् तर उनीहरूमा परम्परावादी सोच यथावत् नै छ । आजको सभ्यता र आधुनिकताको प्रभाव उनीहरूमा देखिँदैन । जडवत् उनीहरू पुरुषवर्गको अर्थात् परम्परावादी संस्कारको इसारामा चलिरहेका देखिन्छन् तर रीता र सीतामा आधुनिकता, शिक्षा र चेतनाको पूरै प्रभाव छ । उनीहरू 'आजका नारी'का प्रतिनिधि पात्र हुन् जसले स्वाभिमान र आत्मसम्मानका खातिर समाजलाई चुनौती दिनसक्छ । नारीलाई अबला मानेर त्यहीअनुरूप व्यवहार गरिने समाजमा यी दुई पात्र पृथक सोचाइ राख्दै सङ्कीर्ण सोचाइद्वारा निर्मित सम्पूर्ण पर्खाल भत्काउन चाहन्छन् । कथाका मुख्य पात्रका रूपमा रहेका यी दुई नारीचरित्रका साम्यवैषम्यलाई मोटामोटी रूपमा तल देखाइन्छ ।

**सक्रिय र गतिशील**

**समलैङ्गिक चेतनाकी प्रतिमूर्ति : रीता**

क्रान्तिकारी विचारलाई सशक्त रूपमा प्रस्तुत गर्ने रीता एक्काईसौँ शताब्दीको खुलापनलाई आत्मसात गर्ने एक विद्रोही पात्र हो । उसको स्वभाव, रुचि र प्रवृति पुरुषहरूसँग मिल्दोजुल्दो छ । पढाइमा पनि कमर्सलाई छानेकी रीता प्यान्ट सर्ट लगाउन मन पराउने, शृङ्गारमा पटक्कै रुचि नभएकी र नारीसुलभ लज्जाबाट विमुख एक पात्र हो । जिन्दगीमा आइपर्ने हरेक चुनौती र समस्यालाई हाँक दिनसक्ने क्षमता भएकी ऊ पुरुषजातिलाई आफ्नो प्रतिद्वन्द्वीको रूपमा हेर्ने गर्दछे । 'हामी सेकेन्ड सेक्स होइनौं, फस्ट सेक्स हौं र हुनुपर्ने' भन्ने मान्यता बोकेकी रीताको सोच तथा व्यवहार क्रान्तिकारी, निर्भयी र पुरुषप्रति आक्रामक रहेको देखिन्छ । यौनजन्य क्रियाकलापहरूमा पुरुषीय शक्ति वा मर्दीपना भएकी रीता, सीतामा समलैङ्गिक भावना जागृत गर्नाका लागि प्रेरित गर्ने समलैङ्गिक चेतनायुक्त नारीपात्र हो । सीता सुतिरहेको कोठामा आएर उसलाई म्वाइँ खानु, शरीरमा स्पर्श गर्नुजस्ता यौनसम्पर्कका प्रारम्भिक कार्य गरेर सीतालाई यसतर्फ आकर्षित गर्न सफल भएकी रीताले यस कथामा यौनप्रवृतिमा अग्रणी भूमिका निर्वाह गरेकी छे । यौनपाशविकताको समेत प्रकटीकरण गर्ने रीताको क्रमशः सीताप्रति आसक्त हुँदै जानु, दिनहुँजसो सीताको शरीरसँग खेल्नु, सीताबिना बाँच्नै नसक्ने स्थितिमा पुग्नु, समलिङ्गीय जीवन अपनाउने निर्णय गर्नु र आफ्नो सम्बन्धलाई सुगम र अनुकूल बनाउन सीताको विवाह आफ्नै बूढो बाबुसँग गराइदिनुजस्ता कार्यव्यापारले रीताको सशक्त समलैङ्गिक प्रवृतिको उदाहरणलाई प्रस्ट पार्दछ । कुनै पनि परिस्थितिमा विचलित नहुने, समाजमा देखापर्ने अश्लीलता र पुरुषशोषण विरुद्ध लड्न आफ्नी साथीलाई घच्घच्याइरहने रीताको भूमिका यस कथामा सबैभन्दा सशक्त र निर्णायक

रहेको छ। रीता नारीभित्र लुकेर रहेको सबलता र सक्षमतालाई प्रदर्शन गर्ने नारी प्रतिनिधि पात्रको रूपमा उपस्थित पात्र हो।

**विवश भोगाइकी**
**समलैङ्गिक चेतनाकी प्रतिमूर्ति : सीता**

अन्तर्मुखी स्वभाव भएकी सीता नारीसुलभ गुणयुक्त पात्र हो। भावुक, कोमल तथा सहनशील नारीपात्रको रूपमा प्रस्तुत भएकी सीता कथाभरि कतै पनि स्पष्ट देखिँदैने। सीता परिस्थितिलाई स्वीकार्न र आत्मसात गर्नसक्ने खुबी भएकी पात्र हो तर उसले कतै पनि निर्णय लिन, खुलेर व्यक्त हुन सकेको भने देखिँदैन। पहिलो पटक रीताले उसको शरीरमा स्पर्श गरेर यौनेच्छा जागृत गराएपछि उसमा आएको बेचैनी, छट्पटी र द्विविधा र 'अभेद्य खाडलभित्र पसेको' अनुभूति हुनुले उसको विवशतालाई जगाउँछ। ऊ रीतासँग प्रतिवाद गर्न सक्दिन र रीतालाई कुनै प्रकारको तनाव दिन चाहदिन भन्ने कुरा उसको व्यवहारले देखाउँछ। रीताले 'म तिमीबिना बाँच्न सक्दिन' भन्दा ऊ केही नबोल्नु, 'बुबासँग तिमीले विवाह गर्नुपर्ने भयो' भन्दा ऊ आफैँभित्र चकराउनु र अल्मलिनुजस्ता क्रियाहरूले सीताको स्वैच्छिक स्वतन्त्रता धमिलिएको जस्तो देखिए तापनि तुरुन्तै ती प्रस्तावहरूको स्वीकारोक्तिबाट उसमा पनि केही न केही मात्रामा समलैङ्गिक चेतनाको प्रवृति रहेको पाइन्छ। सीता शिक्षित सचेत एक नर्स हो। उसमा पनि रीताकै जस्ता विचारहरू छन्। उसलाई पनि समाज एक सङ्गतिहीन व्यवस्थाजस्तो लाग्छ र यति हुँदाहुँदा पनि यस कथाका विभिन्न निर्णायक मोडहरूमा सीताले आफ्ना धारणा तथा विचारलाई स्पष्ट भन्ने हिम्मत गर्न सकेकी भने छैन। उसले अगाडि आएका हरेक समस्याको समाधान गर्न महत्वपूर्ण भूमिका खेलेकी छे, हरेक निर्णय र परिस्थितिलाई आत्मसात गरेकी छे। तसर्थ सीतालाई भावुक, धैर्यशील, सहनशील नारीपात्रको रूपमा लिन सकिन्छ।

यस कथामा दुई नारीपात्रका बीचमा भएको मित्रतात्मक सम्बन्ध एक समलिङ्गीमा स्थान्तरण हुनुमा विभिन्न कारणहरू देखापरेका छन्। ती कारणलाई सङ्क्षेपमा तल प्रस्तुत गरिन्छ।

– दुवै नारीपात्र आधुनिक, शिक्षित र सबल हुनाको साथै स्वतन्त्र पनि छन्। दुवैले सहरको सभ्य तथा आधुनिक वातावरणमा हुर्कने र पढ्ने अवसर पाएका छन् त्यसैले उनीहरूमा नयाँ चेतना र निर्णय गर्ने क्षमता छ। आ-आफ्नो रुचिअनुसार विषय छानेर पढ्न, आ-आफ्नै वैयक्तिक कुरामा निर्णय दिन उनीहरू स्वतन्त्र छन्। पराधीनता र दबाबबाट मुक्त उनीहरूको 'स्वतन्त्रता' नै समलैङ्गिकताको एउटा कारण हो।

– दुवै पात्रको मनभित्र गढेर रहेको आत्मसम्मान र स्वाभिमानको छापले गर्दा उनीहरू कसैसँग झुक्न तथा कसैको आश्रयमा बस्न चाहँदैनन्। आफ्नो जीवन सम्पूर्ण रूपमा आफैँले जिउनुपर्छ भन्ने मान्यता बोकेका उनीहरू निर्भीक र निर्विघ्न भएर स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छन्। आफ्नो स्वतन्त्रता र स्वाभिमानमा आँच आउन सक्ने सम्बन्ध स्वीकार्य नहुनु पनि यसको कारण देखिन्छ।

– परम्परावादी धारणा तथा रुढिवादी संस्कारको विरोधी यी पात्रहरू खुल्ला परिवेश र उन्मुक्त वातावरण चाहन्छन्। परम्परागत रूपमा चल्दै आएका विभिन्न मान्यता तथा अन्धविश्वास नै नारी विकासको बाधक हो भन्दै परम्पराले तोकेका सीमारेखालाई भत्काउने उत्कट अभिलाषा राख्नु पनि अर्को कारण देखिन्छ।

– नारीप्रति पुरुषले राख्ने गरेका धारणामाथि यी युवतीहरूले घोर प्रतिकार गरेका छन्। संस्कारको बन्धनमा जकडिएका नारीहरूलाई पुरुषहरूले कमजोर, अबला र दुर्बलताको रूपमा हेर्ने गरेको सन्दर्भलाई यिनीहरूले पुरुषको हैकमवाद र षड्यन्त्र मानेका छन्। यसरी पुरुषलाई आफ्नो प्रतिद्वन्द्वीको रूपमा उभ्याएर हेर्नु पनि यसको अर्को कारण हो।

– यौन प्राकृतिक गुण हो र शारीरिक आवश्यकता हो। यस कथाका नारीपात्रले पुरुषलाई त्याग्न सके तापनि यौनेच्छालाई दबाएर राख्न सकेका छैनन्। उमेरले ग्रहण गर्ने यौनचाहना वा यौनेच्छलाई कुण्ठित गर्न नसक्ने अवस्थामा पुगेका यी दुई पात्रका बीचमा बढ्दै

गएको घनिष्ठता, आत्मिक प्रेमका साथै शारीरिक आकर्षण नै समलिङ्गी प्रवृतिको बीज वा कारण हो ।

**निष्कर्ष**

आजको विश्वपरिवेशको समसामयिकतालाई समेटिएर लेखिएको *सीताहरू-२५* कथालाई नारी-समलिङ्गवादको केन्द्रीयतामा रहेर लेखिएको कथाको रूपमा लिइन्छ । कुनै पुरुषबिना वा उसको शोषणयुक्त सहयोगबिना पनि नारीहरू बाँच्न सक्दछन् भन्ने सोचबाट विकसित भएको नारी-समलिङ्गवादलाई प्रतिस्थापन गरिएको यस कथामा शीर्षक र प्रस्तुतिका दृष्टिले सीता मुख्य पात्रको रूपमा देखिए तापनि कथाको सशक्तीकरण र भूमिकाको दृष्टिकोणले हेर्दा केन्द्रीय भूमिका भने रीताकै देखिन्छ । कथाको अन्त्यतिर पैसट्ठी वर्षका बूढो बाबुमा सीतासँगको विवाहको कारणले आएको मनोवैज्ञानिक वरिवर्तनले पुरुषवासनालाई पनि झल्काएको छ । आफ्नी छोरीसहरकी नारीलाई हेर्ने नजर एकाएक बदलिनु, आँखामा कामुकता र मादकता झल्कनुले पुरुषले एउटी नारीलाई हेर्ने पुरुषवासना र आक्रमकतालाई पनि उद्घाटन गरेको छ । यस कथामा पुरुषकेन्द्री मान्यता र सिद्धान्तलाई तोड्नका लागि र त्यसलाई अस्वीकार गर्नका लागि सीता र रीताले समलैङ्गिक प्रवृति अँगालेका भए तापनि नारीस्वतन्त्रता र नारीमुक्तिको अन्तिम लक्ष्यका गन्तव्य समलिङ्गवाद भने होइन । यो त नारीवादको एउटा चरमवादी प्रवृति हो । नारीवादी स्वरको एउटा चरम प्रवृतिलाई कथाका रूपमा प्रस्तुत गरिएको यस कथालाई घटनाक्रमको शृङ्खलाबद्ध प्रस्तुतिले उत्कर्षसम्म पुऱ्याएको छ र विश्वपरिवेशका साथै नेपालको समलैङ्गिक चेतनालाई पनि यस कथाले देखाएको छ ।

गजल

# सहमतिको गीत



निमेष निखिल

जलेको बलेको छ मेरो तराई
थिए जो दिलैमा भए ती पराई

हिजोसम्म कस्तो थियो प्रेम हाम्रो
कहाँको कताको बनायौ मलाई

यता घाउ दुख्दा त्या हाँस्न थाल्यौ
म खोज्दैछु पानी, नदेऊ सलाई

सबै बिर्सिआऊ बितेका कुरा ती
मिलाएर साथी बनौं भाइभाइ

फलाऊँ फुलाऊँ छ नेपाल राम्रो
कहाँ जित्नु के नै छ माटो जलाई ।

*- सर्लाही, हरिभवन*

# बन्दढोका



चन्द्रकला नेवार

सबैको जीवनमा एकपल्ट बैंश उर्लेर आउँछ । जीवनको त्यो पाटा... जहाँ स्वयम् आफ्नो जीवनले समेत बुझ्न नसकेका रहस्यहरुको उद्घाटन हुँदैछ । रङ्गीन सपनाको मीठो तृष्णामा मानिस छट्पटाउँछन् । त्यो छटपटीमा जीवनको अलौकिक सौन्दर्य लुकेको हुन्छ । तर... यस्ता स्वप्नपय पलहरूले मासिनको जीवनमा धेरै धेरै घटनाहरूलाई जन्माउँछ ।

त्यस्तै ... त्यस्तै ... घटनाहरूबाट प्रभावित छोरीहरू आमाबाबुबाट टाढिन्छन् । छोराहरू आमाबाबु तथा धन-सम्पत्ति त्याग्न पछि पर्दैनन् । कोही प्रेमको परिभाषालाई आत्मसात् गर्दै आत्महत्या पनि गर्दछन् । अवश्य कहिलकाहीं पेटको ज्वालाअघि यी सबै तुच्छ बनेर जोखिम समस्याहरूको प्रस्तुत हुने गर्दछन् ।

गहनाले लादिएकी राधिका अप्सराजस्तै देखिएकी छे । जीवनमा उसले यतिविघ्न सूनका गहनाहरू देखेकै थिइन । यति ठूलो घर, नोकर चाकर... आजदेखि ऊ मालिकनी...! अबदेखि कहिल्यै पनि ऊ भोकभोकै बस्नु पर्दैन । आमाबाबु, भाइबहिनी सबै...सबै...खुशी देखिन्छन् । नीलो रङ्गको सिफनको सारीमा उसले आज आमालाई तरुनी देख्छे । बाबु पनि सधैं मातेर आमालाई कुट्ने मान्छे जस्तो लाग्दैन, भलाद्मी जस्तो लाग्छ ।

विहेमा खर्चगर्न घनश्यामले दश हजार दिएको छ । यो दश हजार उनीहरूलाई दश लाखजस्तो भएको छ । उसको परिवारको मूल्य निर्धारण भएको छ । उसको जीवनको लाजमर्दो सौदा गरे उनीहरुले...! दुलहीको भेषमा असहाय, निरीह नलीमा चढेको पाठोजस्तो निहुरेर बसेकी छे !

"यो घनश्याम कति नीच रहेछ...! जहिले पनि म त्यसको पसलमा जान्थें... गिद्धको आँखाले हेर्थ्यो । कस्तो पापी रहेछ...!!" उसको मनले हाहाकार गर्छ !

ऊ सम्झिन थाल्छे-

एककिलो चामल र आधाकिलो दाल बाँकी किन्न जाँदा घनश्यामले उसको भाइलाई लट्ठी देखाएर खेदेको थियो । भाइलाई बाँकी दिन अस्वीकार गरेपछि ऊ आफैं गएकी थिई । उसलाई देख्नेबित्तिकै मुसुक्क हाँसेर सोधेको थियो -

"चामल र दाल मात्र ? नून, तेल, घिऊ चाहिँदैन ?" ऊ छक्क परेकी थिई । उसको बुबा जाँदा पनि सधैं पैसाकै कुरा गर्थ्यो । एकहप्ता पहिले पनि उसले बुबालाई भनेको रहेछ-

"हरिशभाइ..., दश हजारभन्दा बढी भइसक्यो कहिले तिर्छौ ।"

"तिर्छु नि , तपाईं किन डराउनुहुन्छ ?"

"डराएको कहाँ हो र...? भरै बेलुका मेरो घरमा आऊ न, तिमीसित धेरै कुरा गर्नु छ ।"

बेलुका सातबजे हरिश घनश्यामको घरको गेटमा पुग्छ । उसले गेटमा यसो हानेको मात्र थियो गेटभित्र एउटा कालो कुकुर उफ्री-उफ्री भुक्न थाल्दा गेट बाहिर झन्डै दश मिनेट जति उभिन्छ । उसलाई फर्कूं फर्कूं लाग्छ । यतिकैमा गेट खोल्दै भन्यो - "ए... हशिभाइ, आऊ आऊ भित्रै आऊ न !" पहिले त उसले घनश्यामलाई चिन्नै सकेन । केश सबै कालो पारेछ । सेतो जुङ्गा खौंरिर सफा पारेछ । आज घनश्याम निकै हेन्डसम् देखिएको छ । उसलाई भित्र सोफामा लगेर बस्न लगाउँछ । सेन्टर टेबलमा थरीथरीका मासुका परिकार, चिउरा, आलको अचार भट्मासको अचार अनि एउटा नखोलिएको ठूलो भोट्काको बोतल । भोटकाको बोतल देखेपछि हरिशले सबै बिर्सिन्छ ! रातको बाह्रबजेसम्म घनश्यामसित बसेर रक्सी पिउँछ । सधैं पैदल हिंडने, कहिले कहीं बस र टेम्पोमा हिंडने मान्छे आज ट्याक्सी चढेर घर पुग्छ । आज उसले राधिकाकी आमालाई पनि कुटेन । सधैं एक-एक वटा निहुं खोजेर झौंक्किने, हल्ला गर्ने मान्छे, आज एकाएक गहिरो शब्दहीन नदीजस्तो शान्त देखिएको छ ।

भोलिपल्ट बिहान राधिकालाई बोलाएर आफ्नो छेउमा बसाउँछ । राधिकाका कपालमा आफ्नो औंलाहरू खेलाउँदै भन्न थाल्छ -

"छोरी, म गरीब बाबुले तिमीलाई कहिल्यै सुख दिन सकिनँ । तिमीहरूले चिनी नहालेको चिया खाएको महिनौं भयो । तिमीले नै भनेकी हौ 'बुबा, चिनी खाने पैसाले चामल किनौं ।' तिम्री बहिनी बाह्र वर्षकी भई । भाई नौ पुगेर दश लाग्यो, यिनीहरूलाई स्कुलमा भर्ना गर्न सकिएको छैन । आज म आफैँलाई साह्रै लाचार र असमर्थ ठान्न थालेको छु ।"

"बुबा, आज तपाईंले किन यस्ता कुरा गर्नुभएको ? ऊ मनमनै सोच्दछे- सायद उसलाई कसैको घरमा काम गर्न भन्नुहुन्छ होला...! बुबाको उत्तरको प्रतीक्षा नगरेर फेरि बोल्छे-

"बुबा, भन्नुस् न, मैले गर्नसक्ने कुनै पनि काम म गर्छु । घनश्यामकै घरमा भाँडा माझ्ने काम गर्नुपर्छ भने पनि म गर्छु । जसरी हुन्छ साहुको ऋण हामीले तिर्नै पर्छ बुबा...।"

"अब हामीले एक पैसा पनि तिर्नु पर्दैन छोरी ।"

"कसरी बुबा ?"

"तिम्रो हात घनश्यामको हातमा..."

"बुबा...!" ऊ फेरि बोल्न सक्दिन । मृत्युशैयामा परेको मानिसको वाक्य बसेजस्तै उसको वाक्य बस्छ । उसका सारा सपना झर्लम्म फुट्छ ! यत्तिकैमा ऊ सुप्त तन्द्राबाट व्यूँझेझैं हुन्छे । उसकी बहिनी कागजले बेह्रेको एउटा सानो पाकेट राधिकालाई दिँदै भन्छे-

"दिदी, यो नवीन दाइले दिनुभएको ।"

"नवीन दाइ...! कहाँ हुनुहुन्छ ?"

"ऊ...पर उभिरहनुभएको छ । बोलाउँदा आउनुहुन्न ।"

उसले यसो हेर्छे- टाढा उभिएर नवीन उसैलाई हेरिरहेको हुन्छ । नवीन उसलाई मनपर्छ । उसको आकर्षक बोलिचाली र आचरण उसलाई साह्रै मनपर्छ । सायद...नवीन पनि उसलाई मनपराउँदो हो...बिचरी राधिकालाई थाहा छैन । "देखेको कहाँ हुँदोरहेछ र...! लेखेको हुँदोरहेछ...!" लामो निस्वास फेर्छे !

सानै रूपमा भए पनि विवाह सम्पन्न भयो । घनश्याम सुत्ने कोठामा एक्लै टोलाएर राधिका बसिरहेकी छे ।

उसलाई बारम्बार नवीनको सम्झनाले सताइरहेछ। टाढा उभिएर टिठलाग्दो अनुहार पारेर एकहोरो उसैलाई हेरिरहेको सम्झन्छे। उसको मुटुमा गाँठो पर्छ। रुन्छे... निकैबेरसम्म। रुँदा रुँदै त्यहीं निदाउँछे।

शरीरभरि माउसुली सलबलाएजस्तो लाग्छ उसलाई। झल्याँस्स व्यूँझन्छे। आँखाहरू चनाखा पारेर हेर्छे, एउटा बूढो रूख ऊमाथि ढल्दैछ। आँत्तिएर दुवै खुट्टा उचाल्छे र कसेर हान्छे। रूख गर्लम्म ढल्छ। दगुर्दै गएर बाथरुमभित्र पस्छे, चुकुल भित्रबाट लगाउँछे र ग्वाँग्वाँ रुन थाल्छे। घनश्याम रीसले थरथर काँप्छ, दाहरा किट्दै भन्छ "तेरो ग्वाँ ग्वाँती रुने मुख च्यातेर कानसम्म पुऱ्याइदिन्छु पर्खेस्...!" भन्दै बाथरुमको ढोकामा मुड्की कसेर हान्न थाल्छ। राधिका झन चिच्याई...चिच्याई रुन थाल्छे। 'हरे... के सोचे होलान् वरिपरिका छिमेकीले !' भन्दै घनश्याम फेरि ओछ्यानमा गएर सिरानीमा अडेस लागेर बस्छ। दिनभरिको थकाईले आँखा झमक्क हुन्छ - त्यहीं निदाउँछ।

बन्दढोकाको च्यापबाट अँध्यारो छिचोल्दै रेसा रेसा उज्यालो उसको आँखामा पर्छन्। एक्कासी हड्बडाएर उठ्छ। राधिका कोठामा हुँदिन, ऊ झन् आत्तिन्छ। बाथरुमको ढोकातिर हेर्छ। ढोका बन्द नै हुन्छ। उसको रीस फेरि फर्किन्छ। ढोकामा जोडजोडले हान्छ तर कुनै सङ्केत नआएको देखेर काम गर्ने केटाहरूलाई बोलाउँछ। उनीहरूको सहायतले ढोका फोर्छ।

विधिको कस्तो विडम्बना...! सूनका गहनाहरू तिलहरी, शिरबन्दी, नौगेडी, सनका खुँदुवा बाला, सूनका औंठीहरू, चाँदीका पाउजु भूँइभरि छरिएका थिए। बाथरुमको झ्याल खुल्ला थियो। राधिका त्यहाँ थिइन। जीवनले लुकाइराखेकी कुनै अलौकिक सौन्दर्यको खोजीमा निस्किसकेकी थिई।

लघुकथा

# विशिष्ट व्यक्तिहरू



आराआराचौलागाईं

पत्रकार खबरप्रसादले अर्को हप्ताबाट आफ्नै सम्पादन/प्रकाशनमा एउटा पत्रिका निकाल्ने सोचाइ बनायो। उसले त्यो पत्रिका बेग्लै प्रकारको हुने होहल्ला मच्चायो।

थुप्रै एफ.एम.रेडियो र पत्रिकाहरूमा उक्त पत्रिकाको विज्ञापन एवम् प्रचार-प्रसार हुन थाल्यो। विज्ञापनको प्रमुख प्रचार यस्तो थियो - "अर्को हप्ताबाट प्रकाशित हुने फलानो पत्रिकाका प्रमुख आकर्षणहरू - देशका विशिष्ट व्यक्तिसँगको अन्तर्वार्ता, विशिष्ट लेखकको लेख, विशिष्ट कवयित्रीको कविता र विशिष्ट कथाकारका कथा आदिआदि...।"

सहरका मानिसहरू पत्रिकाको व्यग्र प्रतीक्षा गर्न थाले। हल्लाअनुसार पत्रिका निस्कियो पनि। पत्रिकामा विशिष्ट व्यक्तिको अन्तर्वार्ता, लेख, कविता र कथा सबै थिए। तर ती विशिष्ट व्यक्तिहरू पत्रकार खबरप्रसादका आफ्नै बुबा, आमा, श्रीमती र छोरा थिए।

*हेटौंडा-४, मकवानपुर*

# आँसुको पोखरीमा उत्रिएका 'सम्झनाका फूलहरू'

- *मुक्तिनाथ शर्मा*

मानव हृदय महासागरजस्तै हो । महासागरमा कति पानी छ थाहा पाउन सकिएको छैन । त्यस्तै हो मानव-मन पनि । अझ गहिरो र व्यापक हुन्छजस्तो लाग्छ मानव-मन । महासागरमा त पानी हुन्छ र पानीभित्र जलचर । मानव-मनभित्र त मनभन्दा पनि गहिरो हृदय हुन्छ । हृदयभित्र एउटा महत्वपूर्ण विषय साहित्यबीज हुन्छ । कुनै कुनै मान्छे त्यो साहित्यबीजलाई उमार्न सक्ने हुन्छन् । त्यस्ता मान्छेलाई साहित्यकार भनिन्छ । साहित्यकार आकाशमा विचरण गरेको बादल, हावा हुरी, घामपानीले बनाएको इन्द्रेणी आदिमा सौन्दर्यकला फैलिएको देख्छन् र बाङ्गिएको रूखको हाँगा हेरेर उसलाई कठिनाई परेको देखे-मानेर मायाले चुकचुकाउन पनि पछि पर्दैनन् । हावामा मगमग वासना आएको अनुभव गर्छन् । कसैको दुःखमा आँसु झार्न पछि पर्दैनन् र आफन्तको वियोगमा छटपटिँदा छटपटिँदै साहित्य सिर्जना गर्न पुग्छन् । त्यसरी सिर्जिएको साहित्यले पाठकलाई धुरुधुरु रुवाउन पुग्छ । हो, अहिले यस्तै एउटा साहित्यको सिर्जना नेपाली साहित्य जगत्मा वरिष्ट साहित्यकार श्री श्रीभद्र शर्माले गर्नुभएको छ - जसको नाम हो **सम्झनाका फूलहरू** ।

श्री श्रीभद्र शर्माजीलाई वरिष्ट साहित्यकार मात्र भनियो भने उहाँप्रति दर्शाउनुपर्ने आदर सम्मान अधुरो र अपूरो हुन्छजस्तो लाग्छ । किनभने उहाँलाई चिनाउनुपर्दा एउटा वरिष्ट राजनेता, राजनैतिक चिन्तक, पूर्वमन्त्री र समाजसेवी भन्नै पर्दछ । पाको उमेर भइसकेका शर्माजीलाई ठाउँ-ठाउँका साहित्यिक, सामाजिक र राजनैतिक समारोहहरूमा प्रायः देख्न पाइन्छ । त्यस्तै देश, काल र परिस्थितिअनुसारको उहाँका सुझाव, चिन्तन र विचार पत्रपत्रिकामा पढ्न

पाइन्छ । यहाँ अहिले सानो परिचय राख्न खोजिएको छ ।

श्रीभद्र शर्माकृत **सम्झनाका फूलहरू** एक शोकग्रन्थ हो । यस ग्रन्थमा चार वटा शोकका संस्मरण प्रस्तुत गरिएको छ । यो कार्य गर्दा साहित्यकार शर्मा धुरुधुरु रोएको र आफ्नै आँसुको पोखरीमा चुर्लुम्म डुबेकोजस्तो लाग्दछ । त्यति मात्रै होइन पाठकका आँखाबाट पनि आँसु झरेको पत्तै हुँदैन यो कृति पढ्दा । साह्रै मर्मस्पर्शी छ - यो शोक साहित्यग्रन्थ । यस्तो मर्मस्पर्शी शोकग्रन्थ लेख्दा आफन्तको वियोगमा तड्पेको साहित्यकारको मन कस्तो भयो होला, कसरी लेख्न सकियो होला र यो लेख्ने जड लेखनीनै पनि कसरी घिस्सियो होला ? पाठकलाई कल्पना गर्नसम्म पनि गाह्रो पर्छ होलाजस्तो देखिन्छ ।

श्रीभद्र शर्मालाई राजनीतिमा लाग्दा बेहोर्न परेका जेल-नेल आदि अप्ठेराले त्यति धेरै दुःखी तुल्याएनन् । सांसद हुँदा र मन्त्री हुँदाका सजिला-अप्ठेराले छोएनन् फुर्क्याएनन्जस्तो लाग्छ । किनभने हामी शर्माजीलाई सधैँ समान रूपमा देख्थ्यौँ । हँसिलो र भरसिलो पारामा फूर्तिलो देखिन्थ्यो शर्माजीलाई । तर यो पुस्तक पढेपछि थाहा पाइयो शर्माजीलाई आँसुको पोखरीमा डुब्न पनि परेको रहेछ । पुस्तक पढ्ने पाठक मनले यसो नभनी सुख्खै छैन ।

**सम्झनाका फूलहरू** वास्तवमा लेखकले पत्नी वियोगको छटपटीमा लेखेको देखिन्छ । त्यसै सम्बन्धमा एउटा भाइ बालककालमै दिवङ्गत भएको पीडा थपिएको छ । फेरि स्वर्गीय मातापिताको स्वर्गारोहण भएको रोदनका संस्मरण पनि यहीँ देखिएको छ । पछिल्लो र असह्य पीडा पत्नी-वियोगको हो । यसलाई संस्मरणका खोपाबाट झिकी शोक साहित्यको कारखानामा राख्दा लेखकको सिङ्गो जीवनीको फेहरिस्त झल्किएको देखिन आउँछ । तसर्थ यो ग्रन्थलाई लेखकको जीवनी वा जीवनवृत्तान्त पनि भन्न सकिन्छ ।

**सम्झनाका फूलहरू**मा पहिलो फूलमा छोटो सम्झना भाइ कासीको छ । दोश्रो फूलमा पिताजीको स्वर्गारोहण र तेश्रोमा मातृ वियोग उनिएको छ । चौथो फूलका रूपमा रहेको छ पत्नी वियोगको क्रन्दनकहानी । एकपत्र दिवङ्गत पत्नीका नाममा उप-शीर्षक छ यहाँ । कृतिको प्रमुख पाटो यहीँ हो । यहाँ विवाहदेखि वैवाहिक जीवनका सारा संस्मरण सुख-दुःख उकाली-ओराली सारा सर्लक्क पस्कने काम भएको छ । यहाँ लेखकले पहिली पत्नीको पनि अलिकति प्रसङ्ग उल्लेख गरेर आफ्नो इमानदारी निर्वाह गर्नुभएको छ । अरू बाँकी सबै-सबै दोश्री र खास पत्नी जोसँग लामो समय सुखमय जीवन भएर बित्यो अनि वृद्धावस्थामा वियोगको रसेटोमा जल्न पर्‍यो तिनै कथा व्यथा छन् । यी कथा तथा व्यथा साह्रै-साह्रै मार्मिक कथा र व्यथा भएका छन् ।

यो पुस्तकसम्म आइपुग्दा लेखक श्रीभद्र शर्मा एक दर्जन पुस्तकका लेखक भइसकेको देखिन्छ । अरू पुस्तक र यो पुस्तक मिलाएर हेर्ने पारखीले परख गर्न सक्छ यो पुस्तक लेख्दासम्म पनि लेखक रोइरहेकै हुनु पर्दछ । वियोगको घाउ पुरिएको थिएन । आँखामा आँसु आँसु थिए ।

पुस्तकको अन्त्यतिर आएर अर्थात् दिवङ्गत पत्नीलाई चिठीको पनि अन्त्यमा अति मार्मिक वाक्य राखिएका छन् - "तर प्यारी, के गर्नु र ? मन रमाइलो भए न बाहिर सबै रमाइलो देखिने हो ! जब तिमी नै छैनौ भने मेरो मन बाहिरी दृश्यले मात्र कसरी रमाइलो मानेर रमाउन सक्छ र ? जे होस् छोरा बुहारीको प्रयास हो बाबालाई सुविस्ता दिऊँ भन्ने, त्यो भएकै छ । मेरो बारे तिमीले चिन्ता पटक्कै नलिनू ! अैलेलाई यत्ति । फुर्सद पाए र जाँगर चलेपछि पछि अरू लेख्दै गरौँला ! लौ त अैलेलाई बिदा ।" *(पृष्ठ १७४)*

यसरी आँसुको पोखरीमा तैरिएको यो पुस्तक १७४+१२=१८६ पृष्ठमा विस्तारित छ । आवरण, कागज एवम् छपाइ स्तरीय छ । बीचमा रङ्गीन तस्विर पनि छन् । मूल्य रू.१५१/- राखिएको छ । साहित्यिक पाठकले मात्र होइन अरूले पनि पढ्नैपर्ने खालको छ **सम्झनाका फूलहरू** ।




कृति : **मुना टुसाएपछि**
*(कथासङ्ग्रह)*
कथाकार : *सरू पोखरेल*
आवरण : *वसन्तराज अज्ञात*
मूल्य : *रू. ६५/- र रू. २००/-*

"मानिसभन्दा त यही वैशाखी इमानदार छ ।" कथाको यथार्थवादी पात्र भएर यसरी बोल्ने कथाकार सरू पोखरेल कथा-लेखनमा पछिल्लो पुस्ताको नयाँ नाम हो । कथाहरूमा पाइने मनोविश्लेषण पक्ष उनको लेखनको महत्त्वपूर्ण विशेषता हो । उनीद्वारा लिखित ११ वटा कथाहरूको सङ्ग्रह **मुना टुसाएपछि**ले यही विशेषतालाई पुष्टि गरेको छ । सङ्ग्रहका सबै कथाहरू सुरुदेखि अन्तिम पङ्क्तिसम्म नै पाठकलाई आकर्षण दिइराख्न सक्षम छन् । विश्वासपूर्वक भन्न सकिन्छ, साहित्यको यो प्रतिस्पर्धी समयमा देखा परेको यस्तो आकर्षण कथाकारको सुनौलो भविष्यतर्फ लक्षित छ ।




कृति : **कथा ढुङ्गैढुङ्गाको**
*(किराँत लोककथा)*
कथाकार : *शुभ मुकारुङ*
प्रकाशक : *पञ्चकुमारी मुकारुङ राई स्मृति केन्द, पाँचथर*
आवरण : *वसन्तराज अज्ञात*
मूल्य : *रू. १००/-*

कथा मान्छेको मात्रै हुँदैन । कथा ढुङ्गाको पनि हुन्छ । यहाँ सन्दर्भ छ, ढुङ्गामा आधारित किराँती लोककथाहरूका । साङ्गीतिक क्षेत्रका प्रतिभाशाली स्रष्टा शुभ मुकारुङद्वारा लिखित **कथा ढुङ्गैढुङ्गाको**भित्र १५ वटा यस्ता लोककथा छन् - जुन कथा देशभित्र अवस्थित विभिन्न ठाउँमा रोचक किम्वदन्ती बोकेर रहेका ढुङ्गामाथि लेखिएका छन् । नेपाली साहित्यका पाठकहरूलाई छुट्टै रस दिलाउने किसिमबाट आएका सांस्कृतिक महत्वका यी लोककथाका ढुङ्गाहरू निर्जीव भए पनि सजीवझैँ लाग्छन् । लोककथाका अनुरागीहरूका लागि पुस्तक **कथा ढुङ्गैढुङ्गा** निकै पठनीय र मननयोग्य छ ।




कृति : **अनाम पहाडमा फनफनी**
*(नियात्रा)*
नियात्राकार : *युवराज नयाँघरे*
आवरण : *टेकवीर मुखिया*
प्रकाशक : *साझा प्रकाशन*
मूल्य : *रू. १४८/-*

नेपाली साहित्यको युवा पुस्तामा दह्रो कलम लिएर देखा परेका युवराज नयाँघरे मूलतः एक, प्रकृतिप्रेमी निबन्धकार हुन् । विशेषतः नियात्रात्मक निबन्धमा उनको हात माझिएको देखिन्छ । स्वच्छन्द शैलीमा झर्रा शब्दहरूमार्फत आफ्नो सिर्जनामा कलमको खुबी देखाउनुले यस तथ्यलाई स्पष्ट पार्छ । उनको पछिल्लो कृति **अनाम पहाडमा फनफनी**भित्रका नियात्राहरूमा यही तथ्यलाई पढ्न सकिन्छ ।

शिर्षक निबन्धसहित १७ वटा नियात्राहरू समावेश गरिएका यस पुस्तकमा समालोचक डा.गोविन्दराज भट्टराई लेख्छन् - "...उनी भावना र बिचार नछुट्टिने गरी लेख्छन्, यात्रा गरेको ठाउँमा जीवनका कष्टसँग सौन्दर्य नछुट्टिएको चित्र खिच्छन् । ...उनको भाषाको प्राञ्जलता र कोमलता सुन्दर गद्य कविताजस्तै छ ।"

यसमा दुई मत छैन, यात्रा गरिएको बखतको आफ्नो मनोभावना पेश गरेर नेपाली साहित्यको यात्रा-संस्मरण नामको विधामा आफ्नो नाम दर्ता गरेका/गराइका धेरै खालका घोषित/अघोषित नियात्राकारहरूका लागि **अनाम पहाडमा फनफनी**भित्रका नियात्राहरू चुनौती दिन सक्षम छन् । त्यो यसकारण पनि कि नयाँघरे कहीँ कतै उद्देश्यविहीन यात्रा मात्रै गर्दैनन्, र यात्रा गर्दा केवल भावनामा मात्रै बहकिँदैनन्, साहित्यिक पाठकका लागि स्वादिलो व्यञ्जन पनि पस्कन्छन् । यही नै उनको लेखनीको जीवन्तता हो ।



कृति : *मेदिनीस्मृति*

*(योग, ज्ञान र ओखतीमूलो)*

लेखक : *निर्मलकुमार आचार्य*

प्रकाशक : *रमिला आचार्य*

मूल्य : *रू. १५०।-*

नेपाली साहित्यको माध्यमिककालीन गद्यकार तथा पद्यकार मेदिनीप्रसाद नेपालका आयुर्वेद क्षेत्रका अनुसन्धाता, प्रयोक्ता थिए । **मोदिनीस्मृति**मा उनका गद्य तथा पद्य रचनाहरू सङ्कलित छन् । यी रचनाहरूको मूल विषयवस्तु योग, ज्ञान र ओखतीमूलोमा केन्द्रित छ ।

जन्ममिति यकिन नभएको तर वि.स. २००८ दिवङ्गत मोदिनीप्रसादद्वारा लिखित दस्तावेजको आधारमा लेखक निर्मलकुमार आचार्यले प्रकाशित गरेको यो पुस्तक **मेदिनीस्मृति** निकै उपयोगी छ । मूलतः ओखतीमूलोको सन्दर्भमा १५० भन्दा बढी जानकारी पुस्तकले दिएको छ । यसका साथै त्यससम्बन्धी स्रोतव्यक्ति; बाबुकाजी, रामगोविन्द वैद्य, हरिवल्लभाचारी वैष्णव, दारी सुवेदार आदि आयुर्वेदका ज्ञातासँग लिइएका जानकारीलाई मेदिनीले इमानदारीपूर्वक उल्लेख गरेका छन् - जुन इमानदारी आजको व्यक्तिवादी समाजका लागि ठूलो पाठ हुन सक्छ ।

मेदिनीप्रसाद स्वर्गद्वारी महाप्रभुका चेला हुन् । स्वर्गद्वारी महाप्रभुबारे पनि **मेदिनीस्मृति**मा जानकारी गराइएको छ ।

विश्वेश्वर-गिरिजाप्रसाद कोइरालाका मावली हजुरबा मेदिनीप्रसादको व्यक्तित्व एवम् उनको यो जानकारीमूलक दस्तावेजलाई लेखक आचार्यले मेदिनीका विज्ञान, प्रविधि आदि विषयप्रतिको खोजलाई समेत साङ्केतिक रूपमा उल्लेख गरेका छन् । त्यो सङ्केतले, मेदिनीले विज्ञान र प्रविधिको क्षेत्रमा सम्भवतः केही न केही योगदान पुऱ्याएका थिए भन्ने विषयमा गहिरोसँग खोज गर्न सकियो भने त्यसले ठूलो सार्थकता पाउन सक्छ भन्ने विश्वास लिन सकिन्छ ।



कृति : *जनमत कविता*

*भाग १ र भाग २*

*(कवितासङ्ग्रह)*

सम्पादक : *मोहन दुवालसहित ६ जना*

प्रकाशक : *जनमत प्रकाशन*

मूल्य : *रू. २००।-*

जनमत प्रकाशनद्वारा **जनमतःकविता** शीर्षकमा खण्ड एक र खण्ड दुई कवितासङ्ग्रहहरू एकसाथ प्रकाशित भएका छन् । छबिरमण सिलवाल, गीता त्रिपाठी, नीलम कार्की निहारिका, सिर्जना दुवालसमेतका सम्पादन मण्डललाई साथ लिएर मोहन दुवालको सम्पादकत्वमा प्रकाशित यी कवितासङ्ग्रहहरूको पहिलो खण्डमा १०७ जना कविहरूको कविता समावेश छन् भने दोस्रो खण्डमा १०३ जना कविका कविताहरू छन् । सङ्ग्रहमा अघिल्ला पुस्ताका केवलपुरे किसान, धुस्वां सायमिदेखि लिएर पछिल्लो पुस्ताका स्थापित कविहरूका दुई-दुई वटा वजनदार कविता समेटिएका छन् । एउटा उदाहरण हेरौं -

*... म भन्छु, मुटुविहीन देवताका लागि*
*मुटु फुटाएर रगत पोखिरहेछौ*
*भक्त सोधेर आऊ,*
*तिम्रो देवतासँग आत्मा छ कि छैन*
*तिम्रो देवताको छातीमा मुटु छ कि छैन ?...*

*('भोकाएका देवता': नीलम कार्की निहारिका)*

कवितासङ्ग्रहभित्र प्रत्येक कविताका साथ कविको परिचयसमेत राखिनुले सामान्य रूपमा हेर्दा पनि यी कवितासङ्ग्रहहरूमा सम्पादन मण्डलको ठूलो लगन र मेहनत मिसिएको स्पष्टै देखिन्छ ।

राज्यद्वारा अपहेलना गरिएको साहित्य-विषय त्यसमा पनि खास गरेर कविता विधाप्रति उपेक्षा पैदा गराएर कवितामाथि वितृष्णा फैलाउने खालको साहित्यिक-राज्य आतङ्कका विरुद्ध यी पुस्तकका सम्पादन टोलीले यसरी धावा बोल्नुलाई नेपाली साहित्यको शुभ सङ्केत मान्नुपर्छ ।

*- विमल*



विमल भौकाजी
bimalbhaukajee@yahoo.com

# यो प्रदूषित परिवेश

• • *हामीसँग खुट्टाहरू छन् / त्यसैले जुत्ता पनि छन्*
*र'त आफूलाई सुरक्षित ठानेर हिंडिरहेछौं*
*तर आश्चर्य !*
*पाइला-पाइलामा बिभ्काइरहेछ हामीलाई ।*

• *हामीसँग आँखाहरू छन् / त्यसैले चश्मा पनि छ*
*घोर आश्चर्य !*
*हेराइसँगै आँखा बिभ्काइरहेछन् हाम्रा ।*

• • *हिंड्नै जानेनौं कि हामीले !*
• *हेर्नै जानेनौं कि !*
*अन्यथा किन बिभ्काउँछन् पाइतालाहरू यसरी ?*
*किन भिज्छन् आँखाहरू यस्तरी ?*

• • *खोइ, कहीं काँडा देखिन्नन् बाटोमा*
• *कतै धूलो उडेको देखिन्न बतासमा ।*

• • *सायद, वातावरण नै दूषित छ / अत्यन्तै दूषित*
• *हिंडाइ नै दूषित सायद*
• *सायद, हेराइ नै दूषित*
• *सम्भवतः प्रदूषणले कहीं कसैलाई छाडेको छैन*
• *सब ठाउँमा प्रदूषण / सब मनमा प्रदूषण*
*मानौं प्रदूषण हाम्रो अपरिहार्यता हो*
• *बोल्छौं / बोलीमा प्रदूषण*
• *हाँस्छौं / हाँसोमा प्रदूषण*
• *मायामा प्रदूषण / प्रेममा प्रदूषण*

• •

• • *अनभिज्ञता व्याप्त छ*
*प्रदूषणसँग हाम्रो नाता कहिलेसम्म कायम रहने हो ?*


COMMEMORATIVE YEAR
50th
1953 - 2003
GOLDEN JUBILEE
Triumph on Everest
Be at the top with
EVEREST
BEER
EVEREST
BEER
EVEREST
BEER
GOLDEN JUBILEE
EVEREST
COMMEMORATIVE YEAR
50th
1953 - 2003
GOLDEN JUBILEE
Special
Limited Edition
EVEREST
Premium Lager Beer
"The Great Nepalese Beer" from Mt. Everest Brewery (P) Ltd.


IMAGE
CHANNEL
Available in over 70 countries | On-Air 24 X 7